विभो!



चन्द्रमणि प्रसाई

यसमां परामनोविज्ञानले अलि-
कति उद्रन सक्ने अन्तर्विक्षेपका
अनेक भावभङ्गिमाको योगदान
पनि छ । कवि चन्द्रमणिका
गद्यसङ्गीत विम्वविधान, व्यञ्जक
भाषाशैली, प्रस्तुति–संरचना, भाव
–मन्त्रणा र चिन्तन सरणी आदिका
विकासशील र निर्माणाधीन चरणमै
उनको कवि चेतलाई 'विभु'का
रहस्य–सङ्केतका परा–प्रकाशले
स्पर्श गर्दा उनका कविले भोगेको
कठोर प्रसव पीडाको साक्षी हो
यो 'विभो !' कृति ।"

–डा० प्रा० वासुदेव त्रिपाठी

नं. २६३३

दर्ता नं.
१७०६४

नि० आ० क्र० ~~२७१~~

यस
कति उ
अनेक
पनि
गद्यसङ्
भाषाश
—मन्त्र
विकार
उनको
रहस्य
स्पर्श
कठोर
यो '

—डा

बिभो!

चन्द्रमणि प्रसाई



891.491
PRA

प्रकाशक : मेची साहित्य-प्रकाशन
भद्रपुर, झापा ।
सर्वाधिकार : लेखकमा सुरक्षित
प्रथम संस्करण : वि. सं. २०४४
प्रति : ११००
मूल्य : ४१।५०
आवरण चित्र : टेकवीर मुखिया
भित्री चित्र : मदन चित्रकार
आवरण मुद्रक : जोरगणेश प्रेस प्रा. लि.
बालाजु काठमाडौं ।
मुद्रक : लुप प्रेस
ख १।३७३ बानेश्वर, काठमाडौं ।

मातृका प्रसाद कोइराला

मानोड
विराटनगर– ९
फोन– २२६२०
मिति– ४ श्रावण ०४४

शुभ–कामना

श्रीचन्द्रमणि प्रसाईं, (रंगेली निवासी) वाट रचित खण्डकाव्य "विमो" को पाण्डुलिपि हेर्न अवसर पायें। रचनामा वहाँको प्रतिभा प्रस्फुटित भयेको पाइन्छ साथै नवोदित कविको काव्यमा हुनुपर्ने प्रसाद गुणको प्रशस्त झल्को पाइन्छ, यस्ता कृतिका प्रकाशनले निश्चय हाम्रो साहित्य र समाज दुवैलाई ठूलो शोभा वृद्धि गराउने छ भन्नमा अत्युक्ति हुन्न। यस्ता रचना प्रकाशनका लागि समाजका समृद्धिप्राप्त व्यक्तिहरूले सहयोग गर्नुहुने कुरामा म आशावान् छु। लेखक कवि अकिंचन नै हुन्छन्– समर्थवान्ले सघाउ नगरे प्रतिभा कुण्ठित भयो समाजले पाउने सांस्कृतिक लाभको खति हुनेछ। कविको प्रस्तुत रचना प्रकाशनमा समाजको सबदो सहयोग सबैबाट हुने विश्वास राख्दै रचनाकारको उज्ज्वल भविष्यको शुभ–कामना गर्दछु।

मातृका कोइराला

96088

मन्तव्य

कवि चन्द्रमणि प्रसाईंको कृति 'विभो' को पाण्डुलीपी मैले खुबै अभिरुचि लिई पढें । 'प्रभु' को संबोधन 'प्रभो !' भए जस्तै 'विभु' को संबोधन रूप हो 'विभो !' 'विभु' त्यही हो जो सर्वगत, सर्वव्यापक, नित्य अविनाशी र सर्वशक्तिमान् छ । 'विभु' को फलितार्थ 'ईश्वर' हुन आउँछ र 'विभु' को मित्रशब्द 'विराट्' हुन सक्छ । यस कविताकृति अन्तर्गत १२६ लघु कविता शीर्षकहरू छन् र 'विभु' लाई 'तिमी' वा 'तँ'का स्वरूपमा संबोधित गर्दै कविको 'म' को स्फुट भावाभिव्यक्ति प्रत्येक शीर्षकको कविताले गरेको छ । यस तात्पर्यमा 'विभो !' विभुप्रति संबोधित कविता संग्रह हुन आउँछ तर यी प्रत्येक स्फुट कविता 'विभु' प्रति कविका 'म' का संबोधनका सँगमा उनिई यिनमा क्रमिक भाव विकास तथा एकान्विति कायम रहेको देखिएकाले यसमा स्थूलाख्यानरहित खण्डकाव्य आयाम समेत देखापर्छ । त्यसैले 'विभो !' लघुकविता संग्रह जस्तो भएर पनि खण्डकाव्यधर्मी प्रयोगको कृति हो ।

यस 'विभो !' कविता कृतिमा रहस्यवादको सेरोफेरो प्रचुर मात्रामा देखापर्छ ; यसलाई राम्ररी आस्वादन गर्नका निम्ति नेपाली कवितामा स्वच्छन्दतावादभित्रको एक विशेष अंश रहेको रहस्यवादी काव्यधारा अनुरूपको मानसिकता निकै सहायक हुन सक्छ । यस क्रममा महाकवि लक्ष्मीप्रसाद देवकोटाभन्दा पनि कवि भवानी भिक्षुका कविताको रहस्यपरिधानको निकटता 'विभो' मा भेट्न सकिन्छ तर कवि चन्द्रमणिका आफ्नै स्तर र अवभाषा यहाँ छन् । कवि भिक्षुका रहस्यधर्मी कविताहरूको क्लिष्टता संझना कवि चन्द्रमणिका कतिपय कविताले पनि केही मात्रामा गराउँछन् । प्रसिद्ध सन्त–सूफी कविहरूको विचारसरणी परमात्मा र जीवात्माका अन्तः संबन्धका निर्दिष्ट प्रतीक व्यञ्जनले गर्दा बोधगम्य हुने गर्दछ भने कवीन्द्र रवीन्द्रनाथ ठाकुरका रहस्यवादी कृतिहरूमा सूफीवाद नवयुगीन विस्तृति र गहिराइमा 'गीताञ्जलि' जस्ता कृतिहरूमा सुसंप्रेषित रहेको छ । कवि र

चिन्तक दुवैका परिश्रम र समीकरण विना रहस्यवाद समृद्ध र सुसम्प्रेष्य कविता काव्यमा परिणत हुँदैन । यस चुनौतीको सफल–विफल सामना आधुनिक हिन्दी रहस्यवादी काव्य कविताले पनि गरेकै हुन् । कवि चन्द्रमणि प्रसाईंको 'विभो !' मा रवीन्द्रनाथको अवचेत उत्प्रेरणाको सामीप्य केही मात्रामा भेटिन्छ तर परिश्रक र सफाइका सन्दर्भमा चाहिं भिक्षुको जस्तो क्लिष्टता आपना पाराले आपना मात्रामा यहाँ फेला पर्छ । आधुनिक रहस्य-वादी कविले विज्ञानको विकास क्रमसँग परिचित रही आपनो चेतनाको गूढ अन्वेषणलाई चिन्तनका मसृण चापमा आपना भाव–भाषा र शिल्प व्यञ्जनालाई मुछेर संप्रेष्य संरचना दिनुपर्ने कुरा रवीन्द्रनाथका शक्ति र भवानी भिक्षुका कसर क्लिष्टतावाट स्पष्टिएकै हो । कवि चन्द्रमणिको यो रहस्य यात्रा आपना कविताका प्रारंभिक प्रहारका परिप्रेक्ष्यमा उत्साहजनक प्राप्ति हो भन्नै पर्छ ।

कवि चन्द्रमणि प्रसाईंको चेतनलोकका अन्तर्तरङ्गहरूले 'विभु' संगका उनका संवाद (करेस्पोन्डेन्स) र त्यसका विविध भाव- बोधक्रमलाई प्रेम र सृजनका विभिन्न विशिष्ट मनोदशा समेतका माध्यवाट 'विभो !' मा प्रकट गरेका छन् । यसमा परामनोविज्ञानले अलिकति उघ्रन सक्ने अन्तर्विक्षेपका अनेक भावभङ्गिमाको योगदान पनि छ । कवि चन्द्रमणिका गद्यसङ्गीत विम्बविधान, व्यञ्जक भाषाशैली, प्रस्तुति–संरचना, भाव–मन्त्रणा र चिन्तन सरणी आदिका विकासशील र निर्माणाधीन चरणमै उनको कवि चेतलाई 'विभु' का रहस्य–सङ्केतका परा प्रकाशले स्पर्श गर्दा उनका कविले भोगेको कठोर प्रसव पीडाको साक्षी हो यो 'विभो !' कृति । यसको साक्ष्य यस कृतिका अनेकानेक स्थलमा पाइन्छ भने उनासिओं कविता 'भण्डार' बाट त्यस्ता केही हरफ तल उद्धृत छन् :-

"आज मेरो आत्मालाई केले देख्यो
आज मेरो शरीरलाई केले छोप्यो
मेरो मगज लट्टचाएर पट्टचाएर
केले लिएर हिंड्यो लग्यो लग्यो मेरो मगज !"

× × ×

'आज आकाशमा साउनका मेघ झैं
द्रव रसपूर्ण भरिए झैं
सधैं आकाश ढाकिए झैं मलाई

छोडेन–छोडेन–उद्रेन
यो आकाश"

यस्तै 'विभो !' को त्रियासियौं कविता 'प्रेमको विद्रोह' मा पनि त्यो रहस्योन्मुख विक्षेप व्यक्त भएको छ तर यहाँ परंपराप्राप्त प्रेमी-प्रेमिका विम्बको स्वायत्त अभिमन्त्रण समेत पाइन्छ । यसका केही पङ्क्ति तल उद्धृत छन् :–

"विभो !" तिमीसित प्रेमको विद्रोह
गरूँ–गरूँ लाग्छ—मसित जे छ
मलाई तिम्रो त्यो अनन्तताको
प्रेमको भण्डार खोसेर ल्याऊँ ल्याऊँ लाग्छ ।"

× × ×

"यहाँको मरन्च्यासे प्रेमले
म विरोलिएँ — म झिरोलिएँ
यो रोगी प्रेम यो भोगी प्रेम
आएँ म — यहाँको प्रेमसँग जुध्दै जुध्दै
तिम्रो प्रेमको भण्डारमा पस्न !"

'विभो !' का अधिकांश कविता यति सुल्झिएका र संप्रेष्य छैनन् भने केही कवितांश यी पङ्क्तिभन्दा माथि उठेका पनि छन् । मलाई 'विभो !' को छयासिऔं 'उद्घाटन हुन' कविता पनि मन पऱ्यो; यसमा कविको सृजनचेत आपनै सीमा र संभावनाको बोधसहित सग्वगाएको छ; जस्तै :

"ए आत्मा — तँ यति साह्रो न जाग् न
तँलाई सत्यमा टेकिन समय बाँकी छ
ए आत्मा यति साह्रो जागरूक नहो न
त्यहाँ ढोका खुल्न बाँकी छ
तँ हडबड नगर गडबड हुन सक्छ
तँ न आँतिई न त्यहाँ सलेदो र सलाई मिश्रण बाँकी छ"

× ×

"त्यो अखण्ड सभा बस्न बाँकी नै छ
त्यो विश्वशोभा फुल्न बाँकी नै छ"

× ×

"वरणको निम्ति वर आउन बाँकी नै छ ।"

सापेक्ष रुपमा विचार गर्दा 'उद्घाटन हुन' भन्दा पहिलेको कविताका तुलनामा यसपछि लेखिएका कवितामा 'विभो !' का कविको कवित्व बढी संप्रेष्य र चहकदार पनि छ ।

'विभो !' कवि चन्द्रमणिको एक उत्साहप्रद शुरुआत हो । यहाँ उनको कवि छट्पटाइरहेको छ र उनको कवित्व चलमलाई रहेको छ । कविता रचना एउटा विशिष्ट अनुष्ठान हो र राम्रा कविता लेखन निकै लामो आत्म–मन्थन र आत्मान्वेषणका साथै आत्मसाधना अपेक्षित हुन्छ ; यस कठिन र लामो यात्राले उनलाई निम्त्याएको छ । पुराना नयाँ पूर्व—पङ्क्तिमका स्वदेश–विदेशका आफ्ना आत्माका अनेक कविताको वृहत् अवलोकन तथा कवितातत्वको सही पारख र प्रयोगका दीर्घ आत्म–अभ्यासका क्रममा नै कविता कलाका सौन्दर्यका तहपछि तह उघ्रिंदै आई चिरञ्जीवी काव्यकविताको शृङ्खलालाई आजका हाम्रा युवा कविहरूले समात्न सक्छन् । यस शुभयात्राका निम्ति कवि चन्द्रमणि प्रसाईंको प्रतिबद्धताको आह्वान गर्दै म उनको युवा प्रतिभा-लाई फूलपाती लगाइदिन्छु । उत्तरोत्तर सृजनात्मक सफलताको पथतर्फ लम्किनका निम्ति उनीप्रति मेरा सहस्र शुभेच्छा छन् !

बानेश्वर काठमाडौं
२०४४ साउन २४ गते

— वासुदेव त्रिपाठी

शुभकामना

भन्नेलाई फूलको माला र सुन्नेलाई सुनको माला, भनी हाम्रा नेपाली पुर्खाहरूले हामीलाई फर्सले केही भनेको सुन्नुमा रहेको महत्तातर्फ आकर्षित गराउने गरेको युगौं बितिसक्यो, तैपनि सुन्ने र सुनेर सुनको माला भिर्ने रहर हाम्रा नेपालीहरूमा अझै सन्तोषजनक रूपमा पैदा भै नदिनु त्यसै त्यसै मन हुँड़लिएर अनि बटारिएर आउने कुरो हो । हाम्रा स्रष्टाहरूलाई सुनको मालाको लोभ छैन । परम्पराले प्रदान गरेको फूलको मालामै ती सन्तुष्ट छन् । हो, ती स्रष्टा केवल फूलको मालाको अधिकारी छन्, किनभने ती भन्ने हुन्, मनका भावनाहरूलाई कलमका टुँडाले कोरेर केही अभिव्यक्ति प्रदान गर्ने प्राणी हुन् ती । चतुर्थ देशव्यापी साहित्य सेमिनारको आयोजना सं. २०२७ तिर विराटनगरमा भएका बखत यस्ता प्राणीहरूलाई प्रत्येक सहभागीले वाणीपुत्र भनेको सुन्न पाइन्थ्यो । छाँटले यो वाणीपुत्र भन्ने उपाधि नै त्यो फूलको माला थियो जसको प्राप्तिको आश्वस्त बनी स्रष्टा घोर उपेक्षा र निराशाको वातावरणमा पनि कत्ति हरेस नखाई केही लेख्दै जान्थ्यो—कि नाटक, कि निबन्ध, कि नियात्रा, कि प्रबन्ध, कि कथा, कि एकाङ्की, कि उपन्यास, कि महाकाव्य, कि स्फुटकाव्य, कि गीतिकाव्य र कि खण्डकाव्य ।

अचेल वाणीपुत्र भनी लेखक वर्गलाई प्रेरणा दिन छोडिएको छ । साहित्य र संस्कृतिको क्षेत्रमा झण्डै झण्डै निठुरी बनिसकेको छ मोरङ्ग जिल्लाको आकाश । यदि यस्तो प्रतिकूल परिस्थितिमा पनि यहाँ कवि-लेखकहरू अझै जीवित रहन सकेका छन् भने त्यो नेपाली भाषाको वर्चस्व गुणको परिचायक हो ।

आजभन्दा १६ वर्ष पूर्व काठमाडौंको धर्मसड़क (सिफल)को ६/३ नम्बर को घरमा बस्ने कुनै एक धर्म प्रचारकले 'स्वधर्म र स्वराष्ट्र' शीर्षकको आफ्नो पुस्तिका यसै मोरङ्ग जिल्लाको सदरमुकामको पायोनियर प्रिन्टिङ प्रेसमा छपाएका थिए । उक्त पुस्तिकाका जम्मा ६८ पृष्ठ थिए । त्यहाँ ती धर्मप्रचारकले सनातन-धर्मको कदर गरेर नै नेपाल राष्ट्रको प्रतिष्ठा हुने

कुरो बताएका थिए । तिनले सनातन धर्मको प्रचारबाट नेपाल कैं हिन्दू अधिराज्य लाभान्वित हुने आश्वासन पनि दिएका थिए । धर्मप्रचारक तिनै हुन् । विराटनगर उही हो । हिन्दू अधिराज्य नेपाल पनि उही हो, तर तिनले भर्खरै यहाँ आएर एक मुठी राजस्थानी व्यापारीहरूलाई भेला पारेर हिन्दीमा धार्मिक प्रवचन छाँटेर गए । हामी विराटनगर निवासीहरूको आगमनस्रोत जुनसुकै भए पनि, हाम्रो साझे माध्यम नेपाली भएको हुँदा प्रवचन नेपालीमा हुनुपर्छ भनी हाम्रा युवकहरूले करजोरी बिन्ति गर्दा पनि ती महानुभावले टेरेनन् । तिनले जवाफ दिए—विराटनगर सीमामा बसेको शहर भएकोले यहाँ उनको प्रवचन हिन्दीमा हुनेछ । चाहे भोट होस् चाहे मधेस, आज नेपालको प्रत्येक स्थलले नेपालीयताको साझे पगरी गुथी राष्ट्र विकासमा अघि सर्नुपरेको छ । एकातिर हामीले राष्ट्रभाषा नेपालीको विकास गर्नुछ भने अर्कोतिर आपना स्थानीय भाषा (भोजपुरी, मैथिली अवधी, नेवारी, तिब्बती, मगराँती, गुरुङ्गी इ.) को पनि विकास गर्नुछ । यसरी क्षेत्रीयता र राष्ट्रियताको पारस्परिक सहयोगबाट राष्ट्रको उत्थान गर्ने गुरुतर भारी बोक्ने वेलामा विराटनगर कैं स्वाभिमानी शहरमा आएर एकजना नकचरो धर्मप्रचारकले विराटनगरलाई 'बोर्डर' वा सीमानाको संज्ञा दिने आँट गर्दछ र यहाँको माध्यम एक विदेशी भाषा (हिन्दी) लाई प्रस्तावित गर्दछ भने उसले के कुरो बिर्सेको हुनुपर्छ भने यो त्यही विराटनगर हो जसले आज भन्दा अट्ठाईस वर्षअगाडि राष्ट्रभाषा नेपालीको पक्षमा र विदेशी भाषा हिन्दीको विपक्षमा ठूलो युद्ध गरेको थियो । त्यस घटनालाई विराटनगरको इतिहासमा 'भाषा काण्ड' भनिने गरेको छ । तर आज अट्ठाईस वर्षपछि धर्मप्रचारको नाममा विदेशी भाषाको माध्यम स्वीकार गरी एक धर्मप्रचारकले विराटनगरलाई मात्र होइन सारा नेपाललाई नै हाँक दिएका छन् । यसरी धर्मप्रचारको आडमा विदेशी भाषा र संस्कृतिको प्रचार गर्न केही स्वनामधन्य चैतन्य 'महाप्रभु' हरू जमजमाइरहेको वेलामा प्रकाशित हुन गइरहेको यस कविता–सङ्कलोको विशेष महत्त्व छ ।

प्रस्तुत कविता–सङ्कलोका रचयिता हृनुहुन्छ गौरादह निवासी श्री चन्द्रमणि प्रसाईंज्यू । झण्डै दुई वर्ष पूर्व श्री ५ महाराजाधिराज सरकारको पूर्वाञ्चल विकास क्षेत्रमा सवारी भएको सुवर्ण अवसरमा धनकुटामा आयोजित कविगोष्ठीमा सहभागीको रूपमा भाग लिन इच्छुक एक भद्र र सुशील नवयुवक पनि गएका थिए । मैले निजको नाम चन्द्रमणि भएको र निजको रुचि कविता लेखनतर्फ निकै भएको चाल पाएको थिएँ त्यसै वेलामा ।

परन्तु संयोगवश दुई वर्ष पूर्वको उक्त गौरवमय कवि–गोष्ठीमा कविता सुनाउने अवसर तो नवयुवकलाई मिलेन । तर आज दुई वर्ष पनि बित्ता-नबित्तै एक सुन्दर आकृति प्रदान गर्न सफल हुनुभएको छ श्रीचन्द्रमणि प्रसाईं आफ्नो प्रस्तुत काव्य 'विभो' लाई । यति छिटै यति धेरै सफल हुन सक्ने उहाँ कै उत्साही स्रष्टालाई सफलताको अझ अग्लो चुचुरामा पुग्न धेरै समय लाग्नेछैन भनी सजिलै अनुमान गर्न सकिन्छ ।

फूलको मालाको अधिकारी 'भन्ने' को कुरो सकियो । अब सुनको मालाको अधिकारी 'सुन्ने' बारे पनि केही कुरो गरौं । कविले सम्बोधन गरेका छन् 'विभु'लाई बडो सुमधुर र लयालु भाषामा 'विभो' भनेर । यसकारण 'विभु' नै कविका दृष्टिमा सुनको मालाको अधिकारी वा सुन्ने ठहरिन्छ । उक्त विभुको खास परिचय आफ्ना तरफबाट दिन नचाहनु नै प्रस्तुत काव्यको एउटा विशेषता हो । कुनै धार्मिक व्यक्तिका दृष्टिमा विभु सृष्टिकर्ता परमेश्वर पनि ठहरिन सक्छन् । कसैले यस पदलाई कुनै पनि निर्णायक वा परम सत्ताधारीको पर्यायका रूपमा ग्रहण गर्न सक्छन् । मैले भने कवि प्रसाईंको विभुको अर्थ जेसुकै भए पनि त्यसभित्र सुन्ने श्रोता अथवा पाठकको समेत समावेश भएको पाएको छु । अझ पाठकमध्ये पनि सबैभन्दा तीक्ष्ण श्रवणशक्ति हुने चाहिलाई कविको श्रेष्ठ विभु स्वीकार गर्न मलाई मन लागेको छ । सुन्न पनि सक्ने, सुनेर केही गुन्न पनि सक्ने, अनि गुनेर केही गर्न पनि सक्ने पाठकमध्ये भने पक्कै सर्वोत्कृष्ट तहका विभु ठहरिएलान् । यस्तै केही अर्थ लगाएका खण्डमा मात्र कवितामा निहित आशयको कदर हुने मलाई विश्वास छ । अन्यथा इन्द्रिय विहीन कुनै बहिरो वा लाटो मूर्तिलाई अथवा इन्द्रियभन्दा माथिको कुनै आध्योन्द्रिक सत्तालाई विभु मान्ने हो भने सुनेर सुनको माला भिर्ने पक्ष कमजोर हुने कुरो स्पष्ट छ । एक पाठकका नाताले प्रस्तुत काव्यलाई अनेकौं पल्ट सुन्ने अवसर पाएका आधारमा म के भन्न तयार छु भने अरूका निम्ति कवि प्रसाईंका विभु जेसुकै भए पनि पाठकको निम्ति भने त्यो फगत पाठक हो–देशभित्रको पौने दुई करोड र देश बाहिरको पचहत्तर लाख गरी जम्मा अढाई करोड नेपाली पाठक अर्थात्–पच्चीस मिलियन पाठक । यति ठूलो पाठक संख्या भएको नेपाली भाषा र साहित्यको भविष्य उज्वल छ भन्ने कुरोको प्रमाण प्रस्तुत काव्यले नै पेश गरेको छ । आज विश्वको त के नेपालमै पनि चर्चामा आइनसकेको गौरावह पनि सुटुक्क केही सफल कवि (कवि चन्द्रमणि प्रसाईं, कवि सोमराज अभय इ.) लाई जन्माउन सफल

भइसकेको छ। यस्ता गीरादहहरू अरू पनि भिन्नभिन्नै कति जन्मिसकेका होलान्, जसको खोजी हुनु बाँकी नै छ। परन्तु उपर्युक्त धर्मप्रचारक र्‍हे मोरङ्ग जिल्लालाई 'बोर्डर' घोषित गर्दै विदेशी भाषाको प्रयोग गर्नेलाई के थाहा यस्ता गीरादहहरू मोरङ्गमा अनेकौं छन् र हुँदै जानेछन्।

अन्त्यमा म प्रस्तुत काव्यको विधागत पक्षमा पनि केही भनिहालूं। प्रयोगका दृष्टिले यो नौलो भएकाले यसलाई नव्य काव्य पनि भन्न सकिन्छ। फेरि यसमा संग्रहीत प्रत्येक कविताका स्वतन्त्र स्फुट काव्य हुँदा–हुँदै पनि एक साझे तत्त्व (विभु) ले तिनलाई नियन्त्रण गरेको हुँदा अथवा सूर्यका चारैतिर ग्रह– उपग्रहादिहरूले परिक्रमा गरे र्‍हे विभुरूपी सूर्यका चारैतिर शीर्षकरूपी ग्रहग्रहदिहरूले परिक्रमा गरेको हुँदा प्रस्तुत काव्यमा अखण्डित प्रवाह छ तापनि त्यो अनेकौं खण्ड (शीर्षक) हरू मा विभाजित खण्डकाव्य पनि ठहरिन सक्छ। यति मात्र होइन प्रत्येक शीर्षक एकार्काबाट मुक्त भएर पनि ती एक समान भावभूमि मार्फत एकार्कासित युक्त पनि भएकोले यसलाई नव्यकोष काव्य पनि भन्न सकिन्छ। अर्थात् स्फुट कोष काव्य केवल मुक्तकहरूबाट मात्र होइन स्फुटकाव्यबाट पनि कोषकाव्य जन्मन सक्ने कुराको यो एक दसी हो। अतः यस अर्थमा यो प्रयोगवादी कृति पनि हुन आएको छ।

पुछारमा म गफिन चाहन्छु कवि प्रसाईंसित। कविज्यू दुई वर्ष पूर्व कहाँ हुनुहुन्थ्यो तपाईं तर दुई वर्षपछि कहाँ आइपुग्नुभयो। म तपाईंको यस लगन र साधनाको मुक्त कण्ठले प्रशंसा गर्दै तपाईंलाई के साधुवाद चढाउन चाहन्छु भने आगामी दुइ वर्षपछि तपाईं अझ अहिलेको भन्दा उत्कृष्ट, अहिलेको भन्दा प्राञ्जल र अहिलेको भन्दा सम्प्रेषणीय हुन सफल हुनुहोस्। तपाईंमा उत्तरोत्तर सम्प्रेषणधर्मको विकास हुँदै जाओस् र तपाईंको काव्य राष्ट्रिय गरिमाको प्रतीक हओस्। यति भन्दै म आफ्नो छोटो गन्थन यहीं टुङ्ग्याउँछु।

–बालकृष्ण पोखरेल

मिति २०४२/५/२५ बिराटनगर

मेरो पनि यही शुभकामना छ

कवि चन्द्रमणि प्रसाईंको 'युग–ज्योति' खण्ड काव्य (२०४१) पढ्न पाएको थिएँ। त्यो काव्यमा मैले भेटेको एउटा कोमल काव्य किशोर कवि यो पल्ट अर्कै रहस्यवादी प्रौढ दार्शनिक कविका रूपमा 'विभो' कोशकाव्य (२०४४) को पाण्डुलिपि प्रकाशनका लागि लिएर आएको देख्ता एउटा सहकर्मीका उन्नतिमा मैले पनि उत्साहको अनुभव गरेको छु। उहाँको अर्को काव्य 'प्रिय–प्राण' पनि तयार भएको रहेछ। पाण्डुलिपिकै अवस्थामा भए पनि 'प्रिय–प्राण' समेत पढ्न पाएकोमा मलाई कवि प्रसाईंको उर्वर काव्य व्यक्तित्वको प्रशंसा गर्न मन लागेको छ।

२०४१ सालमा छापिएको 'युग–ज्योति' खण्डकाव्यका आवरण पृष्ठमा उल्लेख गरिएका १. 'आत्मोत्सर्ग' खण्डकाव्य २. 'अनुभूति' खण्ड–काव्य ३. 'सन्देश' लघुकाव्य ४. 'अनुराग' महाकाव्य ५. 'मेरो कविता' कविता संग्रह भाग १ ६. 'कविता संग्रह' कविता संग्रह भाग २ ७. 'मन' निबन्ध संग्रह जस्ता अप्रकाशित कृतिहरूका सूचिमा नपरेका यी दुई नौला काव्य कृतिहरू देख्ता कवि प्रसाईंको काव्य व्यक्तित्वप्रति शङ्का गरिरहनु पर्ने आवश्यकता रहदैन। अब त हामीले विश्वस्त भएर भन्नुपर्ने हुन्छ 'गौरावह, कृपाका सफल कवि सोमराज 'अभय'का सहकर्मी उत्साही कवि चन्द्रमणि प्रसाईंज्यू, तपाईंहरूप्रति नेपाली साहित्यले ठूलो आशा राखेको छ, भविष्य उज्वल पार्न बाटो नछोड्नुहोला।'

कवि चन्द्रमणि प्रसाईंको प्रकाशित पहिलो खण्डकाव्य 'युग–ज्योति' शास्त्रीय वर्णमातृक छन्दमा लेखिएको भए तापनि प्रस्तुत कोश काव्य 'विभो' चाहिं आधुनिक गद्य कविताका रूपमा लेखिएको रहेछ। १२६ वटा फुटकर कविताहरू लिएर पनि व्यापकताबोधक विभुको काव्यरूप उदात्त 'विभो' सँग सूत्रात्मक सम्बन्ध कायम राख्ने आत्मतत्त्व 'म' का संयोजनले प्रस्तुत काव्यकृति कविताहरूको संग्रह मात्र नभई १२६ खण्डको एउटा सुहाउँदो कोश काव्य बन्न पुगेको छ। काव्यको मूल तत्त्व आध्यात्मिक रहस्य भए तापनि यसले भौतिक उच्चताहरूलाई राम्ररी आत्मसात् गर्न

सकेकोमा कवि प्रसाईंका काव्यकुशल व्यक्तित्वको प्रशंसा गर्नुपर्छ भन्ने मेरो धारणा रहेको छ।

सान्दर्भिक काव्यको अनुशीलन गर्दै जाँदा मलाई विश्वकवि रवीन्द्र नाथको गीति कविता संग्रह गीताञ्जलिको पनि संझना भएको छ। विश्व-कवि रवीन्द्र जस्तै आध्यात्मिक रहस्यका मूल स्रोतबाट व्यापकताको खोजी गर्ने काममा कवि चन्द्रमणि प्रसाईं पनि लाग्नुभएको रहेछ। विश्वकवि रवीन्द्रनाथको व्यापकताको बोली गीति कविता भए पनि हाम्रा कवि प्रसाईंको बोली गद्य कविता रूपमा भएको छ। रवीन्द्रको व्यापक कवि व्यक्तित्वका अगाडि हाम्रा कवि चन्द्रमणिको कवि व्यक्तित्व लघु भएर रहको होला! अहिले नै हामीले तुलना गर्न खोज्नु राम्रो होइन। चुलीमा पुगेर शिखर शैलीहरूमा चम्किने रवीन्द्रका तुलनामा आधारशिविरबाट भर्खर मात्र उठेर अगाडि बढ्न लागेका हाम्रा कविलाई घेरै कुरामा अझै खारिन बाँकी नै छ। यस प्रसङ्गमा अहिलेलाई यति मात्रै भनौं।

जसरी मेरो हातमा यो पुस्तक आइपुगेको छ त्यसरी यहाँहरूका हातमा पनि यो पुस्तक आइपुगेको वेला भन्नुहुनेछ– 'विभो? हामीले यसबाट चन्द्रदर्शनको आनन्द लिन पुगेका छौं, अब चाँडै समयका सौगातहरू बोकेर चन्द्रमणिको काव्यव्यक्तित्व पूर्णिमाको पूर्णता लिएर देखा पर्न सकोस् हाम्रो यही कामना छ।'

मैले पनि त्यस्तै एउटा छेउमा बसेर भनेको छु 'मेरो पनि यही शुभ-कामना छ।' अस्तु।

दैवज्ञराज न्यौपाने
सहप्राध्यापक
केन्द्रीय नेपाली शिक्षण विभाग
त्रि. वि. कीर्तिपुर

२०४४।७।२७

विभोका सम्बन्धमा

शिरीषको फूलको भूमिका लेखेर नेपाल हल्लाउनेमा शंकर लामिछाने-को नाम शायद पहिलो नम्बरमा आउँछ ! म त के हल्लाऊँ र ? प्रसाईंजीका कविता बाहेक अरू अवसर पाइएको छैन । आपना कविता तथा अरू सह-धर्मीका कविता हल्लायो, काल कटायो । त्यसैले बसिबियाँलोको क्षणमा यसका लेखक स्वयं धेरैपल्ट मेरा घरमा धाएर यो कविता–संकलन परि-ष्कारका लागि मलाई दिएर गए । मैले अल्छे क्षणमा यो कविता पढिदिन र शब्दशुद्धि गरिदिन जिम्मा लिने शिक्षक जस्तो भएर काम गर्न थालें ! कवि चन्द्रमणि प्रसाईंको यो पनि माग थियो कि भूमिका पनि मैबाट लेखियोस् !

जब म अल्छे क्षणमा कविता पल्टाउन थालें, ए हे ? कवितामा प्रसाईं-जीको प्रतिभा त चोखो, शान्त र निर्मल भएर बहने भावसमुद्रको उद्वेलन जस्तो लाग्यो । मेरो आलस्य हरायो । म मनोयोगले अध्ययन गर्दै गएँ ! जति जति म कविता पढ्छु त्यति त्यति भावुकताको आढ्यता पाउँछु ! रसका मनोरम सिर्काहरू अमृत झैं चुहिएको पाउँछु । बौद्धिक कसरत पनि भेट्टाउँछु, प्राकृतिक कोमलता पनि स्पष्टिएको देख्छु ! मलाई लाग्छ–प्रसाईंजीमा साहित्यको वटवृक्ष झांगिने बीज सहजरूपमा प्रतिभासित भैरहेछ ! कविताको क्षेत्रमा तिमी कवि अथवा महाकवि हौ भनेर प्रमाण–पत्र कसैले दिने गरेको मलाई थाहा छैन । तर पाठक तथा समालोचकले भने आपनो प्रिय कवि रुचिअनुसार चयन गर्दछ । प्रसाईंजी नयाँ प्रतिभा हुन् र यिनको सामाजिकता तथा आस्तिकता यस संग्रहमा प्रकट भएको छ । युवा भनिने पुस्ताको प्रसाईंजी एउटा साहित्यिक प्रणेता हुनेछन् जस्तो संभावना हेर्छु ! कल्पना हो कि, भौतिक संसारमा प्रसाईंजीले आफलाई बिमुदेखि भिन्न बुझनुभएको छ । मलाई लाग्छ –समूल चित्त नष्ट भएको निरहंकारी आफू–कवि मनीषी, परिभू, स्वयंभू र सत् स्वरूप हो, आफूमा लघुताभासको बोध हुनुले अज्ञान नष्ट भएको छैन भन्ने विदित हुन्छ । परि-पूर्णले संकल्प–विकल्प गर्दैन । स्थितप्रज्ञको लक्षण संकल्प–विकल्पभन्दा

सकेकोमा कवि प्रसाईंका काव्यकुशल व्यक्तित्वको प्रशंसा गर्नुपर्छ भन्ने मेरो धारणा रहेको छ।

सान्दर्भिक काव्यको अनुशीलन गर्दै जाँदा मलाई विश्वकवि रवीन्द्र नाथको गीति कविता संग्रह गीताञ्जलिको पनि संझना भएको छ। विश्व-कवि रवीन्द्र जस्तै आध्यात्मिक रहस्यका मूल स्रोतबाट व्यापकताको खोजी गर्ने काममा कवि चन्द्रमणि प्रसाईं पनि लाग्नुभएको रहेछ। विश्वकवि रवीन्द्रनाथको व्यापकताको बोली गीति कविता भए पनि हाम्रा कवि प्रसाईंको बोली गद्य कविता रूपमा भएको छ। रवीन्द्रको व्यापक कवि व्यक्तित्वका अगाडि हाम्रा कवि चन्द्रमणिको कवि व्यक्तित्व लघु भएर रहको होला! अहिले नै हामीले तुलना गर्न खोज्नु राम्रो होइन। चुलीमा पुगेर शिखर शैलीहरूमा चम्किने रवीन्द्रका तुलनामा आधारशिविरबाट भर्खर मात्र उठेर अगाडि बढ्न लागेका हाम्रा कविलाई धेरै कुरामा अझै खारिन बाँकी नै छ। यस प्रसङ्गमा अहिलेलाई यति मात्रै भनौं।

जसरी मेरो हातमा यो पुस्तक आइपुगेको छ त्यसरी यहाँहरूका हातमा पनि यो पुस्तक आइपुगेको वेला भन्नुहुनेछ– 'विभो? हामीले यसबाट चन्द्रदर्शनको आनन्द लिन पुगेका छौं, अब चाँडै समयका सौगातहरू बोकेर चन्द्रमणिको काव्यव्यक्तित्व पूर्णिमाको पूर्णता लिएर देखा पर्न सकोस् हाम्रो यही कामना छ।'

मैले पनि त्यस्तै एउटा छेउमा बसेर भनेको छु 'मेरो पनि यही शुभ-कामना छ।' अस्तु।

दैवज्ञराज न्यौपाने
सहप्राध्यापक
केन्द्रीय नेपाली शिक्षण विभाग
त्रि. वि. कीर्तिपुर

२०४४।७।२७

विभोका सम्बन्धमा

शिरीषको फूलको भूमिका लेखेर नेपाल हल्लाउनेमा शंकर लामिछाने-को नाम शायद पहिलो नम्बरमा आउँछ ! म त के हल्लाऊँ र ? प्रसाईंजीका कविता बाहेक अरू अवसर पाइएको छैन । आपना कविता तथा अरू सह-धर्मीका कविता हल्लायो, काल कटायो । त्यसैले बसिबियाँलोको क्षणमा यसका लेखक स्वयं धेरैपल्ट मेरा घरमा धाएर यो कविता-संकलन परि-ष्कारका लागि मलाई दिएर गए । मैले अल्छे क्षणमा यो कविता पढिदिन र शब्दशुद्धि गरिदिन जिम्मा लिने शिक्षक जस्तो भएर काम गर्न थालें ! कवि चन्द्रमणि प्रसाईंको यो पनि माग थियो कि भूमिका पनि मैंबाट लेखियोस् !

जब म अल्छे क्षणमा कविता पल्टाउन थालें, ए हे ? कवितामा प्रसाईं-जीको प्रतिभा त चोखो, शान्त र निर्मल भएर बहने भावसमुद्रको उद्वेलन जस्तो लाग्यो । मेरो आलस्य हरायो । म मनोयोगले अध्ययन गर्दै गएँ ! जति जति म कविता पढ्छु त्यति त्यति भावुकताको आढ्यता पाउँछु ! रसका मनोरम सिर्काहरू अमृत झैं चुहिएको पाउँछु । बौद्धिक कसरत पनि भेट्टाउँछु, प्राकृतिक कोमलता पनि स्पष्टिएको देख्छु ! मलाई लाग्छ-प्रसाईंजीमा साहित्यको वटवृक्ष झाँगिने बीज सहजरूपमा प्रतिभासित भैंरहेछ ! कविताको क्षेत्रमा तिमी कवि अथवा महाकवि हौ भनेर प्रमाण-पत्र कसैले दिने गरेको मलाई थाहा छैन । तर पाठक तथा समालोचकले भने आफ्नो प्रिय कवि रुचिअनुसार चयन गर्दछ । प्रसाईंजी नयाँ प्रतिभा हुन् र यिनको सामाजिकता तथा आस्तिकता यस संग्रहमा प्रकट भएको छ । युवा भनिने पुस्ताको प्रसाईंजी एउटा साहित्यिक प्रणेता हुनेछन् जस्तो संभावना हेर्छु ! कल्पना हो कि, भौतिक संसारमा प्रसाईंजीले आफलाई बिमुदेखि भिन्न बुझ्नुभएको छ । मलाई लाग्छ -समूल चित्त नष्ट भएको निरहंकारी आफू-कवि मनीषी, परिभू, स्वयंभू र सत् स्वरूप हो, आफूमा लघुताभासको बोध हुनुले अज्ञान नष्ट भएको छैन भन्ने विदित हुन्छ । परि-पूर्णले संकल्प-विकल्प गर्दैन । स्थितप्रज्ञको लक्षण संकल्प-विकल्पभन्दा

माथि हुन्छ र द्वैतभाव रहेसम्म ऊर्द्धमुखी उडान र अन्तर्मुखी मन राख्नु पर्दछ । आत्मज्ञानभन्दा माथि कुनै पूर्णता छैन । यसका कविलाई उपदेश दिन मैले यो हरफहरू लेखिरहेको होइन ! अपितु सत्यको अनावरण नरहोस् भन्ने उज्ज्वल अभिप्राय मात्र हो । सत्यता सर्वोच्च लक्षको नाम हो, सत्यलाई जतिसुकै पर्यावरणले ढाकिरहोस्, जतिसुकै असत्यको कुहिरो लागि रहोस्, आखिर सत्य सधैं सोझो हुन्छ । उ अन्धकारभित्र जूनकीरीको रूपमा विद्यमान रहन्छ । दाउराभित्र आगोको रूपमा विद्यमान रहन्छ । त्यसैले सत्यको खोजी नै मनीषीहरूले गर्ने गरेका छन् । असत्य चिरस्थायी रहन सक्तैन, चटकेको जादू जस्तो ! पानीको बुद्बुद जस्तो ! असत्यलाई सत्य मान्नु भनेको डोरीमा सर्पको अधिष्ठान गरेर नडराउनु भनेको हो । त्यसैले यो कवितालाई म के परिष्कार गर्न सक्छु र ? कला त सर्जकबाटै परिष्कृत भएर स्वतः प्रस्फुटित हुन्छ । हिजोआज कुण्ठा, सन्त्रास, नैराश्य, विद्रोह र विसंगतिबाहेक केही पाइँदैनथ्यो– आधुनिक भनिने नेपाली कवितामा । प्रसाईंका सबै कविता स्तरीय छन्, सबै कविता मौलिक छन् र सबैका सबै कविता उनका निजी काल्पनिक अनुभूति हुन् । म कुन कविता-को कुन लाइनलाई कोट्याएर उनको प्रतिभा पाठकमा देखाऊँ र ? मलाई प्रसाईंमा भएका प्रतिभाले तिरोभूत वा अभिभूत पारेको विदित हुन्छ । यिनका संपूर्ण कविताहरू विश्वकवि रवीन्द्रनाथ ठाकुरको गीताञ्जलिबाट प्रभावित भए जस्ता विदित हुन्छन् ।

यसो हो तापनि प्रसाईंको युवा जोश शान्त, शीतल र सरल छ भन्ने मलाई लाग्छ । उनको कवि धूर्त छैन, मंगलमय भाव राख्तछ । उनले जीवनवादी कविको लाइन अंगीकार गरेको पाइन्छ । उनका कवितामा यस कुराको पूरा छनक पाठकलाई मिल्नेछ । 'द्वन्द्वबाट निर्मित म तिमी जस्तो निर्द्वन्द्व भएर रहन सकिनँ' भन्नु मानवीय अनुरागको प्रतिविम्ब हो । मानव आफूलाई चक्रवर्ती छत्रपति घोषित पनि गर्छ, दुर्बलले उसको महत्ता स्वीकार नगरे दण्ड गर्न सक्ने पावर पनि राख्तछ । छत्रपति शाहनशाह कवि पनि आत्मपलायन गरेर निर्धो जीव झैं रून्छ । त्यसैले यो संसार अपार भनिएको हो । यो संसारमा सच्चा–सुख कसैले भोग्न सकेको छैन । आत्म-तृप्ति नै सबभन्दा ठूलो सुख हो, त्यो सुख अरूलाई सुनाएर आपनो जीवन-मा कल्पना गर्न सक्ने बनाउनु मानवीय कविताको धर्म हो । मेरा विचार-मा यसैलाई सफल कविता भन्दछन् । मेरो अल्छे क्षण कता भाग्यो कता ? मलाई ठूला कविका विशिष्ट कविता स्तरीय प्रकाशनमा पढे जस्तो खुशी

लाग्यो । मैले जतिसुकै भने पनि केही नभने हुन्छ कविका कविता अमुख भए पनि बोलिरहेका विदित हुन्छन् । प्रसाईंको प्रौढ कवित्व यी कवितामा स्फुरित भएको छ । त्यसैले यी कवितामा मैले कस्तो करेक्शन गर्ने र? त्यसै छोडिदिएँ । ठाउँ ठाउँ शब्दशुद्धि र ठाउँ ठाउँमा ह्रस्वदीर्घको मिलान मात्र पनि नामको लागि काम गरेको छु । यहाँ प्रसाईंजीको कोमल भावुकता, मसृण चिक्कणता, अर्थगाम्भीर्य, अर्थान्तरन्यास, ध्वनि सादृश्य, अभिव्यञ्जना अतिरञ्जना र प्राञ्जलताको साथै प्रवाहमय शैली पनि मनोहर हुँदै गएको पाउँछु र जीवनवादी कविको सात्विक व्यवहार अनुरूप श्रुतिमधुर कविताहरू निजैले चयन गरे बमोजिम यसमा परेका छन् । म आफू भूमिका लेखक होइन ! भूमिकाको भूमिका कस्तो लेखिन्छ ? मलाई थाहा छैन । तर युवाकवि चन्द्रमणि प्रसाईंको स्पष्ट भूमिका भने साहित्यको राष्ट्रिय स्तरमा रहन योग्य स्थितिको सृजना यस संग्रहका कविताले गरेको छ भन्ने मलाई लाग्दछ । प्रसाईंका भावुक कविहृदयबाट उद्वेलित अमृतमय काव्यवाणीहरू पढिदिने अर्को नयाँ पुस्ता छिटै यस देशमा खडा हुन सकोस् भन्ने निश्छल र प्रशंसामय उद्गार प्रकट गरेर मंगलकामना गरेको छु ।

'शिवास्ते सन्तु पन्थानः' इति शुभम्

सोमराज 'अभय'

दिनाङ्क १०-३-२०४२
गोरादह (झापा)

आफ्ना तर्फबाट कृतज्ञता ज्ञापन

प्रकाशित हुन गैरहेको कृति 'विभो' का बारेमा मेरा तर्फबाट विशेष केही भनिरहनुपर्ला जस्तो लागेन। किनभने यी कृति स्वयं स्वरूप देखाएर बोलिरहेकी छन्। फेरि विविध विद्वान् विद्हरूले यसका बारेमा केही भनिसकेका छन्, फेरि पनि मैले भन्नु, थप भन्नु– व्यञ्जनमा, खीरमा दूध थपेर खान दिए जस्तो हुन सक्छ– दिउँसो बत्ती बालेर सूर्य खोज्न हिंडे जस्तो हुन सक्ला!

यो कृति किन लेखियो र कसरी लेखियो– यसको रहस्य उद्घाटन रचनाकारद्वारै हुन सके पाठक तथा श्रोता दुबैलाई बुझ्न सजिलो हुन्थ्यो होला! यो कवि लेखकको दायित्व पनि हो। भान्सेले मीठा व्यञ्जन पस्किएर सुरुचिपूर्ण ढंगबाट दिए खानेले पनि खानाभित्रको मिठास पाउन सक्थे। मलाई लाग्छ– जो दिनुथ्यो त्यो दिइयो– त्यो दिनुभित्रै नै सर्वाङ्ग सुन्दरतम मिठास लुकेर रहेको हुनुपर्छ– त्यो मिठास पाउन लिने मान्छे– व्यक्तिमा भर पर्छ।

म यहाँ यी सबै कुराबाट पर रहेर, मात्र यो कृति प्रकाशनका निम्ति यो कृति प्रकाशमा आउन सक्ने, प्रेरणा दिने महानुभावहरूको निम्ति, मेरो तर्फबाट ऋण भुक्तान गर्न, शब्द लिपिबाट कृतज्ञता चढाउनका निम्ति मात्र केही भन्न बाध्य हुँदैछु। किन? यी कुराहरूका बारेमा केही नभनी मेरो मन मान्दैन। यो कृति पनि यति सजिलैसँग प्रकाशमा आउन सकेको हैन। किन प्रसंग दोहोऱ्याऊँ, किन लम्ब्याऊँ? जोमेरो हृदयमा छ, जो मेरा मित्रहरूका हृदयमा छ, हृदयको कुरो किन कागजमा टाँसौं? त्यसको महिमा घटन सक्छ साध्य छैन।

कठोर धरतीलाई छेडेर कोमल कुड्मल टुसाउनु र त्यही धरतीलाई त्यही कुड्मलले वृक्ष भएर रक्षा-शोभा शृङ्गार हुँदै छहारी दिनु, यो छली प्रकृतिको नै नियम छ– यो कृति पनि त्यही नियमभित्र पर्न पुगेको छ। सत्यसंग मिल्न पुग्नु सान्है खुशीको कुरो हो। कमला जराले पखेराका चट्टान फोरेर आफ्नो कीर्ति कायम गर्नु एक अपार विजयमाला हो र प्रकृतिको शोभा दिनु पनि हो।

मलाई अहिले केही नभनूं झैं लाग्छ– यस कृतिका बारेमा। फेरि कता कता भाव छचल्किन्छ, सूर्य उदाएर घाम घरमा आएपछि तापूं-तापूं लाग्छ– प्रेमको भाषामा व्याकरणको महिमा नभएझैं भरखर फूलेको सयपत्रीमा सम्पूर्ण शृङ्गार त्यसभित्र बिलाए झैं– जब कृतज्ञता दिने क्रममा नै भए पनि– विभो ! का सम्झनामा मेरा आँखा डबडबाउँछन्– मन भवका-निन्छन् र फेरि पनि जान्दा जान्दै मेरो केही लाग्दैन । उसैका बारेमा शब्द संगीत स्वतः प्रस्फुरण हुन जान्छ । हृत्केलामा मह थाप्ता हृत्केलाबाट रसाएर चुहिए झैं हुन सक्छ– धरतीले मूल फुटाएर भुल्भुलाउनु झैं के यो भूल हुन सक्छ ? मुटु भएकाहरूको फसैसँग प्रेम हुन सक्छ ।

मलाई यहाँ आशा छ– यो कोमल कविताको थोप्लो चुहिएको, कसैले पिउन पाउनेछ, निस्तो र सस्तो भावुकताको यस संसारमा केही महिमा छैन, तर पनि फूल आफ्नो शोभा शृङ्गार सुगन्ध दिन र लिनबाट चुक्न पुगेको छैन– कसैका आँखामा फोका भएका छैनन्, यो अपार प्रकृति अनुभव गर्न सके सुखमय र आनन्ददायक छ, मोह भएर जीवन भुल्भुलाइ-रहेको छ गति सङ्गतिमा घुर्छ ।

सर्वाङ्गरूपमा यो कृति मानवीय राग र आत्मीय रागको गुम्फन, शब्दहरूबाट गायन, जीवनको आरोह–अवरोह, जीवनले जगत्मा भोगेका हर्ष–विस्मात, घात-प्रतिघात, अनेक मानसिक– उच्छ्वास र विचार-व्यव-हारबाट उद्वेलित तरल तरंग, संसार शब्द भएर- जीवन रूप, चंचल छाया जस्तो भएर यो व्यापक ब्रह्माण्डतिर आँखा लाएर; विराट तत्त्वको सम्बोधन- 'विभो' ! विचार र दृष्टि भावनाको केन्द्र विन्दु; प्यारो ध्वनि भएर निस्किएका पदहरू नै, विभोको स्वरूप हो झैं मलाई लाग्छ ।

यो समुद्रको हलचल छाल हो शब्दहरू ज्वारभाटा हुन् विभु आकाश हो– कतै चिसो कतै तातेको समुद्र हो, संगीत र मेघ हो भन्ने कुरामा मेरो मन्नु केही छैन ।

यो कृति प्रकाशनका निम्ति, सहयोग, सल्लाह, सुझाव, प्रेरणा र सहानुभूति दिने भौतिक तथा मानसिक रूपका मेरा मित्र महोदय र महानु-भावहरूका नाम उच्चारण गरेर म कृतज्ञता दिने क्रममा सर्वप्रथम सर्वश्री कवि सोमराज 'अभय', प्रा. बालकृष्ण पोखरेल, भू. पू. प्र. मं. मातृकाप्रसाद कोइराला, उप प्रा. नरेन्द्र चापागाईं, उप प्रा. दधिराज सुवेदी, कृष्णराज कोइराला, मदन पुरस्कार पुस्तकालयका पुस्तकालयाधीश कमलमणि दीक्षित, प्रा. डा. वासुदेव त्रिपाठी, सह प्रा. दैवज्ञराज न्यौपाने, प्रा. डा. छविलाल गजुरेल, उत्तरबङ्ग विश्वविद्यालयका रिडर लक्ष्मीकान्त शर्मा, कवि वासुदेव

शर्मा लुईटेल, डा. भीष्मराज प्रसाईं, केशवराज प्रसाईं, रा. पं. स. इलाम वेनुपराज प्रसाईं, रा. पं. स. झापा द्रोणाचार्य क्षेत्री, केशवकुमार बुढाथोकी, दीर्घराज प्रसाईं, स्वास्थ्य सचिव तेजबहादुर प्रसाईं, रा. पं. स. इलाम नोवल केमी राई, भू. पू. प्रधानमन्त्री सूर्यबहादुर थापा, पुण्यप्रसाद ओली नापी महाशाखा मीनभवन सहायक निर्देशक, नटराज ट्रावलर्स एजेन्सीका प्रजापति प्रसाईं, युनिभर्सल ट्रावलर्स एजेन्सीका सीताराम प्रसाईं, शिवराम प्रसाईं, जनकपुर चुरोट कारखानाका महाप्रबन्धक देवेन्द्रबहादुर शाह, साल्ट ट्रेडिङ कर्पोरेशनका महाप्रबन्धक हेमबहादुर मल्ल, गौरादह झापाका डी. नर बहादुर बस्नेत, रोहित कुमार बस्नेत, चिरञ्जीवी दाहाल, इन्द्रप्रसाद कापले, पुण्यप्रसाद दाहाल, धैलाडुवाका देवीप्रसाद उप्रेती, गंगाप्रसाद प्रसाईं, चिरञ्जीवी उप्रेती, देवीरमण उप्रेती, सुरुङ्गाका गणेशप्रसाद पोखरेल, भद्रपुरका कृष्ण थापा, ओम सरावगी, सह प्रा. चूडामणि रेग्मी, उप प्रा. होमनाथ सुवेदी, डा. घनश्याम खनाल, गरामनी तुलसी दुलाल, गंगाप्रसाद प्रसाईं, विश्वनाथ पाण्डे, विष्णुप्रसाद पोखरेल, प्र. पं. कुमार मैनाली, शनिश्चरेका रामप्रसाद भट्टराई, भगीरथ तिम्सिना, प्रेमकुमार श्रेष्ठ, सोमकान्त भट्टराई, वीरमणि ढकाल, सम्पूर्ण ढकाल परिवार, बुधवारेका प्रजापति कोइराला, देवीप्रसाद बाँस्तोला, हरि कोइराला, लोकनाथ दाहाल, मेघनाथ ढकाल, बिर्तामोडका नन्दकुमार प्रसाईं, धूलावारीका इन्द्रप्रसाद प्रसाईं, चन्द्रप्रसाद प्रसाईं, यज्ञराज प्रसाईं, गणेशबहादुर प्रसाईं, लीला सापकोटा, वकील नरेश वर्मा, राधाकृष्ण मैनाली, महारानी झोडाका देवीप्रसाद कापले र रमेशकुमार खरेल, कवयित्री सुश्री सीता पाण्डे, कालीप्रसाद पोखरेल, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका कुलपति लैनसिंह वाङदेल, डा. चूडामणि बन्धु, विजयबहादुर मल्ल, तथा यस कृतिप्रति सहानुभूति राख्ने मेरा तमाम मित्र महोदयहरू र महानुभावहरूप्रति आभार गर्नुका साथै कृतज्ञता चढाउँछु । इति शुभम् ।

चन्द्रमणि प्रसाईं
२०४४ कार्तिक २९ गते

अन्तर्दृष्टि

संचारिदै जा !	१	सस्तो-महँगो	३३
प्रार्थना	२	मेरो राग	३४
आराधना	३	अन्तर्द्वन्द्व !	३५
अमर गीत !	४	विपरीत मान्छे !	३६
कोमलतामा प्रखरता	५	घेरा-रहित	३८
थाहा पाउँदिनँ	६	मेरा व्यञ्जना !	३९
आजको आकाश !	७	प्रभाव	४०
अस्तित्वको भीख	८	हेर्दै-हेर्दै हराइगो	४२
म को हुँ !	९	म कति हराएँ ?	४३
मैले के जानें र !	१०	स्वप्न-शुद्धि !	४४
यस्तो बोध हुँदैछ	११	उपहास छ !	४५
कता तानिएँ !	१२	डोहोऱ्याइरहेको	४६
कुक्कु !	१३	हे नारायण	४७
सकिनँ !	१४	पूर्णतामा	४८
नदिनु थियो बरु !	१५	विश्व-व्यूह !	४९
स्थिति-बोध	१६	चेष्टा !	५०
मेरा तृप्ति !	१७	वरदान	५१
समय !	१८	हातमा	५२
फुक्कापन	१९	पत्याउन पाएको छु	५३
भाव-नदी	२०	मोल-अनमोल !	५४
खै सम्झना !	२१	अतिक्रमण	५५
प्राप्तिको खोजी !	२२	बाँडिदेऊ !	५६
यो द्वन्द्वात्मक प्रवृत्ति !	२३	यस्तो लाग्छ	५७
देखिनँ भएर आऊ !	२४	सुनन !	५८
कुँडियो	२५	ऊर्ध्वता	५९
प्रभावको पराकाष्ठा	२६	कहाँ पुग्यो र ?	६०
भन्न नसक्दो !	२७	अभिलेख !	६१
दर्शन	२८	भुलूँ कि सम्झूँ !	६२
अल्झिएको यात्रा	२९	निश्चिन्त	६३
माफ विधान !	३०	उपमा	६४
बोलाहा विधान !	३१	उत्सुकता र पूर्णता	६५
वरण गर !	३२	धानचमर ।	

प्रथम झलक !	६६ थप-थाप !	९९
फेद न टुप्पोको कुरो !	६७ जुटाइदेऊ !	१००
भाव !	६८ जोड यसमा !	१०१
आऊ- हेर्न	६९ खं ! खं !! मैले के गरें	१०२
रसपूर्ण छ !	७० छौ नगोचं !	१०३
दुर्घटना नहोस्	७१ उत्सर्ग गराऊ	१०४
आइरहेका छन्	७२ सुगम-सरल !!	१०५
मलाई के दियौ !	७३ रडाकोको विश्व !	१०६
घुर्की	७४ खेलाँचोमा ढोका !	१०७
सूत्र देऊ	७५ अविच्छिन्न प्रवाह	१०८
भरिसक्य !	७६ गुरु !	१०९
सौन्दर्यको रोशनी !	७७ सिद्ध हुन्थ्यो !	११०
वाणी-विधान	७८ प्रशासनिक शक्ति !	१११
सन्त्रास	७९ म अन्तं जान्छु !	११२
नठिग्याऊ !	८० जन्तरंव !	११३
प्रतीक्षा !	८१ वहन परिवहन !	११४
दुर्दशा !	८२ सल्लाह	११५
भण्डार !	८३ ओहो !	११७
अखण्ड सभा !	८४ जीवन-गाथा !	११८
विश्वविद्यालय	८५ भुलिसकेको छु	११९
स्वीकार !	८६ उज्यालोसँग लाग्छ	१२१
प्रेमको विद्रोह !	८७ उत्तरदायित्व !	१२३
फिर्ता लेऊ !	८८ पूर्ण मौका !	१२४
त्यसै हैन	८९ अदृश्य पखेटा !	१२५
उद्घाटन हुन	९० कसरी	१२६
हुँदैन !	९१ उही रूपमा !	१२८
एक घुड्की प्रेम !	९२ प्राणको सन्देश	१२९
प्रवेश-आवेश !	९३ लोभले खायो !	१३१
तामस पिण्ड !	९४ ए ! म- व्यापकतामा ?	१३२
समान हुँ !	९५ आज उष्णताले	१३३
आषाढको प्रन्द्र !	९६ होनहार ! हार !!	१३४
तिम्रो अभिवादन !	९७ उडान र प्राप्ति !	१३५
मौनता !	९८	

संचारिदै जा !

मेरो शरीरमा शक्ति बारिदैन
नबारियोस्– नबारियोस्
यो मेरो प्रार्थना छ !

मेरो शक्ति थाम्न, रोक्न नसकेर
दिन दिन बगिरहेछ– बगिरहेछ
शक्तिको बोझ थाम्न सकिनँ

संचार होई रह हे शक्ति !
मेरो शरीरको विद्युत् रेशाबाट :
झिल्ल–झिल्ल बलेर निख्री !
अवरोध न हो ए शक्ति !
यो शरीर झिल्सिन संचार हुँदै प्रकाशिदै जा
म स्रोत मात्र रहुँ
ए मेरा शक्ति !
तँ शक्ति, लुकेर नबस्,
लुकाउन म सक्तिनँ– सक्तिनँ :
म सूर्य हुँ ! शक्ति–रोशनी !
तँ रोकिएर नबसिदे
भार थाम्न सक्तिनँ–म सक्तिनँ !
ए मेरा ज्योति !

●

प्रार्थना

म प्रार्थनाको परिवेशमा
निःशेष भएर विल्न सकूँ
म तातो रातो किरणहरूमा
घुलित हुँदै घुल्न सकूँ– घुल्न सकूँ !
म सानु वन्न सकूँ– वन्न सकूँ
विद्युत् रेशाको– तारमा हिंड्ने
नदेखिने– एलेक्ट्रोन प्रोटन न्यूट्रन
म तीन रूपको त्रिशूल जस्तो
ॐकारमा उपस्थित हुन सकूँ
आकाश– धर्ती– पातालहरूमा
घुम्दै– त्रिलोक त्रिगुणहरूमा
त्रिकालदर्शी हुँदै म : वग्न सकूँ विल्न सकूँ !
म सानु वन्न सकूँ आँखाको नानी !
पानी वन्न सकूँ रंगहीन
म नदेखिने हुँदै हुँदै– अन्ततत्व…
विल्न सकूँ– म उड्न सकूँ…
अमूर्त; अमरत्व; अखण्ड !

●

आराधना

मलाई यस्तो भाषा देऊ !
ती अवोध वालकले पनि बुझन सकून्
मलाई यस्तो सत्य देऊ !
ती किच्च हाँस्ने– थोते मुखका, वालकले पनि चिन्न सकून्
मलाई यस्तो स्वाद देऊ !
वालक वा पटमूर्खले पनि चाख्न सकून्
मलाई यस्तो सौन्दर्य देऊ !
ती वूढा, जवान, लोभी, दानी,
भोगी, रोगी, प्यासी, उदासी,
आशी, साहसी, निराशी,
सवै सवै रमाउन सकून्, समाउन सकून्– समाउन सकून्!
ए विभो ! मलाई यस्तो पदार्थ दिनुपर्‍यो !!
मलाई यस्तो रस देऊ !
जो आपस्तमा मिल्दै···
अणुवाट कान्ति वन्न सकोस्
ती रसवाट सवै टाँसिन सकून्···
विभो ! मलाई यस्तो छवि देऊ, मलाई यस्तो रवि···
जेमा वाल रमाउदै लडिवडी गर्दै
पल्टिदै, खेल्दै, मुस्कुराउँदै, उठ्दै–
हाँस्न सकून् : तरुणहरू यौवनमा···
जो खोज्यो उही पायो– त्यो प्राप्तिको प्रदेश !
मलाई यस्तो तत्व देऊ ! जो मेरो चाहनाले भ्याएकोमा
मलाई यस्तो भाषा देऊ !! ती अवोधले बुझन सकून्
विभो ! म पनि बुझन सकूँ !

●

अमर गीत !

कसलाई सम्झेर मेरा गीतहरूले
वशीभूत हुँदै सम्वोधन गरिरहेछन् !
यस पृथ्वीमा वसेर !
भोकालु भोगालुको
म पात्र भएर सम्झेर
नश्वर पिण्डको देह लिएर
अगाध मोहमा मुछिएर
मेरा मुखवाट के छुटिरहेछन् !
मेरा वोलीले कल्लाई–
सम्वोधन गरिरहेछ ?
म भित्र अनायास प्रतिविम्वित हुँदै
कसै प्रति उद्गार पोखिरहेछ
भाव प्रवाहित हुँदै उज्यालिन
खोजिरहेछ– पाउहरू अघि वढ्दै
अर्पण गर्न…
ध्वनि धाइरहेछ !
गीतहरूमा जिब्रामा संगीत लिदै
आइरहेछ- गीत गाइरहेछ
यस पृथ्वीमा वसेर !
मेरा गीत गुञ्जन : विशाल आकाशमा
वाणी भएर । वीणाहरूमा
अमर गान गाई रहेछ !
यस पृथ्वीमा वसेर !

●

कोमलतामा प्रखरता

मलाई तिमीले यति फुक्का बनायौ
जो कि मेरो मन– सूर्यको रोशनी जस्तो :
ताराहरूमा चुम्न खोज्दो :
आकाशहरूमा– बादल जस्तै भएर
घुमिफिरी गर्न चाहदो :
त्यो सेतो हिमालमा हिउँ खाँदै
आरामसाथ लडिबडी गर्न मन लाग्दो :
ए विभो ! मेरो मन, कति फुक्का पन !
मेरो शरीर बन्धनयुक्त;
अल्झन– बिल्झन– झमेला !
कति कमलो कफल्ल शरीर !
छ्यास्स केही हुनु हुँदैन;
सानु चीजले यहाँ सताइरहन्छ
एक छिन– एक दिन शक्ति पाएन भने
शरीर क्षय हुन्छ– रुन्छ ?
यन्त्रको औषधिको
सहारामा तानिनुपर्छ।
भावनामा यति प्रखरता !
शारीरिकतामा यति दुर्बलता ?
विभो ! यो छक्क पर्दो !
फेरि मलाई पृथ्वी नै बोक्न मन लाग्दो
सुवर्णमय– स्वर्ग बनाएर– मानव युग !
तर विभो ! म सानु त्यान्द्रामा,
अल्झिएर– बाँचेको छु !
जीवन साँचेको छु !

●

थाहा पाउँदिनँ !

मेरा आँखामा, कहिलेकहीं
एकान्तमा, आँसु आइरहेको हुन्छ :
म थाहा पाउँदिनँ : किन आएँ
आँखा पुछ्तै मुख धुन्छु....
अचानक साथीहरू आउँदा
सोध्छन् : के भयो ? के भयो
म केही बोल्न सक्तिनँ :
म भन्छु; आँखामा धूलो पऱ्यो !
म आफ्ना कुरा लुकाउँदै, लुकाउँदै
तत्कालै हँसिलो हुन्छु–
मभित्र यो कोमलताले
किन जन्म लियो ?
मलाई यो संसारमा किन
चित्त बुझेन : बुझेन
तिमीले हुनुहार हार लाएर
जीवन भर रुवायौ ?
जीवन भर रुवायौ ??
तिमीले विराउँदै विश्व बनायौ
यस्तो उल्टा विधानको !
यी न बुझिने काइते अक्षर !
म जान्न सक्तिनँ :
म जान्न सक्तिनँ !!
मलाई चाहिएन !

आजको आकाश !

हतियारले हार लाएर, दुष्टले धार लाएर
दिनहुँ यहाँ युद्ध भैरहेछन्
दिनहुँ रक्तपात हत्या भैरहेछन्
दिनहुँ यहाँ मृत्यु भैरहेछन्
म बेहोश भैसकें !
मृत्यु यस जगत्को सबल पक्ष !
नाश, यस जगत्को स्थायी लक्ष्य !!
त्यसैले यहाँ लडाकुहरू....
दिनदिनै बढिरहेछन्, युद्धप्रेमीहरू युद्ध गरिरहेछन्
सत्ताधारीहरू शक्ति लिइरहेछन्
विषयका राजाहरू विष पिइरहेका छन्
मानेंहरूको पनि : अनर्थ कल्पना कैं लाग्छ
यहाँ को मन्यो र ? को मेटियो र ??
एउटा मेटिन्छ अर्को जन्मिन्छ
जन्मिदा– जन्मिदै आफू मेटिन्छ;
जीत कसको भयो र !
हार कसको हुन पुग्यो र !!
प्रहारले आहार हुने : धारहरूको हार हुने :
दानाहरूमा वेदना फल्ने : वेदनाहरूमा दाना फल्ने !
विभो मेरा आँखा तिरिमिरी भैसके !
संसार–संहार हुन आँटिसक्यो,
साउनका मेघ कैं संसारमा
गर्जिदै-- गर्जिदै वि···आकाशमा
वैशाखको तूफान जस्तो,
प्रलयको शंखनाद जस्तो !! ए विभो यो के हुन गो !

●

अस्तित्वको भीख

जीवनको पल-पललाई समाएर
मेरो वीणाको स्वरलाई ठम्याएर
कण उपकणलाई उधिनेर
म सोह्रवर्षे अविवाहिता : भएर पनि
मैले वरणको भीख मागिरहनुपरेको छ ।

पूर्ण फूलेको यौवन भएर पनि
अपूर्ण ऊँ हुँदै यतै कतै
धाइरहनुपरेको छ !
मभित्र संसार सबै भएर पनि
मैले नजानिने : जस्तो हुँदै– अरूतिर हेर्दै
अन्तर्भूत हुनुपरेको छ ! ...

मभित्र पूर्ण अस्तित्व भएर पनि
अस्तित्वको भीख मागिरहनुपरेको छ;
मेरा आँखामा : पृथ्वी डुब्दा पनि
जीवनभर हेर्दा-हेर्दै नसकिएर
आँखा टट्टाएर : चिम्लिनु ।

म पूर्ण भएर पनि अपूर्ण ऊँ
मैले भीख मागिरहनुपरेको छ !

म सोह्रवर्षे अविवाहिता...
वरणको निम्ति मैले नववधु भएर
म यात्री, जीवन जिम्मा लाउने, हात पसारें

खोइ मेरो वर ? वरण–वरदान !
हे जीवन ! तेरै त्यो अवदान ?

●

म को हुँ !

मेरो शरीर के हुँ ?
न खाद्य हो कसैको !
न दृश्य हो--कसैको !
जीवन भन्ने के हो ?
म तत्व हुँ कि– यसै कसैको ?
चल्ने फिर्ने– शक्ति कसैको ?
म क्षण वन्दै विलिरहेछु
म हुन्न कैले– शरीर के हो ?
उसो भए ! मेरो ध्वनि के हो ?

म छक्क पर्छु शरीरदेखि
शरीर निल्ने– शरीरदेखि
शरीरभित्रै हरायो शरीर
शरीर खोइ ? कसरी शरीर ?
उसो भए मेरो विचार के हो ?

●

मैले के जानें र !

मैले के जानें र !
मैले हाँस्न जानेर, हाँसेको हुँ र ?
उसो भए मैले के जानें र ?

म सिक्न चाहन्छु : म सिक्न चाहन्छु
मैले के हुनु छ– त्यो चाहन्छु
हे सद्‌गुरु : यो मेरो शुरू !
अब मैले के गर्नु छ– त्यो सिक्न चाहन्छु
ए गुरु ! मलाई सिकाउ अब ! म सिक्न चाहन्छु :
मलाई चाहिएको चाहन्छु !

●

यस्तो बोध हुँदैछ !

के दृष्टि राखेर यस्तो बोध गरायौ ?
जुन बेला म सुखी थिएँ
त्यो बेला दुःखी बोध गरायौ !
जुन बेला म मूर्ख थिएँ
त्यो बेला विज्ञ बोध गरायौ !

अहिले भयमा भयभीत
भएको हुँदा, मलाई
सुरक्षाको खोल ओडायौ !
यो उल्टा संसारमा
जन्मिदै उल्टा जन्मायौ ! !

वडो हुँदा हुँदै बूढिने संसार :
थाहा हुँदा हुँदै राह भुलिने संसार :
मेरा हस्तीहाडका जोर्नी
खुकिलिसकेर पनि– कच्याककुचुक चाउरी
मेरो शरीर क्षण भई वित्न आँट्ता पनि
म मेरो कुरो थाहा पाउँदिनँ
भ्रान्तिको भोजन खाएर–
हो कि– घस्रिदा– चेपहरूमा,
चेपिदा– चिप्लामा– चोपहरूमा
क्षय हुँदा : सुखको आभास !
मलाई– कहिलेकहीं यस्तो कस्तो कुरामा हाँसो उठ्छ
भित्री कुराहरूले भन्दा वाहिरी कुराले प्रभाव पार्छ
तिम्रो के विचार छ ?
मलाई त यिनै कुराहरूले हुत्याउँदैछ, हुत्याउँदैछ–

●

कता तानिएँ !

म अनायास कहिलेकहीं : आफूमा हराउँछु– विलाउँछु
र कसङ्ग भएर होशमा– आउँछु :
अहो मलाई के हुन थालिरहेछ !
खाएको थाहा पनि पाउँदिनँ !
तिम्रो रूपमा मूर्तिन पनि पुग्दिनँ !
यो बीचको क्षण मेरो
केमा अल्पियो– प्रभो ! केमा चिप्लियो विभो! !
मेरो जीवन– मेरो समय :
यति छोटो दियौ, नाप्नै सकिनँ :
मेरा विचार र चाहना
यति दियौ, थाम्नै सकिनँ :
यति फरकतामा मिलाएका !
तिमीले मिलाएर हो कि
न मिलाएर हो, केही बुझिनँ ! बुझ्दै बुझिनँ !
तिमीलाई बुझे पनि भन्नु हुँदैन
संसार देखिएर पनि बुझ्नु हुँदैन :
मैले यहाँ घुर्नु हुँदैन, हुँदैन
घुरे पनि यो बुझिनु, हुँदैन :
तिम्रो यो काइते संसारमा
म पाइतो सार्न खोज्दै
म अनायास मनमा हराएँ
तिमीले ताकेको आलोकमा
म अनाम भएर :
त्यतै– कतै– हेर्दैछु होला प्रभो !
र त तिमीमा म मूर्तिन पुगिनँ ! !

●

कुक्कु !

तिमीले मलाई वालकभन्दा
माथि कहाँ उठायौ र. . . .!
तिम्रो लीला नै वालपन छ रे !
मेरो रुचि : क्षण क्षणमा
बदलिएर– मलाई– सुन्दर
नौलो चीजमा लग्दै
रमाउन पुग्दो रहेछु–
वालकले खेले जस्तो ! म कस्तो नि !
तिम्रो खेलको म खेलाडी
तिम्रो नाटकको म नाटच
तिम्रो मनको म वाणी
तिम्रो पृथ्वीको म दृश्य :
योभन्दा माथि कहाँ उठायौ र ?
विभो ! म वालक– तिमी चालक !
भित्री वाहिरी छोड्नु समाउनु
रमाउनु– रुनु : हुनु–नहुनु :
दिनु– लिनु– मेरो चिनु
छीनु– छिनुले मलाई– कुँद्दैछौ– कुँद्दैछौ
तिमी के के त गरिरहेकै छौ !
तिमी छली– छलिन खोज्छौ
म पनि नगीच आएर : भन्दै
कुक्कु ! कुक्कु !! – मलाई· · ·
यो लुकारु लीलामा, यो लुकामारी खेलमा
तिम्रा आँखा थुन्दै· · · कुक्कु ! तिमीलाई– कुक्कु !!

●

सकिनँ !

मलाई मेघले एकै चोटी छयाप्प छोप्ता
म अताल्लिएर समाउन खोज्दा
त्यहाँ प्रकाशिलो विजुली निक्ल्यो !
जो मैले थाहा पाउन सकिनँ
आँखा झ्याप्प थुनें· · · !
मेघ तसिएर भाग्दा
हुत्तिएर– ठोकिएर– च्यातिएर
उनमा भएको रस चुहिएछ :
मैले थाहा नै पाउन सकिनँ !
मलाई मेघले उडाएर
वन बाग– हरियाली बनाएछन्
समुद्रमा डुबाएछन्
रगत भएको जगत् बनाएछन्
मैले थाहा नै पाउन सकिनँ !
हरियो– पहेंलो रातो रंगमा
उतारेर– चल्मल गरेर
मलाई सूर्यले शक्ति दिएछन्
मैले थाहा नै पाउन सकिनँ !
मेरो जीवन घुम्ने परिधि !
जीवनको पूर्ण उपाधि
आस्था– प्राप्ति– आड– प्रगाढ
जो मेरा अगाडि देखिइरहेछन्
कसैले मलाई सिकाइरहेछन्
मैले थाहा नै पाउन सकिनँ
मैले जान्न सिक्न सक्तै सकिनँ !

नदिनु थियो बरु !

यो संसारमा– मलाई
यत्रो धनराशि किन दियौ ?– विभो !
मेरो मगज बिथोल्न !
एकातिर तिमीले मेरो
स्वभाव र विचार
क्षुद्र र दरिद्र पारिदियौ
अर्कातिर भने– यो विश्व नै जिम्मा दियौ !
तिमी कस्ता नि प्रभो !
एकातिर भने तिमीले
मलाई– जम्मै दियौ
अर्कातिर भने तिमीले
के दियौ र– विभो !
मेरो शरीरसम्म पनि लियौ ?
कस्तो नि तिम्रो– लीला ??
एकातिर भने जड बनायौ
यो पृथ्वीको अचेतनपन !
अर्कातिर भने : चेतनाको
पिण्ड जस्तो : चलमल पलपल
बढ्दो स्पन्दन !
मेरो जीवन दोसाँधमा !
तिमी साँघमा नि विभो !!

●

स्थिति–बोध

विभो ! आज संसारभरि
कोलाहल मच्चिरहेछ :
कसैको मन मगज टुङ्गामा छैन :
यस पृथ्वीको सौन्दर्य लाली पनि
अशोभा भैसक्यो :
कादम्बिनी काली भैसकिन् :
मायाले पनि बाँध्न सकेन !
प्रेमले पनि थाम्न सकेन !
गीत सङ्गीत फिक्का भैसके
मुग्ध पार्न सकेन– सकेन
ए विभो ! सक्तै सकेन !
ज्ञानले पनि यहाँ सबैलाई मुछ्न सकेन
रातका तारालाई कसैले गन्न सकेन
दिनका आँखा लोभ्याउने
हरिया वन बगान, कोही हेर्न भ्याउदैन
यहाँ मान्छे अर्थोकै हेर्न भ्याउदैन
घैला फोरेर– भित्र हेर्न भ्याउदैन
हत्या गरेर रगत हेर्न भ्याउदैन
प्रभो ! यहाँ म भन्न सक्तिनँ
यस पृथ्वीमा सबै कुरो भयो
नभएको त म भन्न सक्तिनँ, सक्तिनँ
यस पृथ्वीमा अनौठो विकास !
विनाश पो : हुने हो कि विभो !
केही जानी नसक्नु भो !!

मेरा तृप्ति !

पर्ख है · · · पर्ख · · · ए मेरा प्राप्ति !
म तिमीलाई पछ्याउँछु :
पछ्याउँछु ए मेरा प्राप्ति !

ए तिमी आसक्ति वनेर
मेरा आशामा रमाएर
अघि अघि बढिरहेका !
मलाई लोभ्याउँदै ए मेरा · · · सिन्धु !

म लाटो, वाटो पछ्याएर
आइरहेछु ए प्राप्ति · · ·
हे दृष्टि– सृष्टि– वृष्टि ! पर्ख है पर्ख...
तिमी तृप्ति– ए तृप्ति ! !

मेरो मनलाई आँखालाई
के दियौ त्यस्तो– ए तृप्ति !
मेरो जिब्रामा के दियौ ए !
ए स्वाद– याद– प्यार !
सार–संसारमा पछ्यायौ ! !

के हे ! प्यारा, सार !

पर्ख है पर्ख ! ए मेरा त्राण–प्राण नवीन–रेखा देखा !
हे रुचि सुरुचि प्रसाद– प्रभात : सौन्दर्य लाली
रूपाली सुनहली थाली नवदली रही रह !
म समाउँछु पर्ख– पर्ख... ! ए मेरा तृप्ति ! !

●

समय !

मसित समय हिंडेको छ कि
समयसित म हिंडेको छु ?

समय टाँसिएको पनि जान्दिनँ :
समय पछ्याइएको पनि जान्दिनँ ।

ए विभो ! मेरो शरीरले
सिंगो समय वोकेर,
हिंड्छ कि कसो हो ?

हिंडेको वा नहिंडेको
थाहा नै नपाउने–

धन्य धन्य हो !!

फुक्कापन

मेरो शरीरको धारो : एकैतिर– फर्काए पनि
निश्चितताको– पदमा बहाए पनि
मेरो मन फुक्का छ : जता पनि फर्किन्छ;
रुट्ट कहिले वालक भएर खेलिरहेको हुन्छ !
कहिले तरुण भएर– मोह मधुर– पिइरहेको हुन्छ
स्वाद : चाखिरहेको हुन्छ :
कहिले बावु भएर वालकसँग– म्वाई खाइरहेको
कहिले बूढो भएर मृत्युको मुख हेरिरहेको हुन्छ
यो मेरो मन : सबैं फुक्का पन
जता पनि फर्किन्छ ! वाँगो टिंगो जता पनि फर्किन्छ
यो आकाशमा : यो गतिमा;
भेटिउन्ज्याल– देखिउन्ज्याल :
यो यहाँ रहिन्ज्याल !
यो यहाँ रहिन्ज्याल ! !

●

भाव–नदी

विभो ! मेरो मनवाट
नदी– वग्दैछ– वग्दैछ
भावको तत्व लिंदै
तरंगिदै– वग्दैछ– वग्दैछ· · ·।
मनको मैले– मुटुको थैलो
लिएर– आषाढमा–
वग्दैछ– वग्दैछ· · ·।

किनारको कायामा
माया नराखी भुल्का– भुल्की
डुबुल्की– मार्दै
धरती र आकाशको
सन्निहित चित्र– मुटुको
रातो र तातो– मनमा
लेदो– लिएर– मेरो मनमा· · ·।
वग्दैछ··· भाव–नदी

वादल– गाजल– मेघ–माला :
मेरा गालामा : पालामा :
भरिंदिदा– भरिएर ममा
रंगहीन पानी– तरंगदार पानी
वग्दैछ– वग्दैछ· · ए !

उन्नतिका भुल्का र छाल !
फालहाल्दै– काल काट्तै
हिंड्दैछ मेरो महानदी !
विभो !

खै सम्झना !

मनमा उठेका कुरा मनसँगै हराउँछन्
दृष्टिमा परेका दृश्य दृष्टिसितै विलाउँछन् :
कसले खिच्न सकेको होला
जीवनका मनका कुरा ?
कसले टिप्न सकेको होला
दृष्टिमा देखिने दृश्यहरू !!

कति मधुर– वाणीहरू
गाइए : अवोध कालमा
वोधमा अर्कै वाणी गाइए !
कस्ता कला कुँदिए होला ?
ती मूर्तमान् हुन सकेनन्, ती मूर्तमान् हुन···
कति झिल्काझिल्की उडे होलान्
संसारमा : अगुल्टो ठोसिंदा
मगजमा : अज्ञातमा
कति अभिज्ञ छन्
कति भुलिरहिएकै छन्
के सम्झिन सकियो र खै !
मेरो सम्झना यतिकै
वहदै– वहदै···!

—×—

विभो ! यो भावनाको विजोक नपार
जन्माएर– पसारो नपार !
पसारो नपार !! वरु सार–सार
विभो ! पसारो नपार !

●

प्राप्तिको खोजी !

चीज भए पनि रंगहीन भएर···
दर्के वर्षामा भिज्छ र
अक्षर मेटिन्छ कि भन्दै···
तिम्रो अप्रकाशित महाकाव्य
जोगाउन म मरिमेट्ने
म महामूर्ख : हे महाकवि !
तिम्रो छवि : मेरो दृष्टिको
रविमा : अलग्गिन नसकेर
म अलग अस्तित्व खोजिरहेछु नि !
प्यारा : हे महाप्रभो !
म भएर पनि नभए जस्तो
पाएर पनि चिन्न नसक्दो
खाएर पनि चाख्न नसक्दो
मलाई केले ढाक्यो नि !
यति नराम्रोसित !
सत्यमा पनि असत्य झैं बनेर
रूपमा पनि विरूप झैं बनेर
कस्तो नजानिंदो पाराले
म विग्रिएछु– कस्तो प्रभाव !
ममा हे मेरा प्राप्ति !

●

यो द्वन्द्वात्मक प्रवृत्ति !

द्वन्द्व त तिमीले जन्माएकै रहेछौ नि !···

द्वन्द्व हो कि मेल हो !
खेल हो कि ठेल हो !!
यो पर्गेल्न नसकेर
यहाँ विचारको वग्रेल भो
विभो ! यहाँ विचारको वग्रेल भो !!

जहाँ द्वन्द्व छ त्यहीं मिलन छ
जस्तो शुक्र र डिम्बको : द्वन्द्व
तत्वमा : अलग अलग अस्तित्व :
अस्तित्वमा द्वन्द्व !
द्वन्द्व–द्वन्द्वमा नवनिर्मित वस्तु !

विभो तिमीले द्वन्द्व त जन्माएकै रहेछौ
यसमा तिमीले हुनुहार गऱ्यौ
प्रकृति- पुरुष- जड- चेतन यी अनुहारमा

अहो ! दुनियाँको द्वन्द्व के हो ?
द्वन्द्व संगति हो वा विसंगति :
द्वन्द्व रगड वा झगड; जोड वा तोड
विभो द्वन्द्व क्रिया हो ?
वा कारण हो वा द्वन्द्व रूप हो ?
विभो ! यो द्वन्द्वको संसारमा
द्वन्द्वरहित हुन चाहनु,
अनर्थ कल्पना त हैन ?
फेरि यो सोध्नुपऱ्यो
द्वन्द्वरहित देश कहीं छ कि छैन ??

देखिने भएर आऊ !

विभो ! तिमीले केचाहिं विरायौ
तिम्रो यहाँ निन्दा हुन थालिसक्यो
मैले त खै : केही थाहा पाउन सकिनँ
तिम्रो निन्दा गर्न पनि सकिनँ !
म दीन– हीन– दास भक्त भएँ : हे महामति !
यो कुमति संसारले
तिम्रो रूप कसरी बुझोस् हे पूर्ण !
यो अपूर्ण र अभावको
दुनियाँले : तिमी भाव भावना
कसरी चिन्न सकोस् !
हे करुणेश–करुणानिधान !
यो कठोर कलङ्कको
चहरिलो : जहरिलो
मन मगजले : के ठम्याओस्
तिम्रो अस्तित्व !
तिमीले यही विरायौ होला नि !
तिमी संसारका– विपरीत
यो खण्डहर आंशिक संसारले
तिमीलाई नपत्याउनु
उनको ठीक दृष्टि !
तिम्रो देश– भेष– परिवेश
नबुझिने हुँदा बुझन नसक्ता नि यस्तो !
ए तिमी देखिने भएर आऊ !
हे महामति ! अधिपति !! प्राणपति !!!

●

कुँड़ियो

विचार साँच्दा साँच्दै– आज

तातेर-- गुम्सिएर– रहँदा अमिलिएर– चूक हुँदै
रहँदै बहँदै– कतै सेतो ढुँडी
काला पाप्रा– पर्दै, लेऊ लाग्दै

अहो ! आज खाई नसक्ने के हुन गो– ए विभो !

विचार– विचरण– आचार आचरण :

विभो ! यो अमिलो युगमा खार र रागिलों परिकारमा
गुलियै रहन खोजे पनि सम्भवतः रहन सक्ला र ?

अहो ! यो अमिलो संसारमा
अचार कैं अमिलिएको विचारमा ! !

अमिलो चपाउँदा : चपाउँदा
मेरा दाँत कुँड़िए– मेरा दाँत कुँड़िए !
यो अतिरिक्त अम्लले मेरा आन्द्रा चुँडिए

यो अमिलो कहिल्यै हटेन :
यो अमिलो घट्तै घटेन :

ए विभो ! तिमीले वनस्पतिलाई
अमिलोपन दिएर पनि– पाक्दा :
परिपक्व हुँदा : गुलियो पारिदियौ !

विभो यो उल्टा भयो
गुलियोवाट– आज अमिलियो ?

जिब्रो : पेट : दाँत :वाङ्मय :
देश– जगत्– फगत अमिलो ?
हाः हाः सहिनसक्नु यो सिरिङ्ग– कुँडियो
कहिनसक्नु– सर्वाङ्ग कुँडियो ! !

प्रभावको पराकाष्ठा

तिमी जतिसुकै रिसाए पनि
मेरो लागि के हुन्छ र !
मैले मधुरो पाराले
हाँसिदिएँ भने तिम्रा
ती रीस म भेट्तै भेट्तिनँ;
हुनत मेघ गर्जनमा
हुंकार र ठंकारले; बालक तर्सें जस्तो !
जतिसुकै जोडले– हावाले
झोक्का : फूलमा हाने पनि
फूलले उलटै मीठो सुगन्ध थपिदिन्छ
मसित तिमी जतिसुकै
कठोर र कडा भएर
आए पनि : म;– तातो– रातो नरम हुँदा
छेडिएर तिम्रो गलामा म
माला बन्दै– सुहाएको हुन्छु :
तिमी छिनाऊ : माला च्यात
तिम्रा नंग्रा दुख्लान् : मलाई के हुन्छ र ?
म पहेंलो धरतीको बिस्कुन
बीज बनेर उम्रिन्छु प्यारा !
मेरा सहारा !
गर्नु छ भने गर !!
म उदास र निराशामा जादिनँ
मेरो घुर्की बुझ्यो हैन प्यारा !
ए मेरा प्रियतम !

●

भन्न नसक्दो !

संसारमा एउटा चीज फुल्छ–फल्छ
टिप्छु–चुस्छु–छाम्छु···
तर विभो ! यस्तो स्वादको हुन्छ भनेर
म भन्न सक्तिनँ···!

विभो संसारमा यस्तो चीज देख्छु
समाउँछु– लगाउँछु– रमाउँछु
त्यो मेरो प्यारो बस्तु··
तर म यो मुखबाट वर्णन गर्न सक्तिनँ
सक्तै सक्तिनँ !!

अहो··· म किन सक्तिनँ ?
जो मेरा आँखाले देख्छ :
मेरा कानले सुन्छ :
मेरा छालाले स्पर्श गर्छ :
रसनाले रस लिन्छ
तर विभो ! यिनै अङ्ग अङ्गनाको ऊंकार
म यो कुरो खोल्न नै सक्तिनँ !

अङ्गहरूको बेमेल– समेल
हुन नसकेर– एकै चोटी
उत्कृष्टताको कोटिमा
म ज्यादै प्रभावित भएर पो हो कि ?
मनको– आत्माको :
प्यारो भएर पो हो कि ?

विभो ! थाहा पाएर पनि
मस्तो हुन पुग्दो !!! दिएर पनि केही लिन नसक्दो ;

●

दर्शन

तिमी संसारमा आएर
उदाएर– उज्यालिएर– प्रकाशपुञ्ज छरिसक्ता पनि
मैले देख्न सकिनँ नि ! हे मेरा प्राणनाथ !

म ओझेलमा र सेपमा, अँध्यारामा : र निसासमा
निसासिएर बसेको आत्मा !

तिम्रो दयाको प्रसारणमा म ठीक पात्र नहुँदा
छून र हुन नसक्ता म के हुन पुगेछु नि ! हे प्राण !

तिम्रो तारतम्यको : ताकतिलो
तत्वको भरण पोषण ममा :
नहुँदा : म त लक्पकाएर
लुतेपनमा : रनवनमा
छोक्राएर उदासिएर– निस्तो
जीवन सित मित लाएर
आस्थामा खिया लागेर,
विचारमा मक्किया लागेर
म युगौं सुतेछु– प्रभो कस्तो निद्रामा !!

आज कतावाट प्रसारित हुँदै ममा :
प्रेमको तरंगले छोएर ममा
विश्रान्तिको ढोका खुले जस्तो !
ज्ञानको– जीवनको,
आधार पाए जस्तो !

हुँदै म शीतलतामा नुहाएर हिंड्दा
म कसरी सम्बोधन नगरौं
मेरा प्राण ! ए प्राणेश्वर !!

●

अल्झिएको यात्रा

तिम्रै रूप सम्झेर– तिम्रो सरकारलाई
आफ्ना व्यथाहरू– सुनाएँ; उनी अर्कै सुरमा रहेछन्
मलाई उल्टै झपारे– मलाई झपारे– म जिल्ल भएँ
मेरा आँसुका : ढिकावाट कोमलता चुहुन थाले
फेरि नम्र भएर रुन थालें; तँलाई के भयो भन्दै
मेरो सातो खाए मेरो सातो खाए !

म दुःख पाएर– एकलै– एकलै
तिम्रो खोजमा हिंड्थें: एक दिनको कुरो हो !
दिन डुब्न आँटेको थियो– म आश्रयको आशाले
तिम्रो घरतिर : हानिएँ : वेगिएँ– सानु वहानामा :
वाटामा : आकाशमा : भयभीत दृश्य हेरें–देखें
कहाली लाग्दो– पखेटा फिजाएको : मार्ग ढाक्तै
मतिर हानियो : म मार्गमा ठिंग उभिएँ· · ·।
म के गरूँ– पछि हटूँ कि अघि वढूँ ?

मेरो प्राणको मायाले
मेरो यात्राको लक्ष्य बिग्रियो
विभो ! मेरा यस्ता यात्राहरू असंख्य यात्राहरू !
यस्तै तिम्रो सरकारको हातमा अल्झिएको छ;·

मेरो व्यथा वल्झिएको छ !
मेरो यात्रा अल्झिएको छ ! !

माफ विधान

विभो ! तिम्रो माफ विधान कस्तो !
दुनियाँमा कोलाहल मच्चाउने
तिम्रो नीतिलाई धुल्याउने
मेरो लागि त दुष्ट हुन् !
तिम्रो लागि भने के हुन् ?
विभो ! तिम्रो माफ विधान कस्तो !
तिमी कसका पक्षमा पर्‍यौ ?
हे दीनदयाल !
तिमीदेखि वाहिर छ कि
यो काल कराल !!
यहाँ पक्ष छ रे : द्वन्द्वजन्य हुँदै
जन जहाज अघि वढ्छ रे
तिमी सबैका : कसरी भएका छौ
ए परका प्रभो !
मतिर पनि त फर्की हेर !
खाँदै गरेको : मेरो शरीर– हेरिहेर !
विभो ! तिम्रो अस्तित्व म :
कहाँ गएर बचाऊँ– हे विभो !!
तिम्रो माफ विधान कस्तो !

●

बौलाहा विधान !

नाश यस संसारको–ब्रह्माण्डको
सबल पक्ष हो कि– के हो ?
यहाँ दिनहुँ युद्ध भैरहेछन्
युद्धले आफूलाई शुद्ध मानिरहन्छ

लडाकूहरू– लड्ने कारणहरू
हतियारहरू बनाउने हातहरू; यहाँ सबल भएर . . .
मानवहरू त्राहि त्राहि छन्
मान्छे यहाँ दिनहुँ मर्वैछन्
दिनहुँ मरिरहेकै छन्– विभो !

यहाँ हत्या गर्नु अवैध मानिन्न :
मासु खानु अपराध ठानिन्न :
धुत्नु–लुट्नुमा घीन मानिन्न !
यो कस्तो पाप– पाकेर पीप झरेको ?

यस ब्रह्माण्डमा बलको नै बोलबाला देखिन्छ
हतियार र शक्तिको नै राज्य देखिन्छ

यहाँ मानवको राज्य हुन सकेन, भावनाको राज्य टिक्न सकेन
प्रेमको राज्य हुन सकेन, कोमलताको मूल्य हुन सकेन
शान्तिको सुखको स्थापना हुन सकेन
यो के हो : यस ब्रह्माण्डको सबल पक्ष ?

यसले कहिलेकहीं मलाई तामस चढ्छ विभो !
फेरि सोच्छु : तामस मेरो वस्तु हैन :
नष्ट–भ्रष्ट–दुष्ट–क्रुद्ध, रुष्ट–युद्ध उसको पक्ष !
सत्–चिद् आनन्दको कल्पना
यस जगत्को दुर्बल पक्ष !

●

वरण गर !

ठूलो स्वर शब्द निकालेर
के गर्नु ठूलो भएर : · · · ?
यो खस्रो हात्तीको शरीर झैं
अतृप्त : असहज– भद्दा !
म मीठो र राम्रोवाट
अलग्गिन होला नि !
ठूलो हुन खोज्दैछु :
यो सानु अणुको संसारमा
प्रतिष्ठा र पदको नशिलो
लोभले मलाई : फुलेको वेलून वा
फोको : पोको पर्न खोजेर
म थोपोवाट : पड्किन
मलाई नसिकाऊ ! नसिकाऊ !!
मेरा प्यारा– विभो !
प्रभो तिमी नै हौ; म हुन चाहन्नँ :
मेरा प्राण : अहङ्कारतिर नमोड़
म टाँसिन्छु : वरु मलाई जोड !
मेरा सर्वस्व हौ; तन–मन–धन;
मनन–चिन्तन– मेरा राज !
हनन नगर : वरु वरण गर !!!

●

सस्तो–महंगो

प्रियतम ! मलाई हेंला गर्छौ हैन ?
म तिम्रो को हुँ !
किन यस्तो दृष्टि राख्यौ प्यारा !
मेरा सहारा !
म के भनूं र अब ?
मैले तिमीलाई सबै सुम्पिसकें
प्रियतम ! शान्तिका सागर !
मैले तिमीलाई पाउन सकिनँ
अनि सहज र सुख–शान्ति
देख्न सकिनँ– भेट्न सकिनँ
म के भेटूँ र ?–
प्रियतम ! तिम्रो स्पर्श नै पनि मेरो निमित्त
महँगो : म सस्तो ... कस्तो नि !
म जति गरिहेर्छु
जति उक्सिन खोज्छु
उति-उति म भास्सिसकें
यो भासिलो संसारमा !

●

मेरो राग

मभित्र एक खारिलो राग चल्छ
मभित्र न त बुता नै केही छ :
एक मुट्ठी प्राणको सहारामा
ढुक्ढुक् गर्दै रगत चल्छ
शक्तिको सहाराले !
मलाई जैले पनि
सहाराको खाँचो पर्छ :
र पनि मभित्र नजानिदो
खारिलो राग चल्छ !
मेरो शरीर नदेखिने
कण–कणले– बनेको र
सिङ्गो हुँदै जोडिएर : अल्झिएको छ :
अल्झनमा अल्झिएर प्राण !
म के के न हुँ भन्ने
मलाई बोध हुन्छ · · ·
म रागिलो हुन पुगें– हे · · ·
म थाहा पाउदिनें : के-ले हो · · · शरीरले ?
मर्दै– बनिदै जाने शरीरले ?
यसो छाम्दा चाउरी परेछ
केश पाकिसकेछ :
विभो ! मेरो तामस किन मेटिंदैन ?
बढ्दैछ– यो के-मा अडिएको छ
प्राणमा कि आत्मामा !

●

अन्तर्द्वन्द्व !

म अस्तित्ववादमा
अघाएर पो हो कि !
म तिमीसित मिल्न चाहदैछु ;
तिमीलाई नचिन्नु नै पो
वेस हो कि वा अहो !
कहिले कहीं म अस्तित्वको
भीख मागिरहेको हुन्छु :
तिमीलाई देखेपछि; अरू भुलिन्छन्
तिमीलाई भेटेपछि, अरू छोडिन्छन्,
तिमी सिन्धु हौ म विन्दु !
तिमीसित पुगेपछि म मेटिन्छु !
युगौं–युगसम्म अस्तित्वमा
उभ्याएइको मेरो जीवन !
मेरो ममता त्यसै मेटिंदैन
मेरो मन मात्र भनेर हुँदैन
म त नमीठोमा वानी भैसकेको छु
दुःखमा डढ्दै– मर्दै हुर्किई हुरिइरहेछु
एकातिर म भन्छु तिमीलाई पाउन
अर्कातिर म अर्कै भएर वसिरहेको छु :
जोडाउदा त म जोडिन्छु नै
यो मलाई विश्वास छ
म अलग अस्तित्व त हैन
तेल र पानी छुट्याए जस्तो !

●

विपरीत मान्छे !

विभो तिमीले विपरीत मान्छे पनि
जन्माउने गरेका रहेछौ नि !
विभो–तिमीलाई सम्वोधन गर्न खोज्छु :
विपरीत दिशातिर हिंडेर !
म उपहास पात्र वनेर !
हे दयानिधान !
दयालु आँखा लिएर
दुनियाँलाई हेर्न खोज्छु :
यो भोगालु संसारमा
भोगालु आँखाको सामु
म पागल वनेर डामिन पुग्छु !

यो झुटो संसारमा–सत्य खोज्छु
यो हिंसालु संसारमा : अहिंसक वन्छु
यो जड़ संसारमा : चैतन्य खोज्छु ?
यो दुःखको पापी जगत्मा
सुख– न्याय– शान्ति खोज्छु

म कस्तो विपरीत मान्छे ?
प्रेमले जगत् रिझाउन खोज्ने !

यो विकारमय संसारमा

निर्विकार वन्न खोज्ने
यो सम्झिदा मेरो हृदय झन्झनाउँछ

दुनियाँमा : अरूको रुचि मेरो अरुचि :

अरूको प्रिय : मेरो अप्रिय :

यो मादक संसारमा

म नशाविहीन भएर तिमीतिर हेर्ने
म संसारको विपरीत मान्छे :

यो विषालु संसारमा : रिसालु विधानमा–
प्रभावहीन : रसहीन !
उदास भएर : आकाशतिर हेर्ने

मदमोहको कुवामा मधुरता खोज्ने
म अनौठो मान्छे !

यस सिर्जनाको सिर्जित !

भन्न नहुने विपरीत मान्छे :

हे करुणेश – दयानिकेतन !

मेरो जीवन–दर्शन अनौठोपन !

●

घेरा–रहित

मेरो शरीर र जीवनको चावी
तिम्रै हातमा राखे पनि; कसो मेरो इच्छाचाहिं
वाहिरै रहेछ; कसो झुक्किएर ?
हैन उ पनि घेरावन्दी भएको छ !
मोहमा र के– के– मा अल्झिएको छ ! ! !
ए हैन, अलग्गै रहेको छ– उ अलग्गै रहेको
हेर युगौं युग सपनामा घुम्यो, विपना झैं वनेर
वज्दै गरेको वीणा खत्रक्क खस्छ
आँखामा : परेलामा नींद आएर
कानले आवाज थाहा पाउँदैन
यो संसारको प्रतीक वनेर !
ए मेरो शरीर · · · तिम्रो हातमा परे पनि
चाहँदैन आत्मा यहाँ सधैं वस्न
जसको– त्यो दिव्यताको !
त्यो पूर्णताको– झल्का पाएर
त्यो आनन्दको याद आएर !

●

मेरा व्यञ्जना !

मसित–अभिव्यञ्जना कहाँ छ र ?
म तिमीलाई– अभिवादन गरौं !
म जस्ता मान्छे : उहिल्यै जन्मिएर
यहाँ अभिव्यञ्जित भए !
र पनि म फेरि जन्मेछु नि !
यस सापटी संसारमा ;
मेरो व्यञ्जना सापटी भएको हुँदा
म व्यञ्जन टक्र्याउँदैछु– तिमीलाई
मसित भएको कुरो दिंदैछु– तिमीलाई
यो अन्हाएको गरिने संसारमा
म हराएर– यहाँ · · · · · ·
सबैको सहायताको शरीरमा
रथयात्रा गर्दै– हिंडिरहेको छु;
जवसम्म उनीहरू मार्दैनन्
तवसम्म म मेरो सम्झेर · · · ।
तब पनि मेरा अंगहरू मेरो खटन– खान मान्दैनन्
उनीहरू स्वयं सिद्ध छन्
म अन्धकारमा हेर्छु भने पनि
हेरिदिंदैनन्– हेरिदिंदैनन् ;
तब यो दुनियाँमा मेरो के रहेछ ?
ए विभो ! यो धितो तिर्न–
आएका दिन : मेरा जीवनहरू
मेरा व्यञ्जनाहरू कसका हुनेछन्
कसले लिनेछन् ?

●

प्रभाव

तिम्रो र मेरो प्रेमको :
सम्बन्ध छ रे ! ए विभो !

त्यसैले मलाई अकस्मात्
खलवल्यायो : कता–कता
फड्का हान्दै : मध्यरातमा !

तिम्रो कार्यस्वरूप
अक्षरब्रह्म बालपनका

खेलांचीको खेल खेल्दै
ठेल्दै–नयाँ–नयाँपनमा

लय– प्रलयको–
सिर्जनाको, रमाइलो पाराको
नाशवान् जगत् बनाउँदै
क्षणमा मिटाउँदै– गर्छन् रे !

यसै भुमरीमा म पनि
उनको खेलको रमिता हेर्न !

मायावी रसिलो– नसिलो रूप हेर्न
असत्– जड़- दुःख हेर्न
डुबेर लीला खेल्न- आएको रे !

आज कुसंग भएर– थाहामा
डुबें ए विभो !

आज तिम्रो सम्पूर्ण प्रभावभन्दा–
तिम्रो बालपनको प्रभाव खँदिलो छ

तिनको कारण रूप ;
नारायण नींदका राजा
असत्का : जड़का मालिक
दुःखका खानीः सुताहासित म मस्त छु

यिनको प्रभाव मेरो
कसरी छुट्छ– मेरो निन्द्रा ।
कसरी टुट्छ- तिमी नै जान !

तिम्रो सन्देश यहाँ आएर पनि
म उङ्दै छु– विभो !
यी नारायण जस्तै भएर !

●

हेर्दा–हेर्दै हराइगो

प्रेम मेरा आँखामा : रङ्गी– चङ्गी भएर
देखिन आउँथ्यो : उच्छलिदै– मडारिदै;
समाउन खोज्यें– अलि पर सर्थ्यो !
रंगी चंगी हुँदै, मलाई छुँदै;
समाउन खोजें भागिहाल्छ–
उम्किहाल्छ प्रेम– यो प्रेम;
के देखेर देखिन आइस्
हे प्रेम ! तँ के देखेर देखिन आइस् ?

फ्ल्याक्– फुलुक गर्दै– फ्लका दिंदै
हे प्रेम तँ कतातिर हराइस् !
मलाई लोभ्याउदै लोभ्याउदै;
तँ यस देशको हैनस् कि !
तँ यस परिवेशको हैनस् कि !!
अहो ! तँ यहाँ बाँच्न नै सक्तैनस् कि ?

तेरो रूपलाई मैले चिन्न सकिनँ :
सक्तै सकिनँ !

अहो ! तँ के भएर आइस्, मोह भएर आइस् ?
तँ हेर्दा– हेर्दै हराइस्
तँ हेर्दा– हेर्दै हराइस् !

●

म कति हराएँ ?

क्षणमा करोडौं ब्रह्माण्ड– बनाएर
मर संसारको निर्माण गर्ने
ए ! क्षरका रचयिता : ए मृत्युका मालिक ! !
आँखाका छिमिक्कमा–
असंख्य– ब्रह्माण्ड बनाएर
क्षणमैं– नष्ट गर्दै तिम्रो लागि क्षण :
हामीलाई– कायाकल्प ?
युग– युगान्तर– नबुझिने
तिम्रो मनवाट– महाशून्य !
काल निरञ्जन निराकार
ॐ कार– सत्व रज तमोमय
त्रिलोक– त्रिगुण– त्रिविध
त्रिकाल विहान– दिउसो साँझ
हे जलमा सुतेका नारायण तिमी शेष भएर
हिरण्यगर्भवाट प्रस्फुरण भएर
कमलको फूल झै
तिम्रो उत्पत्ति तिमी नै खोज्थ्यौ अरे !
पत्तो नलागेर गमगुम भएर
अगम भनेर– तिम्रो सिर्जनाउपर
पछि ब्रह्मा, विष्णु– महेश जन्मिए अरे
कार्य– स्वरूप यो अनन्त ब्रह्माण्ड :
मेरो ब्रह्माण्ड नै यहाँ हराउँछ !
म कुन् कति हराएँ होला– तिम्रो सामु · · ·
म कुन् कति · · · भएँ होला तिम्रो सामु

●

स्वप्न–शुद्धि !

यो स्वप्न-बुद्धिको संसार !
एक क्षणमा : स्वप्नअघि अर्को चीज समाएजस्तो !
यहाँका प्राणी कसरी जागृत हुन्
यो सुषुप्ति विधानमा !
नियमको अल्झनमा : चल्छ जीवन
यसको विपरीत को हुन सकून्
ए स्वप्न-बुद्धिका विधाता !
तिम्रो पक्ष यहाँ सबल नभएर के दुर्बल हुन सक्ला र ?
तिम्रो सत्ता रहेर पनि !
ए अज्ञानका राज ! अन्धकारका ताज ! !
तिम्रो पक्षको यहाँ जयकार छ
ज्ञान अज्ञान– रात– दिन,
साँचो झूटो– बोध अबोध !
यस परिधिमा : विपरीत भए पनि
तिम्रो सत्ताको उल्लङ्घन– भए पनि
थोरै- उज्यालो : थोरै ज्ञान :
अलिकति विवेक– यहाँ अवतरित–
भएर फस्टाउँदैछ– तिम्रो पन !
द्वन्द्वमाथि तिम्रो जीत हुँदैछ हे क्षरपुरुष नारायण !
जीवन मृत्युमा गएर शेष हुन्छ
आत्मा निःशेष हुन्छ– तिमी जस्तै !
संचारित हुने हुँदा– यसलाई संसार भन्यौ !
यहाँ मरिने हुँदा : मृत्युलोक भन्यौ !
जीव जीवित हुँदा– जीवलोक भन्यौ !
त्यसैले तिमी संसार उल्टा घुमाउँदै छौ !

●

उपहास छ !

तिमीले संसार कस्तो वनाएका छौ
म व्याख्या गर्न सक्तिनँ :
जादूले– जगत् वनाउने- हे जगका महान् जादूगर !

अघिका कुरा सम्झिन लागे
पछिका कुरा भुलिन्छन्;
पछिका कुरा सम्झिन लागे
अघिका कुरा भुलिन्छन् :
यो भुलभुलैयामा भुलाउन
तिम्रो त्यत्रो प्रयास ? कस्तो प्रभाव !
पूर्वजन्मको वोध कसमा दिलायौ र ?
तिमी कति जान्दा रहेछौ, हे जादूगर !
पूर्वजन्मको वोध गराएमा :
उस जन्मप्रति घृणा हुन्थ्यो;
उसको मोहले जीवन सुक्थ्यो ?
क्षण क्षणमा भुलाएर
वालकको किशोरमा भुलाएर
किशोरको वृद्धमा– भुलाएर
वृद्धको– आशा– मृत्युमा भुलाएर

भुलाएर संचारित– संसार ! ए भूलका मालिक !
म भूलको शूलमा सजिएर मीठोसित हाँसिरहेको छु !!

अर्को तर्फ– आशा– आसक्ति !
ज्वलन्त भएर म जलिरहेको छु;
अतृप्तिको भोजन खाएर हे अतृप्तिका खानी !
तिम्रो लीलाप्रति मेरो उपहास छ !

●

डोहोऱ्याइरहेको !

म संसारमा रोऊँ कि हाँसूँ : मरूँ कि– बाँचूँ ?
बाँचूँ भन्दा– दिनहूँ मरिरहेको छु
मरूँ भन्दा फेरि जीवित छु :
उज्यालामा जान्छु, आँखा थुन्छु :
"ऊवाप्प" अँध्यारो समाउँछु;
फेरि अँध्यारोतिर जान्छु : निस्पट्ट निसासिन्छु
केही क्षण– क्षणपछि आँखा थुन्छु !
थुन्दा अर्कै संसारमा हुन्छु;
रवि मेरो मगजको छवि !
अनेकतामा : एकता ऊँ, मेरो विचार अचार भए ऊँ
म पागल त भएको छुइनँ ?
यो एकताको आह्वानमा
विविधता देखा पर्छ !
रूप– वान्की– ढाँचा– गुण– जात !
स्वभाव– सहज– भाव !
ए भाव तँ भस्म त भएको छैनस् ?
यस कुराको यहाँ उन्मूलन
हुन थालिसकेछ : हे चिन्तन तँ बाँचिरहन्छस्
आजको नीतिअनुसार !
वरु चिन्ता गर : चित्कार गर !!
वरु युद्ध गर : मर : चिता बन !!!
हे निधान– म यस विधानको परिनँ !
मलाई अर्कै कुराले डोहोऱ्याइरहेको हुन्छ !
कतै डोहोऱ्याइरहेको हुन्छ !!
अरु कतै डोहोऱ्याइरहेको हुन्छ !!!

●

हे नारायण

तिमी घेरै लाटा हौ !
हे महाविष्णु ! तिमी यति लाटा हौ कि मभन्दा पनि लाटा हौ ।
तिमी माछमा मजाले वसेर माथितिर कहिल्यै हेर्दै नहेरेर
उँघो हेरेको हेर्‍यै : तिम्रा अनन्त काल बिते

मैले उँभो हेरेको हेर्‍यै अनन्त रात दिन– बिते
मेरा आँखा तिम्रामा परेर तिम्रा आँखा मेरामा परेर

तिम्रा आँखाले मेरा आँखा छेलिए

मैले उँभो हेर्नै सकिनँ ।

अर्कातिर बुझदा तिम्रा
निदाएका आँखाले प्रभाव पार्दै
मलाई पनि निद्रा आएछ :
तिमी ठूला : भएको हुँदा
तिम्रो रचना- सिर्जना : शिरमा लिंदा-लिंदा

मैले मुक्ति पाइनँ, थाहा पाइनँ
मुक्ति पाइनँ– पाउदै– पाइनँ

मभन्दा पनि लाटा हौ, ! हे यजलमा शयन गर्ने !
तिम्रो साथी बन्न म साधना गर्दैछु
तिम्रो नींद भगाउन म सङ्गीत भर्दैछु
तिमीलाई घच्घच्याउँन मैले आउनु नै पर्नेछ

ए उठ ! तिमी र म मिलेर

विशाल आकाश हानिन, हे नारायण
त्यो अक्षरातीत पूर्ण : पराकाष्ठामा टेकिन

पुलुक्क ती अनुहारमा देखिन !

पूर्णतामा

विभो ! आज म तिम्रो सन्मुख हुन पुगेको छु :
मेरा भय– व्याकुलता– विवशता
उदास– निराश, खेद– विषाद
बिलाएर ममा अर्कै उमङ्गले
छोएर ममा : विभो ! म– विभोर हुन पुगें !

म तिमीतिर हेर्छु– एक टकले
म तिमीलाई समाउन खोज्छु :
चुम्बनमा रसपान लिन खोज्छु
मैले भेटिसकें– अलि ओर आऊ- चुम्न देऊ
मेरो धोको मेटिन देऊ !!
मलाई तिमीसित मिसिन देऊ

तामसलाई धामस देखाउन
यो कुनामा राखेको तामस : तानेर लेऊ
म निर्मल हुन सकूं निर्द्वन्द्व रहन सकूं
म मेटिन्छु : म मेटिन्छु
ए विभो ! मलाई मिल्न देऊ !!

तिम्रो प्रेमको सागर !
त्यो दयाको आगर !! –ए व्यापक–सर्वतोमुखी !
म आइपुगें ! म आइपुगें
ठाउँ देऊ····!

अहो··· ! ममा अझै संशय !
हे ?··· प्राण म पूर्णमा आएर ?
····
···· यस्तो ?

●

विश्व–व्यूह !

हे विभो ! म यस विश्व-व्यूहमा अल्झिएँ
आफैंले बनाएको व्यूहमा अल्झिएँ–
यो अल्झिएको कुरो भनूं कि नभनूं
विभो ! मैले समुद्र प्यूँन चाहेको हैन
यो पृथ्वीलाई काँधमा बोकेर आउन मन गरेको हैन
यो संसारको गतिमा
अवरोध गर्न मन गरेको हैन
यो संसार त मैले पो बनाएको रहेछु
म पो संसार भएर उभिएको रहेछु
म पूर्णतमको प्रकाश भएर मुस्कुराएको रहेछु
मलाई अहिले सपना भयो
यो शून्यमा ग्रहहरू
रमाए जस्तो– हे यी तुच्छ–
मेरा आँखाले के देख्यो ?··· यो के हो ?
हे मलाई सधैं- निशाले
यो मोहमा जीवन दिए झैं लाग्यो
तिमीलाई कस्तो लाग्छ हे ! शब्द छैन···?
अनन्त पराकाष्ठाका किरण
अब छोपिएर सधैं रहला र : हे ! धिमी अन्धकार
ती अनन्त शक्तिपूर्ण किरणमा मैले पाइलो
राखे झैं मलाई भयो, मलाई भयो
हे अन्तर्शक्ति तँ कता हेर्दैछस् ?

●

चेष्टा !

छोपिएको कुरालाई कल्ले हेर्छ र ?
यहाँ मान्छे उधिन्न सिपालु भैंसके · · · !
हे प्राण ! यहाँ खोलेर–च्यातेर
देखाउनुपर्छ · · · ल त हेर · · · !

लुगा लाएको छ भने
उधारेर · · · नाङ्गो · · · हुनुपर्‍यो
विर्को लाएको छ भने
खोलेर देखाउनुपर्‍यो, दानाहरूलाई केस्रचाएर
यहाँ आँखाहरू लोभी भैंसकेका छन्
चित्तहरू चोर भैंसकेका छन्

हो ? यहाँ मगज उदाङ्गिसके ! · · ·
जड़ पुस्तकालयमा थुप्रिसके ! !
कसले हेर्ने सुकेका मगजहरू ?
रहरलाग्दो गमलाको फूल सुँघ्न छोडेर
· · · सुकसुकाउँदो · · · मा चुम्न छोडेर
विभो ! यो नाङ्गो जमानामा
ढाकिने चेष्टा नगर !
नगर– वरु यता हेर !

●

वरदान

मलाई एउटा कार्य सुम्पिदेऊ !
जसमा अलिकति बुता पनि थपिदेऊ
त्यस पृथ्वीमा गएर– म यो गर्न सकूँ
समग्र मानवात्मालाई ल्याउन सकूँ :
मलाई एउटा प्रकाशयान देऊ !
ज्ञान थोत्रो भैसक्यो :
उडानमा गति जन्मिन सकेन :
किन हो · · · के के लिन सकेन :
दुर्घटना पो भएर हो कि !
मैले त केही थाहा पाउन सकिनँ :
विभो ! यो अत्याधुनिक युगमा
सबैलाई मन पर्ने– सबै आँट्न सक्ने
मलाई · · · महान् · · · उडान देऊ !
म पृथ्वी नै उडाएर : ल्याउँछु
जो तिनले थाहा नै नपाउन्
मलाई यस्तो विशेष शक्ति देऊ !
संसारका सबै आत्मालाई
तिम्रो · · · अमर देशमा ल्याऊ !
त्यो– प्रकाशयान देऊ ! विभो · · · !
मलाई यही नै वरदान देऊ !

हातमा

'आज के देख्नुपर्‍यो · · ·
आज के सुन्नुपर्‍यो · · ·
विशाल आकाशमा माथिबाट · · ·
अमृतको घड़ा झरे जस्तो :
तल माटामा : अजम्मरीको
विरुवा उम्रे जस्तो !
कस्तो–कस्तो हुँदै · · ·,

मेरा मनमा, वाणीमा
फूलमा · · · पातमा
हातमा · · · जिन्नामा
कानमा · · · छालामा
रङ्ग-तरङ्ग हरेकमा
आज अर्कै हुँदै ममा
यो जनमानसमा · · ·
पुग्दै · · · पुग्दै · · ·; पिउँदै · · · पिउँदै :
जाने हो; पुग्ने हो
यो यस्तो वस्तु !
यो हातमा · · · हे विभो !

●

पत्याउन पाएको छु

मलाई पूरा पत्यार छ–
तिमी · · · जे पनि गर्न सक्छौ !
मलाई पूरा विश्वास छ
प्रकृति– वनस्पति– प्राणी
जीवन–गुण : तत्व–मिश्रण
गति–सङ्गति–प्रगति–निवृत्ति :
प्रवृति–स्थिति–सिर्जना–रचना
हेर्दाहेर्दै मलाई यसमा–
पूर्णतया पूरा पत्यार छ
तिमी जे पनि गर्न सक्छौ;
मलाई पूरा पत्यार छ · · · ; मलाई पूरा पत्यार छ
स्वाद–रङ्ग–रूप बदल्न सक्छौ
तीतो– गुलियो पार्न; गुलियो– नुनिलो पार्न
अमिलो– गुलियो पार्न; गुलियो तीतो पार्न
तिमी जे पनि गर्न– क्षण-क्षणमा
मैले बुझनुभन्दा अगाडि नै !
विभो तिम्रो प्रविधिवाट, म ज्यादै प्रभावित हुँदै :
पानी पानी भएर बगेको छु !
गिरि झैं, समुद्र झैं, स्थित देखिए पनि !
विभो ! म पूरा पत्यार गर्न पुगेको छु;
अब म तिम्रो परीक्षा गर्दै, यो युग तिम्रो सामुन्ने देखाउन
तिमीलाई सुम्पिन : तिम्रै मधुरतामा पम्पिन :
म पल्केको छु– विभो ! म ढल्किन पाएको छु :
हेर्दै छु; अमिलो युग– कृत्रिम जडान !
यो जहाज– महान् सागरमा ढल्पल !

●

मोल– अनमोल !

प्रभातमा पृथ्वी सुनले मोरिएको देख्छु !
उषा उघ्रिदा हीराको विस्कुन देख्छु :
प्रात : रविको किरण छरिंदा
रेडियमको रङ्ग, मुगाको झल्लर !
मोतीको चमक देख्छु; · · ·
जुन किरण गएर कलिला हात · · ·
विरुवाका पातमा ठोकिंदा
ठीक बाह्र वजे म हेर्न सक्तिनँ– प्रज्वलित · · ·
विम्वका प्रभावहरू · · · !
केही क्षण पछाडि चाँदी टल्केको
रोशनी झैं प्रतीत हुन्छ;
अपराह्नमा पितलको पहेंलोपन !
साँझ अगाडि तामाको लाल गुलावपन
सन्ध्यामा फलाम मोरिएको रङ्ग :
जो वहुमूल्य छ : त्यो सित्तैं पाइएको छ :
जसमा दिव्यता छ : त्यो नचिनीनै रहिरहेको छ;
जो सहज प्रवृत्ति छ, थाहा नै नभै भोगिरहिएको छ
विभो ! यो नचाहिने कुराको खेदो भो !
अप्ठ्यारो असजिलो कुराको धोको भो ! !
विभो ! यो मलाई मेटिदेऊ !
तिम्रो त्यो अनमोल दिव्यतामा–
हाँस्न–खेल्न सिकाइदेऊ ! सिकाइदेऊ ! !
मेरा हात समातेर आतेताते गर्दै– थिग्रिंदै– वामे सराइदेऊ !
त्यो अनमोल मोतीको हारमा
विहार गर्न– चुम्न सिकाइदेऊ !

●

अतिक्रमण

यहाँ एउटा सुन्दर–विशाल
हिमालले घेरिएको राष्ट्र थियो
त्यहाँ हिउँ जस्तै श्वेत मान्छे वस्थे
हरिया वन-वगान– फूलका झाँकी
शीतल– लहरा, पहरा, छहरा
पाखा भित्तामा– मूल फुट्ने :
कतै दूनहरू–मदेश– . . . . . .
भित्री मदेश– गहीरा, दह-जलथल

खाल्डामा सबैतिरवाट
भरिएर जाने–आउने–
थियो; रस–राज–विराज–धिराज ! ! !
आज के हुन गयो अहो . . . . !

हिमाल पग्लिदैछ : पहाड़ धस्किदैछ
रातोमाटो वगेर– सेतो·वगर टल्किदैछ
कतै सागर पुरिदैछ : आगमनमा आगन्तुकहरू
धमाधम थुप्रिदैछन् . . .
शान्तभूमि देखेरै होला !
विनिमय कलाकारिताले
उतै कतैका चीज वीज–ल्याएर
यता मख्ख वनाएर– हा : . . . . .

यहाँ सर्वस्व हरण भैसक्यो !
प्रिया –अर्काकी भै सकिन् :
ए विभो . . . . . .
यस मुखवाट के आवाज लिंदो !

बाँडिदेऊ !

मेरो जस्तो सुख : सबैलाई बाँडिदेऊ !
हेंला नगर . . . यहाँ
सबैलाई सुख बराबर बाँडिदेऊ ! !
ईर्ष्या, रीस विनाको
न कतै चुँडाइएको : न कतै खोजिएको
न कतै मार्का लागेको : यो मधुरो मीठो सुख :
बाँडिदेऊ –सबैतिर –बराबर :
बाँडिदेऊ -यो बाँडिदेऊ ! ! !
यहाँ पक्षपात चल्दैछ हगि ?
दरिद्र र दुःखीको जन्म दी :
भोगी र रोगी : असंख्य !
यो अमिलो प्यास मेटिदेऊ !
यहाँ मलाई जस्तै : रसिलो रस
जिब्रामा : बिन्दु चुहाइदेऊ !
सुहाइदेऊ ! ! दिलाइदेऊ ! ! !
विभो ! यहाँ मान्छे मरिसक्यो !
अहो ! यो जगत् के खोज्न तम्सिएको ?
एकपल्ट यता हेरिदेऊ !
यो विचार गरेर मलाई जस्तै उद्धार गरेर
विभो ! यो नीति फेरिदेऊ !

●

यस्तो लाग्छ

मसित जे छ, म त्यही टक्याउँछु
ए प्यारा ! मसित जे छ
यो भन्दा बढी मसित लिन चाहेमा
प्रहार हुनेछ : प्रहार हुनेछ :

●

सुनन !

तिम्रो सरकारले कहिलेकहीं : मभन्दा होचो :
छहारी दिन्छ– त्यसमा ओत लाग्न :
मलाई ढल्किन मभन्दा अग्लो सिरानी दिन्छ
तिम्रो सरकारले मेरो लागि यस्तो उपकार गर्छ;
ए विभो ! तिम्रै प्रतिनिधित्व गर्दै !
ए विभो ! तिम्रै प्रतिनिधित्व गर्दै !!

●

ऊर्ध्वता

ऊर्ध्वतावाट कहिले . . .
दूर गराउँछौ – ए विभो . . . . . !
यो ऊर्ध्वतावाट मलाई . . . . !

ऊर्ध्व मुख भएको घडा :
चुमेर फहिल्यै अघाउन सकिनँ,
यसैमा म अल्झेर :
अल्झेको : अल्झियै गर्न पनि सकिनँ
अहो ! मलाई के हुन गो ?

ऊर्ध्वता आकाश हो कि पाताल ?
म उँभोवाट संचारित : मेरो जरो उँभो ? अहो !
वनस्पति उँधोवाट : उँभोतिर :
मेरो ऊर्ध्वता कि : उनको ऊर्ध्वता ?
उनका हात अङ्ग उँभो फर्केका ;
मेरा हात अङ्ग–उँधो . . . फर्केका;
मेरो मन मगज : ऊर्ध्व हो कि ठीक हो ?
मेरो जे छ त्यो सबै उँभै छ :
विभो ! यो विचार गर्दा . . . ठीकै जसो हो ? . . . . .
चाँडो: यो–ऊर्ध्वतावाट–दूर गराउन
निधो भए हुन्थ्यो ?
निधो भए हुन्थ्यो ??

●

कहाँ पुग्यो र ?

मेरो नशाको रगतले, जति रफ्तार लिए पनि
ऊ· · · कहीं गएको छैन
उसले केन्द्रलाई छोडेको छैन ?
नदी जति नै दौडे पनि, छाँगो– धारो; झरना-
फोहरा हुँदै-- हानिए पनि, उसले-- उसको धारो–
मुहानलाई कहिल्यै छोडेको छैन
उ कतै कहीं पुगेको छैन !
आकाशका अदल- बदल बादल, यताउति नीला- काला मेघ
उडी नै रहे पनि, थर्कन-- गर्जन
गरी नै रहे पनि उसको पानी कहिल्यै सिद्धिएको छैन
उसको आकाश कहिल्यै रित्तिएको छैन
हरियो झार बढ्छ वृक्ष बन्छ :
लहरा अनन्त झाँगिए पनि
उसका जराले माटालाई, कहिल्यै छाडेको छैन !
गतिमा खुइलिदै सुके पनि उ
कहिल्यै मरेको छैन, कहिल्यै मरेको छैन;
बीज- जीवित सृष्टिको, यो बदलिदै-बाङ्गिएको छैन
जस्तो छ : उस्तै छ :
विपरीत नौलो पृथ्वीमा; कोही जन्मेको छैन
बँशका- आकर्षणमा· · ·
कोही पछि हुटेको छैन, कोही फीका भएको छैन
मेरा नशाका रगतले
जति रफ्तार लिए पनि;
मदेखि बाहिर कहाँ पुगेको छ र !
म देखि बाहिर· · · ! · · · छैन ! ! !

●

अभिलेख !

नीलो आकाशमा :
किरणहरूका रेशा खिच्तै :
हरिया वनस्पतिको र, रातो प्राणीको रङ्ग लिएर
म तिम्रो चित्र कोरिरहेको हुन्छु :
म तिम्रो नाम लेखिरहेको हुन्छु :
विभो ! यो पाइएको मसीले !
हेर्दा– लाग्छ म चित्रकार :
झमक–चमक बीचको चमत्कार
विभो ! म जगत् देखिरहेको हुन्छु;
चालमा चकित परिरहेको हुन्छु;
थाहा पाएर हैन– थाहा पाएर हैन :
जसको स्वागत गर्न– श्वेत बादलहरू !
शृङ्गार गर्ने नीला–काला गाजलहरू !!
तितर–बितर नृत्य गर्दै, नगरा– मादल बज्दा
म हर्षले पानी–पानी भएर–
छोपिन्छु– लतपत हुँदै · · ·
विभो ! म पूरा · · · पूरा पोतिन्छु !
यो संसारमा लेख्नभन्दा · · ·
अब अलग्गै बसेर हेर्न रुचाउँछु;
तर पनि अहिले लेखाउँदै छौ
विराम नहुने अभिलेखमा :
कोरिंदैछन्– हलो, थलो, खलो
नशिलो प्रकृतिको थालमा
विभो यो वर्णको हरफमा–
म हेरिरहेकै छु ! ध्वनिमा वर्ण मोलिरहेकै छु !

●

भुलूँ कि सम्झूँ !

हे महिमाका मणि !
तिम्रो महानताको मालामा–
म परिधि बनेर :
तिमीलाई माझमा राखेर–
परिक्रमा गरेको– म कसरी भुलूं
ल· · · भन त विभो ! म कसरी भुलूं ?
उछिट्टिए पनि- यता- कता उभिण्डिए पनि !
यहाँ– स-साना परिधिका, चक्रहरूमा– न्यास्रो मेट्न
सिर्जनाका शीत ऊँ; कतै- गीत संगीत- जीवनमा–
मुछिए ऊँ : त्यही अनुकरणको प्रसाद !
अनन्त सूक्ष्म गोलाकार !
आकार- प्रकार– प्रकरणहरूको आभास
अभ्यास- आभ्यन्तर :
बत्ती निभ्दा ज्योति हराए ऊँ !
रोशनी लुप्त भएर- इन्धनमा मुछिए ऊँ ??
विभो ? तिम्रो महिमाको मणिमा–
म कसरी आँखा थुनेर, अवरोध हुन सकौं ?
ग्रहणीय प्रसादहरूमा–
म कसरी मुख थुनेर- बस्न सकूं ?
मेरो स्वभावमा खण्डित पार्न चाहे पनि ?
केवल– मेरो अनर्थ कल्पना· · · ?
विभो ! तिम्रो गुरुत्वको- प्रभाववाट–
म कसरी– अलग्गिन पुगें ?
म कसरी खुस्किन पुगें ??

●

निश्चिन्त

मलाई– शंका पनि छैन, भय पनि छैन–· · ·;
जुन बेला म : तिम्रो वतनको
पात्रमा– विहार गर्थें–
सिर्जनाका सालनालमा वेरिएर रहँदा–
सुरक्षित-- सु-पुष्ट- सु-पोषण !

मेरा शरीरमा पुऱ्याउथ्यौ
मैले चिन्ता लिएर हो र ?
मैले भीख मागेर हो र ??
ढोकाबाट- बाहिर गरायौ, तन्किने- औषधि- खुवाएर
वढाउँदै- वढाउँदै मलाई- पूर्णतामा पुऱ्यायौ
रेखामा छुवाएर- अर्द्ध विराम :
एक तह- अर्को तह- उही पारा, तत्त्वको भरण पोषण टुटेको छैन
वृद्धिले- शरीर फुटेको छैन- चिरा चिरा
यो कस्तो मिलान ! यो कस्तो जडान !!
यो जीवन- कति सन्तुलन !
मैले यसमा खिन्न भएर· · ·
आत्तिएर- निसास्सिएर- हतासिएर
उदासिएर के जित्न सक्छु र ?
भयमा भयभीत हुँदा–
म मेरो कुरो- के बुझ्न सक्छु र ??
विभो ! यो मेरो गममा · · ·
यो लेठालाई यतै छाड्दै– त्यतै कतै समाउँन--
पाउने नै छु हैन ! · · ·
त्यो महान् मार्गमा !! त्यो महान्· · ?

उपमा

कुनै वस्तुको– कुनै वस्तुमा, उपमा दिन सक्तिनँ–
कसैको पनि– कोही वस्तुमा, दुरुस्तपन भेट्न सक्तिनँ
विभो ! म कसरी उपमाको-
भरमार- अवतार गर्न सकूँ !

चार युगका– अनगणित– शताब्दीहरूमा
अरबौं– अरब मानव चेहराहरूमा
आज सम्मका; कसको कोसँग
ठ्याक्कै- अनुहार मिल्न सक्यो र ?
ज्यूँ का त्यूँ संसारमा को हुन सक्यो र ??

त्यसैले मलाई लाग्छ · · ·, यो अनुपमको प्राङ्गणमा
विविधताको लालीमा, अनेकताको थालीमा
तिम्रा वारीका वन- फूलहरूमा !
सबै चिनिने पार्नु– अहो !
यो अनुपम प्रसाद !

मेरा मुखले जयगान नगरे पनि
मेरा तनले स्वभावैले, यसमा सहर्ष स्वागत गर्छ
गर्छ : गरिरहेकै हुन्छ · ·
मलाई थाहा दिइरहनु पनि · ·
उसको निमित्त– प्रयोजनहीन हुन्छ
त्यसैले त मलाई जान्न गाह्रो पर्छ
जाने पनि नजाने पनि– यो अनुपम उदाहरण
विभो– उपमामा त्यो– साथै "म"
कुनै– वस्तुको– कुनै वस्तुमा–
उपमा दिन सक्तिनँ !

उत्सुकता र पूर्णता

कोही जाने पनि; नजाने जस्ता :
जान्ने अभिप्रायमा– मौन !
कोही नजाने पनि– जान्ने जस्ता, बोल्न देखिन रहर गर्दा !!
विभो ! यो संसार · ·
जुनेली रातमा– घरबाट
बाहिर आँखा पुगे; त्यहाँ एउटा कदमको · ·
रूख देखियो : जेठ महीनाको अन्त्यतिर
हेर्छु फेद सुरिलो :– केन्द्रीभूत हाँगा
पातमा जुनकीरी- गोलाकार दाना
श्वेत– रोशनी– दीप– धिप्धिप :
सूर्यको गोलाकार झैं– रातो– पहेंलो
झल्लरी झुर्का- नीला- पीला फुर्काहरू
कतै भुनुनुन्न– आवाज– ध्वनि, हरिया पातमा नीलमणि !
मेरा- आँखामा रेडियम झैं चमक !
अहो तिम्रो वैंशको झमक– हे कुमुद !!
रङ्ग विरङ्ग विहान मधुपमा
मह सञ्चित गर्न– तिमीले पठाएका !
अमृत खेर नजान- वासना नउम्किन :
अहो–! केही दिनपछि–! त्यो हरियो भयो !
फेरि रातो भो- भास्करको तरङ्ग झैं
कृष्णको झाँकी : त्यसैले त होला :–
जाने पनि नजाने जस्तो, टुलुटुलु हेरिरहेको · · · · !
न जान्नेहरूले जान्न रहर गरेको !!
हो विभो ! यो जान्न रहर गरेको !!!

●

धानचमर ।

आज जेठको- अन्तिम हप्ता, आकाशमा बादल चारैतिर
घुम्म- धाम्म- कतै गर्जन- तप्लक्क पानीका छिटा–
विटा परेका पातमा : थप्लक्क तप्लक्क–
टप्पटप झर्दा- यी हरिया बारीमा–
मकैका- सेता जुँघा- नाटकको हास्य पात्र झैं
उनका मुखबाट : निक्लिएर : नुहिएर : झपक्क–
सप्तरङ्गको जादूगरी : अहो ! धानचमरहरू हल्लिदा
मलाई पृथ्वीको चमर हल्लिए झैं लाग्यो
विभो ! मलाई तिम्रो सामु : रत्न चमर हल्लिए–
भंगेराहरू उड्दा : फर्सीको पातमा
डाँक्लामा : भेट्नामा : पहेंलो फूल मख्ख ! फूली–
ससाना गट्टा– बारीभरि
कतै काँक्राका चिचिलाबाट : पानी तप्लक्क झर्थ्यो
भरखर जन्मेको शिशुमा : आमाका हातले–
नुहाए झैं लाग्थ्यो !
एक छेउमा आपका हाँगा : नतमस्तक
धरतीतिर- हरिया दानाको : पहेंलो पनबाट–
खत्रक्क खस्छ– पंक्षीको, चुचाको; चिरिबिरिले !
अहो ! यो जेठ महीना ! दिन भएर पनि
अँध्यारिएको छ– आकाशमा;
नीलोबाट- घड़ामा पानी बोकेर : छर्न ठिक्क पर्दैछ
विभो ! यहाँ स्वागत गर्न; पीपलका हाँगा हल्लिदैछन्
कोही- कालो छाता ओडेर : सेतो पानी हेर्दैछन्
अहो ! यो जेठ महीनाको अन्तिम हप्ता ।
आज जेठ महीनाको अन्तिम हप्ता !!

●

प्रथम झलक !

यस धरतीलाई नुहाउन
आज सागरदेखि जल ल्याएर · ·

. . . .

खन्याइदैछ- खन्याइदैछ
घनघोर वर्षाका लहरहरू
वर्षिरहेछन्- झरिरहेछन् !

अस्ति त मलाई भन्दै थिए हावा
म तुरुन्तै पानी झार्नेछु, उष्णताले पनि मलाई
जनाउदैथ्यो; म जल पठाइरहेछु;

जसको उत्पत्तिमा, बाफ- वादल चिसिंदा
वा तातिंदा वा ठोकिंदा
कतै विजुली कतै आवाज
थर्कन- गर्जन- रगड़- झगड
द्वन्द्व- मिश्रणवाट- आज

मेरा सामु- आज सर्वत जस्ता श्वेत–
धारा चुहिरहेछन्-
घनघोरपनको प्रथम झलक !
केही क्षणपछि हेर्छु :
आकाश निर्मल छ
धरतीतिर हेर्छु- हरियो लुगा लाएको छ
जल निर्मल- कसैमा- घुसिसकेको छ
यो सबै- सबैको स्नान !
स्नायुका रेशा- ढुक्ढुकी-- पहिरन
जीवन- धन !

●

फेद न टुप्पोको कुरो !

यो ऊर्ध्व- आकाशको : म के वर्णन गरौं
यसवाट मलाई के मिल्छ र ?
यसवाट मलाई के मिल्छ र ??
म कसको वर्णन गरौं; म कसको महिमा गाऊँ
मेरी मीठी माया पनि विल्छिन्
अरूको त म के कुरा गरौं
कुरा नगरौं; यो कुरा नगरौं !
म कसलाई के सुनाऊँ, यो ऊर्ध्वताको– महात्म्य :
जति सुनाए पनि– अहो !
अत्तो न पत्तोको कुरो : फेद न टुप्पोको कुरो
पत्याए पनि ठीकै छ, न पत्याए पनि छँदैछ
कसलाई म के कुरा मनाऊँ
यो दुनियाँमा के कुरा जनाऊँ !!
जान्नेहरू पनि यहाँ कोही रहेनन्;
जान्नेहरू पनि यहाँ कोही भएनन्;
यो हुँदै नहुने परिवेशमा–
यो पूर्ण ऊर्ध्वतामा–
स्वर हालेर सुसेलेर : म कसलाई के सुनाऊँ !
सुन्नत सबैले सुनेकै छन् : कान- नाक- सबैका छँदैछन्
यो ऊर्ध्वतामा- दिव्य स्वरूपको-
छिल्को- ल्याएर फुके पनि; यो चीसो- काँचो लठ्ठकमा
छिल्को निम्न सक्छ ! चिसा नागमा सुतेका-
नारायणको सृष्टि !
निद्रामा परेर सपना देखिएको संसार !

●

भाव !

मेरा शरीरमा जे कुरा भरिन्छ, मलाई जे जुन कुराले बस पार्छ
त्यही हो मेरो भाव !
जहाँ मेरा- इच्छा र चाहनाले--
केन्द्रविन्दु- छुँदै- कुद्छ
त्यही हो मेरो भाव !!
मेरो शारीरिकतामा भरिने रस
मानसिकता भएर- बाहिर निकिलन्छ
मेरो- मगजको रविमा :
जगत्का देखिने- झिल्का- झिल्कीहरू-
जसद्वारा मेरो बुद्धि जन्मिन्छ :
जसमा विकसित रूप- विवेक बारिन्छ
विभो ! मलाई यस्तै लाग्छ; यही हो मेरो भाव !
निद्रा- सुषुप्ति- जागृतमा-, भित्री चेतनाको चमत्कृति;
जो सधैं केही कुरामा, मिसिइरहेको हुन्छ
जो सधैं केही कुरामा- उनिइरहेको हुन्छ
आकाशको विजुली जस्तो !
फूल फुलेर वासना निकिलए जस्तो !
विभो ! तिमीतिर हेरी हेर्दो !
दुःख दारुण्यमा पेलिंदा, निकिलने मेरा राग !
यही हो मेरो भाव ! विभो··· यही···
मेरा आँखामा जे देखिन आउँछ
त्यही हो मेरो दर्शन !
म जे भोगिरहेको छु-- त्यही हो मेरो जीवन ??
यही हो मेरो जीवन ! यही हो मेरो दर्शन !!
विभो-- जे हो- यही हो··· मेरो··· ?

●

आऊ–हेर्न

मेरो मगजमा विजुली चम्क्यो
चटचाङ्ग- वज्रपात भो····?
ठंकारको; म तर्सेर- सूर्यलोक पुगें;
मेरा मुखमा : संगीतको माधुरी
मेरा आँखामा : धप्प : बल्ने रोशनी
मेरा शिरमा- चाँदनीको फुल्लर;

ओठमा : लाल गुलाब- मग्मग :
मेरा श्वेत- दन्त- चकमक :
तलमाथिका जोडिदा; को हेर्छ मेरो अनुहार
यो पूर्ण विहारको- हाय चमत्कार ?
मेरो मगजमा विजुली चम्क्यो ?
रोकन- रोशन- घुम्न थाल्यो- छुंदै- छुंदै- उठ्न थाल्यो
मगजको कुनामा- भावको नदी घोप्टियो
शब्दहरू टल्किए- यो मेरो अन्तर चमत्कार··यो मेरो
को हेर्न भ्याउँछ– यो मेरो प्रकाश ?

मेरो मगजमा विश्व आएर डुब्यो
यहीं आएर- विलायो- अटायो–
यो देखि माथि उठेर हेर्न थाल्यो–
ए आऊ– यसको स्वागत गर्न ।
ए आऊ– यसको प्रखरता हेर्न !!
यो विभोको वासस्थान– मानवको उत्थान
तिमीलाई सित्तै देखाइदिन्छु
यो भाव भण्डार !–
·····

●

रसपूर्ण छ !

अहो ! क्या रसपूर्ण छ !, यहाँका फूल-फल- प्रकृति–
भरिभराउ छ- रसपूर्ण छ; –
केही क्षणको लागि तिम्रै जत्तिको छ;
सुन्दर छ; सुगम छ- आनन्ददायक छ
ए विभो ! तिम्रै - प्रतिविम्व न हो !
तिम्रोभन्दा केही कुरामा वढी भो !!
तिम्रो त्यो अलौकिकतामा–
यहाँका कुनै छैनन्; तिनको आभास पनि छैन
स्पर्श पनि छैन· · ·
तर विभो ! त्यो राज्यको यहाँ–
केही क्षण भए पनि; सवै खिचिन गो !
मलाई आज यस्तो वोध भो : मलाई आज· · ·
म दोसाँधमा छु !
तिम्रो विभागीयको; चमत्कारको चाँदनीमा
तिमी कतै बसेर- हेर्दैछौ· · होला !
विभो ! म यहाँ वसेर औंल्याइरहेछु
म औंल्याइरहेछु· · ऊ· ·
यो सुन्दर प्रकृतिको मनोरम छटा : हेर्दै–
त्यो पराकाष्ठाको विराटपट हेर्दै !!
अहो ! क्या रसपूर्ण छ !!
यो दोसाँध र- दोधारको कल्पना !
म परमधाम उतार्न- छवि खिच्न तयार छु
ए विभो- तिमी उद्घाटन गर्न आऊ !
मेरा कला- आत्मा- स्वीकार्न आऊ
अहो क्या रसपूर्ण छ ! अहो क्या रसपूर्ण छ !!

●

दुर्घटना नहोस्

आजको मेरो यात्रा : महान् यात्रा हो;
जसमा- तिमीले दिएको यानमा
अरबौं- अरब- प्राण- बसेका छन्-
सबै न्यास्रो मेट्न; रसिला- आँखाका साथै–
मनको उद्वेगमा : तिमीतिर हेर्दै–
यी आत्माहरू– जीवात्माहरू
उडी रहेछ- यान- यो यान !
मलाई आजको यात्रामा
उत्साहका र अभिभाराका
तरङ्गले कुत्कुत्याउँदै· · ·
ए विभो यो मेरो ध्यान–
यो यानमा· ·
यो यान कतै पहाडमा ठोकिन–
नपुगोस्- मेरो हर्षले गर्दा· · ·
मन उम्लिएर- तिमीतिर; हेर्दै हेर्दै
यो- यान उडान : दुर्घटना नहोस्· · ·
तिम्रो आह्वानको परिवहनमा;
यो अरबौं- आस्थाको प्राप्तिमा;
दुर्घटना नहोस् !
आजको मेरो महान् यात्रा?

आइरहेका छन्

हेर तिमीमा मिल्न संसार
अघि– वढेको– अघि वढेको– तिमीमा मिल्न
सबैका हातमा– कोसेली
सबै– सबैका मुखमा मुरली
तिमीलाई हेर्न– आँखा लिएर
हेर अघि- बढेको– हेर अघि वढेका ?
यो महान्– जहान
कोही– केही गरिरहेका
तिम्रो शिक्षा– दीक्षा लिइरहेका
वेगवान् सँग; जीवन निखार्न
हुर्दुराएर– शक्ति निखार्न
अघि– वढिरहेका तमाम ?
त्यसै- त्यसै- अज्ञातमा
कोही ज्ञातमा- छायाका साथमा–
हेर्दै– अँध्याराको मुख हेर्दै
कोही अँध्यारालाई कोट्याउँदै
ए छाया ! अँध्यारा !! तिमी पनि हिड़ !!!
ती उज्याला विभुसँग देखिन !
आफ्ना– आफ्ना हातमा कोसेली लिदै
मुरलीको ध्वनि- फुक्तै- दौडिदै-
पूर्व- पश्चिम; दक्षिण घुम्दै, उत्तरतिर सिरानी लाउदै
दशकोणका द्वार- खुल्ला गरेर
हातमा- अबीर र पुष्पमाला लिएर
क्रमश : आइरहेछन्– तिमीसित मिल्न
ए व्यापक विभो ! त्यो व्यापकतामा टेकिन !

●

मलाई के दियौ !

तिमीलाई चिन्न त्यति
खाँचो पनि रहेनछ;
किन चिन्नु ? नदेखिएको भए पो चिन्नु
जसभित्र नै बसिरहिएको छ !
उसलाई के चिन्नु ?
हाय ! म मूर्ख जीवनभर
तिमीलाई- चिन्दा- चिन्दै, मेरा साधना निखिए !
यी जीवन शेष भए !
ए ती कति बाठा रहेछन् ?
तिनले- पहिल्यै यो कुरा जानिसकेछन्
तिमीले सुटुक्क : कानमा; आएर- भन्यौ होला,
पक्कै भन्यौ होला- र त जाने त !
मलाई तिमीले यति दुःख दियौ
जीवनभर खोजायौ; जीवनभर खोजायौ;
यति हुँदा हुँदै पनि : पक्षपाती भएर
भोक- निद्रा- भोग- विलास-
सबै खोसिदियौ- यो उनैलाई दियौ !!
अरु घोप्टो पारेर लेखायौ !
खै- के देखायौ- के के लेखायौ
घोटाउँदा- घोटाउँदै- मेरो जीवन
यति छोटो पारिदियौ–
कि मलाई जिन्दगीको, रातको- दिनको बोध
बोधै खोसिदियौ ।
तिमीले मेरो हातमा के दियौ! - दियौ !!

●

घुर्की

मैले घुर्की लाएर के भो र,
मेरा हातको खेलौना- हरायो
भूइँमा लडिबुडी गर्दा– मेरो शरीर धुलामा मुछियो;
मेरो रगेडिएर शरीर खुट्टा ठटाउँदा
ठोकिएर नाक घोटिएर– घोटिएर–
मैले घुर्की लाएर के भो र ?

मैले रोएर के भो र ?
मेरा आँसुहरू हराएर;
मलाई दिन सक्दैनौ कि ?
मेरो घुर्की- चिन्दैनौ; ?
मेरा वाक्यले संकेत गरे त
तिमी बुझ्थ्यौ कि ! - बुझ्थ्यौ कि ! !
मैले के गरें त ?
मेरो माग तिम्रा आँखामा; देखिन आएन
मलाई फुल्याउन; तिमीमा जुक्ति आएन
जुन- जुन तिमी दिइरहेका छौ
कुन् खरो थपिदिइरहेका छौ
फेरि चूपलागे हुन्थ्यो भन्छौ
फुल्याउन पनि लाग्छौ
हाँस्छौ- मेरा मुखतिर हेर्दै- हाँस्छौ
नभएको तिमीसँग नभएको म
के माग्न सक्थें · · · र ?
ए विभो- मैले घुर्की लाएर के भो र
मेरो हातको खेलौना नै हरायो !

सूत्र देऊ

तिम्रो सरकारले मलाई, जीवनको प्रारम्भिक कालमा
थुप्रै- थुप्रै रहर दिएको थियो;
त्यो पछि सबै भोगमा खन्याएर
रहरहरू निचोरेर- उनको शोभाका-
दीपक वालिदियो; मलाई वालेर· · ·
मलाई- निखारेर- निचोरेर- फुस्रो- फोस्रो पारिदियो;
ए अहिले मलाई- तिमीतिरै- वढाउदै छ; · · ·
अह्राउँदै छ; · · · तर पर्खालहरूले घेर्दै· · ·
मलाई– अघिको सम्झनाको चित्रपट· ·
घुमाइदिएर- झट्ट- झट्ट- मायाको झम्टचाईको
रस वहाइदिएर- घिड्घिडोको;
रथमा हालेर- डोहोऱ्याउँदैछ- डोहोऱ्याउँदैछ;
विभो ! म यसवाट कसरी उम्कियूं ?
विभो ! म आज टुलुटुलु हेरिरहेको छु !
अव म के गरूँ– के गरूँ
उनले दिएको उनैलाई टक्टक्याएर
म आउँछु : म आउँछु–
मलाई एउटा सूत्र देऊ !
मलाई एउटा सूत्र देऊ !!

भरिसक्य !

मेरो कुरो तिमीले बुझेको छ
तिम्रो कुरो मैले बुझेको छ;
मेरा कुरालाई त्यति मेहनत गरेर
सुनाउन; केही पनि प्रयोजन देखिन्न !
योभन्दा वढी भन्न : केही काम छैन !
तिमीसित केही नलागेर
विद्रोह गर्नुपरेका दिन
मेरा कुराहरू भक्कानिनेछन्;
अहिले तिमीसित मेरो– सम्भावित
सम्वन्धको गहिरो छाप छ;
तिम्रो कुरो मैले बुझेको छ;
मेरो कुरो– तिमीले बुझेको छ;–

●

सौन्दर्यको रोशनी !

तिमी सौन्दर्यका रोशनी
जहाँ प्रेमको प्रदीप बल्छ !
किशोर लीलाको चाँदनीमा
धप्प- धप्प तरङ्गिदै– प्रेम उठ्छ
जहाँ प्रेमको राज्य छ
जहाँ सधैं किशोरपनको दर्शन छ
त्यसको झिल्को यहाँ आएर
त्यही किशोर-कालमा प्रदीप झैं
रोशनी झैं- प्रेम चुहिन्छ ! प्रेम चुहिन्छ
जहाँबाट सृष्टिको कल्पना हुन्छ !
ए मलाई त्यसैको झल्का आएर
यसरी तान्यो- यसरी तान्यो !
चुम्बकीय तत्व भएकाले;
म व्याकुल भैरहेछु; के गर्नु र त्यो–
जीवन्त रहन सक्तैन; आयो गयो क्षणिक !
हेर्दा- हेर्दै- त्यो- रोशनी; त्यो सौन्दर्य–
हरायो– हरायो– हेर्दाहेर्दै– विलायो ?
ए विभो ! त्यो अर्कै रूप देखिन थाल्यो–
त्यो अन्तै सरेर गयो; अर्कै भयो–
उस्तै भयो· · ·!

●

वाणी–विधान

यस जगत्को रहन- सहन
व्यवहार- विचार- आचार- विधान नै
कति चहरिलो- कति जहरिलो
यसको प्रभावले; यो हृदय ऋङ्किरहन्छ
पोलिरहन्छ यो मेरो मन !
म यो कसरी सहन सकूँ
अटल बाँधेर आँखा चिम्लेर विना बुतामा
खपेर टिकेर तिम्रो जयकार गरौं
ए विभो– म कसरी गुणगानमा भाग लिऊँ !
एकातिर तिम्रो प्रेम त्यस्तो !
अर्कातिर- यो विधान यस्तो ! दोसाँधमा जीवन
प्राण अल्झिरहेको भड्किरहेको
विभो तिमीले यसमा करुणा- दृष्टि राखिदिए हुन्छ
यो शूलको विधानमा !
विभो- यो कस्तो भो; सच्याउन पनि अप्ठ्यारो
यो दुःखमा हालेर !
मेरो वाणी सुनी नै रहने हो भने मेरो वाणी निखियो
व्यथामा पारेर, पुकारको माला उनी नै
रहने हो भने;
म थाकिसकेको छु;
मैले रुँदामा तिम्रो चित्त- बुझने नै हो भने–
अब म घेरै के भनिरहूँ !
ए विभो · · · यो कुरो !

सन्त्रास

मलाई कसैले बोलायो–
मलाई कसैले बोलाई रहेको थियो–
मैले सुनेको नसुन्यै गरी- हिडेको हिंड्यै गरें
उनको बोली नसुनी, सुन्दै नसुनी !
कसैले ईशारा गरिरहेको थियो
सुसेली रहेको थियो !
मेरा पछि– पछि पछ्याउँदै थियो
कुद्दै हात हल्लाउदै एक साथी, साथी भन्दै,
पछि फर्केर हेरें- पूरा हेर्न सकिनँ;

म अझ पर पर भागें; मलाई सन्त्रासले घेऱ्यो
मलाई– आफ्नै कुराले बेऱ्यो–
मैले सोचें– यसले मलाई खेदयो :
मेरो लेदो– भावनाले मलाई खेदयो !

मलाई प्रहार गर्ने भयो;

म भाग्दै गएँ– पर- पर- अलि पर
म रनथनाएर भाग्दा खुर्मुरिएर लडें– झरें
तल– तल भीरमा– झारमा अल्झिएँ
ऊ माथि बोलाई रहेको थियो–

आफ्ना सम्पूर्ण शक्तिले चिच्याई रहेको थियो
मेरो- साथी झऱ्यो ! - मऱ्यो !! मऱ्यो !!!

कसो- कसो पेटको पटुका : हातमा राखेर
ओलिदैथ्यो ! ओलिदैथ्यो !!
उसको मुखमा, हा : मेरा साथी !!
हा : मेरा साथी !!

नठिग्याऊ !

अरवौं– अरव– आत्मासँग मित लाएर
अरवौं– अरव वर्षको विचार वोकेर
अरवौं– अरव– मगजको भाव चोरेर
मेरो मगजमा जोडेर– हे विचित्र !

आज वकाउँदै छ– वोलाउँदै छ
अरवौं भोल्टको शक्तिग्रहमा–
मलाई खाँदेर– फिल्ल फिल्ल वाल्दैछ

यो एकान्त द्वारमा– ए विभो
मैले सकिनँ यो सहन– यो सहन
भारी भो– मेरो मगज
म नतमस्तक हुँदै– तिम्रो पाउमा
माथ राख्छु– राख्छु– ए विभो !
हे निधि ! तिम्रो निधित्वमा
म प्रतिनिधि भएर- उभिन सक्तिनँ
यो भावनाको भारी वोक्न सक्तिनँ
ए विभो– मलाई भावनाको प्रतिनिधित्वमा
नठिग्याऊ !– नठिग्याऊ !!
यो तिमीमै टक्र्याउन खोज्छु
मेरो शिर– तिम्रो चरणमा राख्न खोज्छु–
अरवौं– अरव आत्मासँग मित लाएर
अरवौं– अरव वर्षको कुरो वोकेर
म उभिन सक्तिनँ !
मलाई नठिग्याऊ ! नठिग्याऊ !!!

●

प्रतीक्षा !

मेरा आँखाले हर समय–
तिम्रो पद– प्रतीक्षामा
आँखा- एकोहोरिदै- उङन थालिसके
तिम्रो त्यो- पहिलेको– प्रतीक्षामा !
लाल गुलाबी– कोमल चरण
जसमा- म फुस्रो- देहको स्पर्श !
तिम्रा– नयन– दिव्यताका
जसमा– यो पृथ्वीले शोभा पाउँछ
मेरा आँखाले हर बखत– तिम्रो पदको ··
हे प्राणनाथ– तिम्रो दूत यहाँ;
आएर– मलाई माला दिए !
जसमा म अब आउँछु– हे आत्मा हो !
मेरा मनमा बिजुली चम्केको छ
मेरो भावना गम्केको छ
मेरो– आत्मा– पुलकाञ्चितताको–
रङ्ग भएको वस्त्रमा सिंगारिन
मेरा नाक सुगन्धको गमकमा गम्किन
मेरा कान– अलौकिक ध्वनिमा
मेरा छाला एक पल्ट– त्यो अङ्गमा
त्यो रङ्गमा– अँगालिन– सँगालिन
विभो ! यो फूल फर्फर हल्लिन थाल्यो
मेरा मनका पाना हल्लाउँदै– मतिर हेर्दै
मेरा आँखाले हर– समय !
तिम्रो पद- प्रतीक्षामा ! उङन थाल्यो
ए विभो···· !

●

दुर्दशा !

मेरा आँखाले नराम्रो पक्ष
मात्र हेर्न थालेको छ
मेरा आँखा एकोहोरिइसके
मेरा आँखामा विकार वारिएर
मेरो मन शिकार खेलिहिंड्छ
म जान्दै छु– जान्दाजान्दै केही लागेन
यसमा केही लागेन–
मेरा आँखाले कहिल्यै सुख हेरेन
मेरा जिब्राले कहिल्यै मीठो चाखेन
मेरो जिब्रो अमिलाले विगारिदियो
मेरो जिब्रो रगत चाट्न मन गर्छ :
मेरो दाँत टोक्न– मासु चपाउन मन गर्छ :
हेर मेरो भयावह दृश्य !
हेर मेरो विकराल दृश्य ! !
विभो ! यो म कसरी सहन सकूं
ल भन तिमी म कसो गरौं ?
मेरा आँखा नकारात्मक पर्दामा ठोकिसके
आज मलाई अँध्यारो– ओडार मन पर्न थालेको छ
बाहिर उज्यालोसँग नाता तोडिएर–
एक्लो हुँदै सुरक्षाको खोल चाहिएको छ
मेरो मगज कुण्ठा गोल हुँदै क्रोध उठ्न थालेको छ
हेर मेरो कस्तो दशा यो दुर्दशा !
यो दशदिशा मेरो जस्तै
दुर्दशै– दुर्दशा !
ए विभो ! यो मेरो दशा !

●

भण्डार !

आज मेरो- आत्मालाई के-ले देख्यो
आज मेरो शरीरलाई के-ले छोप्यो
मेरो मगज लटचाएर पटचाएर
के-ले लिएर हिड्यो– लग्यो लग्यो–
मेरो मगज !
कतै बिजुली चम्केका ठाउँमा पुऱ्याउँछ :
कहिले सूर्यको रोशनीमा घुमाउँछ :
कहिले समाजशास्त्र पढाउँछ :
कहिले- अर्थशास्त्र सिकाउँछ :
कहिले- धर्मशास्त्र– वैऱ्याउँछ :
कहिले- जीवशास्त्रमा हराउँछ :
मलाई अनन्त शास्त्रको सागरमा
चोवल्दै- निकाल्दै- गर्छ- गर्छ मलाई
आज मेरो मनलाई तान्यो- के-ले· · ·
भौतिक शास्त्र– रसायन शास्त्र
यो शास्त्रै शास्त्रको पत्रमा
मलाई शास्त्री बनाउन अह्राउँछ
आज आकाशमा साउनका मेघ झैं
द्रवरसपूर्ण भरिए झैं
सधैं आकाश ढाकिए झैं मलाई
छोड़ेन- छोडेन- उघ्रेन यो· · · आकाश
चुन्न सिकाउँदैछ- उन्न सिकाउँदैछ
भमन नहुने अन्नपूर्णको भण्डार !

अखण्ड सभा !

त्यो अखण्ड सभामा : यो विश्वसभामा–
मलाई अलिकति मौका देऊ !
त्यो रङ्गमञ्चमा : त्यो अखण्ड मञ्चमा :–
म धक खोलेर- गीत गाउँछु ! मेरा अभिनयहरू देखाउँछु;
मेरा अभिप्रायहरू जनाउँछु;
त्यो विशाल समूहमा– नृत्य गर्छु–
मलाई अलिकति ठाउँ देऊ !
मेरो आत्मा अनि मात्र तृप्त हुनेछ :
जुग बेला मेरा– संगीतले– मलाई नचाउँदै
अरूहरूको मन रमाउनेछ
ए विभो– तिम्रो त्यो व्यापकतामा !–
जहाँ दर्शकहरू अरवौं–अरव थुप्रेका छन्
जसले आँखामा रोशनी–
मनमा– शृङ्गार वोकेका छन्
छविकेन्द्रमा– चुम्वकीयपन जडेका छन्
जहाँ उत्सुकताको वाढी चलेको छ
जहाँ आकाशवाट पुष्प वर्षिनेछन्
संग्रहणीय कानहरूले ती ध्वनि सुन्नेछन्
जहाँ दर्शकहरूको एकाग्रता
एकरूपता हुन्छ- त्यो सभामा :
जुन सभामा– अनमोल– रत्नको उपज हुन्छ–
ए विभो- तिमी- सभाको सभापतित्व गर !
दर्शनको निमित्त- स्वतन्त्रता प्रदान गर !!
ए विभो यो चाहना पूरा गर ! !!
त्यो अखण्ड सभामा !

●

विश्वविद्यालय

यो विश्वविद्यालय भित्रै जन्मिएर
म यसैभित्र हुर्किएर–
म तिम्रो प्रयोगशालाभित्र–
म तिम्रो विश्वविद्यालयभित्र–
अर्को सानु– छानु गरेको– मेरा हातले
तिम्रै नक्कल गर्दै- बनाउन लागें
मलाई माफ गर !

म पढाउँन– गुरु भएर जाँदैछु
त्यो विद्यालयलाई– शोभा दिन
अनगिन्ति- पुस्तक लेखेको छु
कहाँ- सम्म सत्य छ; मलाई थाहा छैन
अहो ! मसिना टाकुराका विद्यालय
यहाँ अनन्त भैसके; म गणना गर्न सक्तिनँ–
विभो ! तिम्रो त्यो विश्व- महल- चहल- पहल
सबै; म त्यहाँ दृश्य खिचेर देखाउँदैछु
शिशु- शिक्षा लिदैछन्;
म तिनका सामुन्ने- ज्ञानी बनेर उभिन्छु;
मलाई क्षमा देऊ ! मैले भूल गरें !!
तिम्रो वास्तविकतामा– पर्दा चढाएँ
विभो ! म खोलले ढाकिएँ- ढाकिएँ-
म सिर्जनाको अहंकारमा पुरिदैछु
म देख्तैछु- तर पुरिदैछु; कतै धस्किदैछु
विभो ! तिम्रो– विश्वविद्यालयमा !

●

स्वीकार !

म मेरा माग माग्न सक्तिनँ
म मेरा इच्छा जनाउन सक्तिनँ
यी मागहरूलाई दवाउन नै बेस छ;
मेरा भावलाई दवाउनु नै बेस छ;
किन विभो– यो को सोध्छ र ?
मेरा माग कसैले बुझून् न-
मेरा चाहना कसैले लिऊन् !

मेरा माग पूरा भए भने–
तिम्रो झोला रित्तिएला :
कसैलाई हानी होला– चित्त दुःख्ला--
यो पीर– पर्ने मेलो– तिमीलाई थुपारेर
मेरो माग मेट्न–
म देखे पनि नदेखे जस्तो गर्छु
म मेरा माग र इच्छालाई–
तगारो लगाउन सिपालु भै सकेको छु
मलाई प्रहार नहोस् यी इन्द्रिय दवाउँदा
मलाई चोट नहोस्– यी भावना डढाउँदा
मलाई अपराध न होस्–
मेरो शरीरलाई गलाउँदा !
म सक्तिनँ न सक्नु नै मेरो- जीवन होस् !
यसमा– स्वीकार होस् !!
यसमा स्वीकार होस् !!!

●

प्रेमको विद्रोह !

विभो ! तिमीसित प्रेमको विद्रोह
गरूँ- गरूँ- लाग्छ; मसित जे छ;
मलाई- तिम्रो- त्यो- अनन्तताको–
प्रेमको- भण्डार खोसेर- ल्याऊँ- ल्याऊँ लाग्छ !
मेरा हातमा- त्यो प्रेम- पार्न पाए;····
म प्रेम कति गर्थें होला !
म प्रेम कति बाढ्थें होला !
म प्रेम कति- पिउँथें होला !
ए विभो ! तिम्रो प्रेम लिन, यो कटुता टक्टक्याउन
म आकाश- छेडेर- तिम्रो द्वारमा उभिन्छु
तिमीसित- प्रेमको विद्रोह गर्न;
मैले प्रेमको सागर देखेको छु;
दयाको भण्डार देखेको छु;
विभो- यस दुनियाँका रागिलो पनले
मेरो- बोली- खरो भैं सकेको छ;
काठ भाँच्चिएको आवाज झैं;
प्रेम- पोको पारेर- फ्यारिदेऊ !
मेरा हातमा- यो राज्यमा–
म प्रेम देखाउन सकूं
म प्रेमको विद्रोही बनेर आउन सकूं
यहाँको मरिञ्च्याँसे- प्रेमले
म पिरोलिएँ- म फिरोलिएँ
यो रोगी प्रेम; यो भोगी प्रेम;
आएँ म- यहाँको- प्रेमसँग जुद्धै- जुद्धै
तिम्रो- प्रेमको- भण्डारमा- पस्न !

●

फिर्ता लेऊ !

लाग्छ; तिमीले मलाई शक्ति दियौ
साहस- जाँगर- उमंग- आँखा थपिदियौ
मलाई यस- पृथ्वीमा; अर्कै दृष्टि थपिदियौ
लाग्छ; यस पृथ्वीमा हिंड्न मामुली
आकाशहरूमा मार्ग थपिदियौ
यो जेल- नेल- एक हातका भरमा
म उफ्रिएँ भने- यो- पृथ्वी हल्लिएला-
मैले कराएँ भने- यो ब्रह्माण्ड थर्किएला
त्यसैले त नबोली सुटुक्क हिंड्छु–
यो- पृथ्वी- चर्किन्छ कि भन्दै- धीरता लिन्छु;
यो धरती- थर्किन्छ कि भन्दै- मौन बन्छु-
म आज- विचित्र अनुभव गर्दैछु
यो मेरो वर्तमान अनुभव !
रूख काँधमा बोकेर हिंड्दैछु
पहाड- हातमा लिएर उड्दैछु;
सागरको पानी पिउँदैछु; आकाशमा उफ्रिन
मलाई साँगुरो भयो !
यो मेरो विचित्र शक्ति !!
विभो ! यो शक्ति नदेऊ ! मलाई अर्कै वस्तु देऊ !!
म यो समग्र मानवात्मा !
जीवात्मालाई मुक्त गर्न सकूँ
विभो ! मलाई यो शक्ति देऊ !
मलाई यो पहाड फोरेर- पृथ्वी धुल्याउन
न अह्राऊन ! न अराउन ! म चाहन्न !
म चाहन्न- यो मेरो शक्ति फिर्ता लेऊ !

●

त्यसै हैन

यस विधानको विरोध– त्यसै गरेको हैन !
यो विधानको– विरोध त्यसै गरिएको छैन !!
हे विभो ! कस्तो छ यो विधि !
हा: सम्झिदा मुटु कुट्किन्छ
कस्तो माया दियौ शुरूमा–
कस्तो– माया उर्लिन्छ- उम्लिन्छ–
कतिसम्म गहिरो माया देखिन्छ;
काखको नानी चट्ट चुँडाएर लग्यौ
हा: आमाको दिलको वेदना !
तिम्रो लागि जे पनि नियम छ !, भक्कानिने तिमी हेर्दैछौ
तिम्रो– नीति उल्टा- सुल्टा जता पनि फर्किन्छ :
हाः आफ्नो- प्यारो- पतिलाई
मायासँगै- उचाल्दै- पछार्दै- लग्यौ लग्यौ–
म यो विधिको वर्णन गर्न सक्तिनँ ! गर्दिनँ
मेरो आङ फुल्छ– हात काँप्छ !
मुटु जल्छ आँसु सुक्छ, ए विभो ! यो सम्झिदा मेरो;
आज दुःखान्त दृश्य; मेरो आँखामा पर्न आयो;
हेरें विह्वल भएर विलौना गाएँ
हे– ईश्वर– तँ कति कठोर !
मेरो मुटु चुँडेर लगिस्
ल्याइदे– मेरो वावालाई–
सुनेन– सुनेन यो काल करालले !
यस विधानको विरोध त्यसै गरेको हैन
मलाई दण्ड प्रहार गर ! तर· · ·!
· · · · विचार गर !!

●

उद्घाटन हुन

ए आत्मा– तँ यति सारो नजाग न !
तँलाई सत्यमा टेकिन– समय बाँकी छ;
ए आत्मा- यति सारो जागरूक नहो न
त्यहाँ ढोका खुल्न बाँकी छ;
तँ हड़बड़ नगर गड़बड़ हुन सक्छ
तँ नतातिई न– त्यहाँ सलेदो र सलाई मिश्रण बाँकी छ
ए आत्मा तँ यति नजाग न
ए मन फिक्री नगर, ए तन- नछट्पटी !!
त्यो अखण्ड-सभा वस्न बाँकी नै छ
त्यो विश्व-शोभा फुल्न बाँकी नै छ
ए आत्मा तँ देखिन– अघि नवढ् न
नींदमा परेका परेला– पखालिन बाँकी नै छ
ए वाणी ! तँ अघि वढ्न नजाग न
त्यहाँ पुष्पहरूले स्वागत गर्दै
कण्डोत्तोलन गर्दै– अबीर वर्षाउँदै
उद्घाटनको वर्षा हुन बाँकी नै छ
ए भाव ! तँ नभक्कानिऊ न
यहाँ सुन्ने कानहरू खोलिन बाँकी नै छ
ए काव्यहार तँ उभिरह !
वरणको निम्ति वर आउन बाँकी नै छ;
ए पुलकाञ्चित चेहरा ! तँ नृत्य नगर !
वाजा वज्न ताली पिटिन बाँकी नै छ
ए आत्मा ! त्यत्ति सारो नजाग न
तिम्रो विभुसँग देखिन सत्यमा टेकिन
समय बाँकी नै छ; उद्घाटन हुन····!

●

हुँदैन !

मलाई ज्ञानको अवतार बनाएर
नउभ्याऊ ! नठिग्याऊ !
म यो अज्ञानसँग युद्ध गर्न सक्तिनँ
मलाई नउभ्याऊ ! नउभ्याऊ !!

के यहाँ पराजित गर्न पठाएका !
कति चोटी पठायो ?
कहाँ नाश भयो- यो घनघोर- अज्ञान !
यहाँको स्थायी शक्ति !
सक्तिनँ त्यति सजिलो छैन :
मलाई नउभ्याऊ ! नठिग्याऊ !!
यो मूढताको सामुन्नेमा
यो महान् कार्य आजसम्म काँचै रहेको !
ढाकिएर रहेको– म उघार्न सक्तिनँ–
मलाई नउमाल !
कति सबल छ यो- कति प्रखर छ यो :
म यो मुखबाट भन्न सक्तिनँ
यो विकारले ढाकिएको– विषमताले पुरिएको
आत्मालाई ! · · · ·
तिम्रो त्यो प्रज्ज्वलित साहसविना
अपाङ्ग हुनु सिवाय : केही छैन- मेरो;
ए विभो !
तिम्रो त्यो अखण्ड साहस नभई
मलाई यहाँ त्यसै उभ्याएर मात्र हुँदैन !
म खप्न सक्तिनँ !

●

एक घुड्की प्रेम !

म तातेको छु : म मातेको छु
मलाई एक घुड्की प्रेमको प्याला चाहियो
फूल सुँघेर भएन– पानी पिएर भएन;
शहरको गुहे गन्ध- सुँघेर भएर;
रमझमका– पुतली मुखे हेरेर भएन;
पुस्तकालयका पुस्तक पढेर भएन :
सुकेका मगज भिजाएर भएन
मलाई एक घुड्की प्रेम चाहियो !
अन्य भोजन खाएर भएन :
दृश्य हेरेर कसँसँग– बोलेर भएन–
आज मलाई केको नशा लाग्यो
नींद बोलाउदा, नींद आएन–
मलाई आकाश-पाताल स्वर्ग सजल
झल्किने– महल हेरेर भएन
मलाई एक घुड्की प्रेम चाहियो
मलाई सजीव सुक्सुकाउदो अनुहार चाहियो
म आज तातेको छु : मातेको छु
मेरो मन उम्लिदैछ !
तलवाट तेजिलो ताऊ तात्दैछ, मेरो मनमा आगो सल्क्यो !
मलाई शीतल सर्बत रसिलो रस
ममा भिज्न सक्ने· · ·
मलाई अरू केही चाहिएन !· · ·
मलाई उही चाहियो; मेरो आत्मा रङ्गिने रस !
मेरो शीतलो दृष्टि चाहियो !
ए विभो ! मलाई एक घुड्की ! मलाई एक घुड्की

●

प्रवेश–आवेश !

ए तिमी को हौ ? मेरा सामुमा आयौ,
तिम्रो रूप रङ्ग अर्कै छ
तिम्रा आँखामा के के देखिदैछन्
भिन्न- भिन्न रूप झल्किदैछन्
ती वस्त्रहरूमा– नदेखिएका– बुट्टा टल्किदैछन्
अहो– तिमी को हौ ?
मेरा आँखामा देखिन्छौ
मलाई– आश्चर्यमा नउभ्याऊ–
यो मनमोहक- कसले- ठम्याउला !
हा ध्वनि आकाशभरि, मेरा कानभरि– थरि– थरि
रङ्गहीन- सूर्यको- किरण उडे जस्तो
यो- पृथ्वी- लाल कमलको- फूलमा हल्लिए जस्तो
म अगोचर- अमूर्त भएर- कता कता उडे जस्तो
सपक्क पत्र फक्रियो- वासना गम्कियो
त्यो- मभित्र पस्यो- म के भएँ भएँ-
भन्ने भयो !
मलाई थाहा छैन- म कहाँ पुगें
मलाई थाहा छैन- के समाएँ- के चिनें
मेरा मुखले- जिब्राले- सर्सर-
गाइरहेको थियो आइरहेको थियो
म जान्दिनँ मेरो सामु को उभिदै
हराउन नदेखिन पुगेको थियो
ओहो- प्रकाशपुञ्ज- क्या- गजवको !
ओहो- मेरा हातमा आउन गयो-

●

तामस पिण्ड !

तिमीले- मलाई- दर्शन दिनु छ भने
विशाल र भयभीत भएर आऊ
मेरो मुटुलाई हल्लाऊ
म- भयभीत भएर- तिमीसित पुकारा गर्छु
हात जोड्छु- अनुनय- विनय गर्छु
अनि मात्र म स्वीकार्न पुग्छु;

आयौ- कति पल्ट- मधुर भएर आयौ
साना नदेखिने भएर आयौ
मैले पत्याइनँ- मैले पत्याइनँ !
मेरो आँगनमा आएर
स्वरूप देखाइदिन्थ्यौ
मैले ऊपारें- खेदाएँ- पाइलो बढारें
तिमीले दिएको मीठो- दर्शन- जीवन
च्यातें फ्याँकें- फ्याँकें निश्चित फ्याँकें
तिम्रो वाणी ज्ञानले- प्रेमले, छुन सकेन
मनोहर- मोहनी आनन्द मूर्तिले- तान्न सकेन-
चुम्न सकेन तिम्रो- अखण्ड- सन्देशले–
यो- कठोर द्वार खोल्न सकेन, · · देखिन सकेन
कति- कडा भएर- गाडिएछु
तिम्रा ती- अनन्त रङ्गका पङ्खले- हल्लाउन सकेन
म धारिएछु– धार नै– रुचाउन पुगेछु
ए पड्की- वज्र पड्की ! यो तामस पिण्ड फोरिन,
तिमीले मलाई दर्शन दिनु छ भने !
म हात जोड्छु– माथ राख्छु–

●

समान हुँ !

राजसी भेष भूषामा
उभ्याएर- मेरा हातमा दण्ड दिएर
मलाई यातनाको खाडलमा
हालेछौ- मैले बुझिसकें !
मैले बुझिसकें ! !

मलाई दर्शन गर्न,
लाखौं आँखा इच्छित छन्
लाखौं जीवित छन्- आशाहरू
लाखौं रिसाएका छन्
मलाई के-को धारमा उभ्यायौ ?
मलाई- वाहिर देखिन पनि गाह्रो भैसक्यो
मनमय हुँदै आत्मामय हुँदै- डुब्न अण्ठ्यारो भैसक्यो
ए विभो ! मलाई के– को भारले थिचिसक्यो
म अलग्गिन पुगें–
म– उही त हुँ नि !
मेरो अन्तर्प्रेरणा– कोमलता– मसृणपन
हरायो ! खन्यायो ! डढायो !
यो डाह भरिएको आसनमा
बस्नासाथ- मेरो- मगज- अर्कै भयो !
मेरो अनुभव अर्कै भयो ! !
मलाई खुल्ला छाडिदेऊ ! अरू समान
यो प्रकृतिमय दरबारमा विराज गरिरहुँ !
अनन्त आत्मासँग– विहार गरिरहुँ ! !
एक हुँदै सदा काल विहार गरिरहुँ ! ! !

●

आषाढको पन्ध्र !

हुरुरुर्र– आज आकाशमा
मेघ कुदिरहेछन्, बादल उडिरहेछन्
आकाश अँध्यारिएर- फिटिएर
दररर्र वर्षा– भैरहेछ यो आषाढ पन्ध्र

आषाढ पन्ध्र उत्तरायणको शिखर !
ग्रामीण नारीहरू– खेतमा,
असारे गीत गाएर– बिऊका मुठा हातमा लिएर
गाभा गाडिरहेछन्
बाउसे खेतालाहरू– मुखामुख गर्दै
हिलो दल्दै- असार मनाइरहेछन्
यो पहाडी भेकमा- घनघोर वर्षा भैरहेछ
सागर धरतीमा ओर्लिरहेछ
साउनको साँध लाएर, दक्षिणायनमा ओर्लिन
रुम्रुम्- रुम्रुम्- वर्षा-
रेलिमइ असारे ओठ पूर्ण यौवन
भुल्भुलाइरहेछन् वदन टल्किरहेछ
सर्सर् हावाको स्पर्श; हिन्द महासागरको तह
मेरा कानमा जीवन संगीत !
मेरा आँखामा- लाली हरियाली- हीरा
मोती मेरा ज्योतिमा ! नीलो मेघ !
हे, जीवन चक्र ! आषाढ र मार्गशीर्ष !!

●

तिम्रो अभिवादन !

हे प्राणनाथ ! तिमी संसारमा, आएका थियौ;
तिमी संसारमा आएका थियौ;
तिमीले गतिलो चीज ल्याएका थियौ;
हे, तिमीले हामीलाई, कति सजिलो
कति मीठो प्रसाद दिएका थियौ
तर हे, के भो· · · खै त्यो ?
सहज प्रेमको मार्ग !
मिठास र सौन्दर्यको मार्ग
समूह र सत्यको मार्ग
हे नाथ तिमीले; कति सहज;
सम्बोधन गरेका थियौ
हो ? संसारमा अखण्ड ज्योति दिएका थियौ
भन्थ्यौ– मेरा आत्मामा लागिसक्यो
यो ज्ञान र अज्ञानको मिश्रण हो
मोह र प्रेमको द्वन्द्व हो !
जड़ र चेतनको मिलान हो
हे आत्मा हो ! - असली प्रेम नै– सत्य हो– अमृत हो
सुखको पूर्णता हो !
जीवित– जीवनको अनुराग हो !
हे– नाथ ! म प्राणवाट बुझ्दैछु
तिम्रो उद्देश्य !
तिम्रो सुकोमल अभिवादन
मेरो– आत्माको लगन !

●

मौनता !

म मौन रहन्छु : मैले पस्न पाउनुपर्छ
मैले वस्न पाउनुपर्छ; तिम्रो छेउमा
मैले सम्झिनु हुँदैन
मेरो मन एकोहोरिसकेको छ
अलमलिदैन अलमलिदैन;
तिमीसित के छ ए त्यस्तो !
मलाई किन यस्तो; किन यस्तो !!
जति बिसियूँ भन्छु– उति– तिम्रो विषयमा मुछिन्छु
कसरी तान्यौ हे ! कसरी तान्यौ !!
मेरो अरू विषय नै हराइसक्यो
मेरो मगज- एकोहोरिसक्यो !
म मौन रहन्छु–
मेरो मन तिमीले ताने जस्तो भान हुन्छ
विदित हुन्छ;
म आएँ- ढोका खोल, मेरो मन ननिमोठ
नचिमोट : मलाई यातना दिन !
म दिन- दिन- छिन- छिन, के भैसकें !
म मौन रहन्छु भाषाविहीन हुँ !
तिम्रो सामु मेरो भाव नै पूर्ण हो
मेरो मुद्रा ईशारा नै काफी हो
म जान्दिनँ; तिमीलाई मन पर्ने वाणी !
निकिलदैन वाणी; म- मौन हुँ- टुलुटुलु !
म मौन हुँ !!!

●

थप–थाप !

यहाँ भोगिने शरीरले
मसिना- मसिना कुराहरूले
प्रभाव पारेर- तिमीले दिएको
विचारको- सन्दूकमा खाँद्दा- खाँद्दा
भावहरू ! टिपिंदा- टिपिंदा, भरिएर
अरूतिर, तिम्रा वाणीले सुन्न पुगेर
यो कहिल्यै सकिएन;
यो कहिल्यै भनिसकिएन !!
शब्द– ध्वनि लिपिमा टाँसिदै भण्डार भरिए
पढ्ने मान्छे थाकिसके, लेख्ने हैरान भए;
सुन्नेको कान चहऱ्याइसक्यो
विभो ! यो अचम्मको कुरो भयो
कथा विहानदेखि बेलुकासम्म
बनिदै– प्रलय प्रत्येक दिन; साँझ नीदमा टुङ्गिदै
कथनीको- कहनीको; जालमा- रोई रोई हिंड्ने
यो विधान ! के हो ए !···
प्रत्येक नाटक लेखिदैछन् देखिदैछन्–
मगजका– अन्तरालमा- खिलिदैछन्
नलेखिएका कविताका ध्वनि; अझै पनि जीवित छन्,
के गरेर यी पुस्तकहरूले !
पुस्तक एकातर्फ– मान्छेको- रुचि अर्कातर्फ !!
हे···म चकित हुँदै; यो पुस्तकालयमा
अर्को पुस्तक थपिंदैछु; बोल्छिलो पार्न थपिंदैछु
मलाई प्रहार नलागोस् !
मलाई प्रहार नलागोस् !!

●

जुटाइदेऊ !

म जुन छिन यहाँ अवतरित भएँ
म आत्मा थिएँ- वासना थिएँ
सूर्य- पृथ्वी- तारा- हावा आकाश भएँ
यो ब्रह्माण्डमा म भएँ
रूप- रोशनी सूर्य जस्तो देखिन पुगें
जुन दिन म यहाँ- अवतरित भएँ

मेरो इच्छामा- एक शीर्षकवाट
अनन्त शीर्षकमा विभाजित भएँ,
मेरा इच्छामा शरीर वन्यो
शरीरमा वाँधिएँ छाँदिएँ

मैले वनाएको ब्रह्माण्डमा
म घुमिरहने भएँ; मलाई थाहा हुन थाल्यो
म को हुँ- ? किन यसमा म

मैले देखिसकें, मेरो ठाउँ- पूर्णधाम
मलाई सम्झनाले कुतकुत्यायो
त्यो मेरो आनन्दमा- निजानन्दमा

मलाई– अलिकति मौका देऊ !
म यो कुरो सुनाउँछु- मलाई मौका देऊ
हे· · भन्ने- सुन्ने- तारतम्य मिलाइदेऊ !
त्यो अखण्ड– पूर्णतामा मिल्न
सामग्री जुटाइदेऊ !
हे· · यो मेरो- यात्रामा साथ देऊ !
मैले पहिले– इच्छा गर्न भूल गरें !
मलाई हात देऊ ! ! मलाई हात देऊ ! ! !

●

जोड– यसमा !

दुइबाट नै- संसार : सृष्टि हुने- वा पूर्ण हुने हुँदा
मैले तिमीलाई नसमाएर म कहाँ जाऊ
तिमीलाई स्वीकार नगरेर धर नै छैन
तव तिमी भन- मैले तिमीलाई संबोधन नगरेर
म के गरौं ? तिमी भन : म के गरौं
तिमी कति प्यारा छौ- कति प्यारा छौ
के मेरो मुखबाट वर्णन; गरिरहनुपर्ला र !
के तिमी बुझछौ के तिमी बुझदैनौ
तिमी को हौ· · · ?
मेरा तिमी सर्वस्व हौ–
मेरो- सम्बोधन तिम्रो जीवन
तिम्रो सम्बोधन मेरो जीवन
यो लगनगाँठो- तान, जोड़ले तान- कस्सियोस्
जसरी यो मेरो शरीर कसिलो भएको छ
तिम्रो र मेरो लीलामा- यो- देखिन–
संसार जन्मिएको छ अरू के छ
लू· · · भन- अरू के छ ?
यो- श्वेत- माला फूल लेऊ–
तिम्रो गला थाप- म अर्पण गर्छु :
यो पृथ्वीको शोभा दिन्छु–
म अघि बढें· · यो फूल हल्लिदैछ भन हल्लिदैछ
आऊ ! आऊ !! आऊ– यो श्वेत-माला !
दुइ + एक = अनन्त, अन्त्य : दुइ + एक– तिमी रम

●

खै ! खै !! मैले के गरें

खै मैले के गरें र !

मैले के गरें र !!

म गरी नै रहेको छु; फेरि हेर्छु : केही पनि गरिनँ ?

बोली नै रहेको छु : फेरि सोच्छु :

बाँकी छ; बोलिन–

खाई नै रहेको छु : फेरि भोक जाग्छ

अतृप्तिमा– रुमलिएको छु–

सुनी नै रहेको छु : हेरी नै रहेको छु :

तर· · · टुट्नु– छुट्नु– हुँदैन हुँदैन–

छोड्दै समाउदै, बोल्दै बन्द गर्दै :

गर्दै· · · विसाउँदै– बोल्दै विसाउँदै

पटचाइलाई- हटाउँदै- चक्र ऊँ छ- तर क्रम छ

भरिदै– पोखिदै– गरी नै रहनु छ

ए· · · तव त· · · मैले के गरें र ?

मैले के गरें र,· · · · यता हेर त !

तिमीले त्यसैमा– आदत लाइदियौ

गति- ठानिदियौ ? के गति- के अगति !

हे महामति !! खै संगति !!!

मैले बुझिनँ– माफ गर– बुझ्दै बुझिनँ :

बुझें तर· · · बुझिरहन दिएनौ !

भन तव मैले के गरें र ?

म भनौं कि नभनौं– कि माथ राखेर– हात जोडौं

मलाई· · · के के भयो– तिमीलाई भनौं कि नभनौं

· · · अझै पनि; अनि· · · यत्तिकै– यत्तिकै· · ·

त्यतै– कता– कता ??? ए- खै· · ·

●

छौ नगीचै !

तिमी छौ भन्ने ठान्दै,
मलाई संतोष लाग्छ, मेरो भित्रीपनले आनन्द डाक्छ
यी आँखाले नदेखे पनि, मेरो भित्री चेतले छौ भन्छ

पूर्ण, ढुक्क, शान्त, धीर भएर
यो मेरो प्राण ढुक्ढुक् गर्छ;
ए छौ; तिमी नगीचै छौ
मलाई पूरा पत्यार लाग्छ

तिमी छौन भन्ने ठान्दै, यो छटपटी बढ्छ
स्तब्धमा, तिमी विना मेरो आत्मा बेचैन हुन्छ
पिइलिदै पेलिदै शरीरलाई यातना हुन्छ
ए यसमा मलाई, छौ छौ छौ को संकेत दिन्छ
तिमी नगीचै बसेका छौ

अन्धकारमा, एकलासमा, विकरालमा
व्यथामा, दर्दमा, दमनमा, हनन र अपराधमा
मेरो प्राणको सहारामा तिमी छौ
यो आत्माले, सधैं मनग्य मन पर्ने ख्ल्खलाकार
ज्योति देख्छ तिमी छौ मेरा नगीचै छौ
यो पृथ्वीलाई सानु आकृतिको सम्झदै,
मेरो- सन्दूकमा पस्दा; तिमी विशाल र महान्
मेरा आँखामा देखा पर्छ
मेरो पूर्ण भरोसा; तिमी छौ, टुक्रुक्क भएर
बसेको छौ, किन बसेका छौ
मलाई थाहा छैन
यो मलाई थाहा छ, तिमी नगीचै बसेका छौ !

●

उत्सर्ग गराऊ

विभो ! तिमीले दर्शन– दियौ नि दिन ता :
मैले- कहाँ लिन सकें र !
मेरो प्रभाव ममा परेको प्रभाव :
तिमीले– बुझेनौ नि– कस्ता तिमी !
मलाई छ्याप– छ्याप–
म श्वेत- भुवा नरम रुई हुँ
मलाई भिजाऊ भिजाऊ
चुर्लुम्म– निथ्रुक्क– लप्प- हुँ
तर विभो ! यो निचोरियो; निखारियो
तहरियो– चुहियो– दर्शन–
तर- रेशामा अल्झिएका तरल तेल त
वह्यो नै; होला विभो ! ममा अनि
विभो यता हेरन !
भनन भन मलाई के भयो ! के भयो !
प्यारा ! आऊ- आऊ- समाऊ- ध्वनित भयो-
अहो कतातिर म ट्वाल्ल- ट्वाल्ल- ट्वाल्ल
बाजा बज्दैथ्यो- नैसर्गिक संगीत !
यो विश्वमै ! तिमी ईशारा- यी- सारा-
दिइरहेका थियौ नि !
हेर हे प्यारा- यो- विश्वाम्बर खोलेर हेर !
हे ! मैले देखें- देखें लाल कोमल !!
तर, त्यो प्रभाव मलाई होइरहनु- घोचिरहनु
तिमीले त हो नि !
हे, मलाई उत्सर्ग गराऊ !

●

सुगम–सरल !!

शक्ति प्राप्त गर्न; संसारमा
संघर्ष नै- गर्नुपर्छ भने;
हत्या नै गर्नुपर्छ भने– मलाई–
यो शरीर नै– चाहिएन, संसार नै चाहिएन
जीवन बनाउन– बचाउन :
जीवनको ध्वस्त गर्नु नै पर्छ भने–
मलाई यो जावो- जीवन चाहिएन,
म जुन अवस्थामा थिएँ– म जुन अवस्थामा थिएँ
यो हुनुभन्दा पूर्व : म उही हुन्छु
मलाई- माफ गर- वा नगर !!
तिम्रो यो लडाकू र हत्याको– लोभी विश्व- चाहिएन
यो शक्तिको संसार चाहिएन
आखिर जति नै शक्ति लिए पनि
कहाँ राख्न सकें र : कहाँ राख्न सकें र–
खै- तिम्रो · · शक्ति · · भूमि–
शक्तिले- शान्ति हुन दिएन
पोखिएँ- घोप्टिएँ चोविएँ- उम्लिएँ
हे जगका जीवन ! · · · धन- परिवहन- यो गहन–
महान् ठान्यौ नि · · कति- महान् ?
हनन · · हनन : मनन- म गर्दिनँ- म गर्दिनँ
यो पर्छ नै भने म नपरी नै रहन्छु :
तिम्रो- विश्व- वा- विर्को- विकार- विष- तिमी नै लेऊ
मलाई- तिमीले छोडेको देऊ !!! स्वीकार देऊ बस !
म त्यही लिन्छु : जो मेरो हो ! त्यो- सुगम ! सरल !!

●

रडाकोको विश्व !

कोसँग- कति प्रेम दियौ ?
कोसँग- कति विवेक र विचार दियौ–
त्यो कहाँ बाहिर देखिन दियौ ?
भित्र- भित्रै नै दवाई दियौ !
तिमीले- कहाँ देखिन दियौ नि- ए !
कहाँ देखिन दियौ !
कति इच्छा दियौ, कति कल्पना र जाँगर दियौ;
अनि- मायाको रेशामा- तानिदियौ
कति- प्रेमका फिल्का- उडाइदियौ नि !
टुलुटुलु हेर्छु- आँखा जुध्छ
विवेक हेर्छ, छातीमा दया- उम्लिन्छ
त्यो त्यसै त्यसै- सेलाउँछ ए· · · !
तिमी यस्तो पनि गर्छौ; म बुझ्छु, · · ·
दिनभरि- यो विपनामा, मलाई बाधा दी
जब म थाकेर लड्छु
मलाई आराममा ढल्काइदियौ
जब म अचेत भएर ढल्छु, त्यस बेला- मेरो लागि
सुन्दर- र विशाल, स्वतन्त्रको विश्व बनाइदियौ
म खेलाउँछु कति मग्न हुन्छु, हेर्छु- घुम्छु;
मेरो मनग्यको विश्व ! त्यो विश्व !!
थकाइवाट– आनन्दमा पुगेर, फेरि व्यूँझिन्छु
मेरो लागि उही सधैंको,
रडाकोको विश्व !
उही- रडाकोको विश्व !!

●

खेलाँचीमा ढोका !

म उपद्रवको खेल खेल्थें
मलाई थाहा थिएन; संसार नौलो लाग्थ्यो
म खेलाउथें ! म खेलाउथें !!
म हरेकलाई खेलाउथें– यो मेरो खेल !!!
यो मन भर्ने सुन्दर खेल
एक दिनको कुरो हो, मेरा अगाडि,
एउटा सुन्दर- आकृतिको द्वार थियो, ढोका थियो
वज्थ्यो– बुट्टा भएको छिड्किने कलाम भएको;
मेरा कलिला हातले, ढोका लायो, ढचाम्म;
मेरो रहर हाँस्यो · · हाँस्यो हेर्दै !!!
मैले होनहार गरें, ढोका लाउन सफल भएँ
मैले सिकें ढोका लाउन सिकें, घेरै सिकें
म हाँस्न थालें- हेर्दै- हाँसें गललल, उफ्रिएँ; मुस्किएँ, नाचे, गाएँ
जब केही क्षण वित्यो; रहर सेलायो
अर्को रहर पलायो; वाहिर जान, अन्तै जान मन भयो
मेरा हातले तानें ! जोड़ले तानें !!
खुलेन ! खुलेन !! खुलेन !!! · · · ए ! यो · ·
माता, पिता, सखा, डाकें, भाकें, खुलेन, खुल्दै खुलेन
म के गरौं, रुन थालें, यो शून्य कोठामा !
मेरो मुखबाट स्वर– कडा हुँदै– कहाल्लि– गयो- स्वर
यो खेलमा, खेलाँचीको खेलमा,
मेरो अनुरोध छ- खोलन ! घच्घच्याउँछु– खोलन !!
मैले के गरें, मलाई थाहा भएन
मलाई थाहा भएन खेलाँचीको खेलमा !
ए अहिले; तिमी भित्र, म वाहिर, ए विभो, मलाई थाहा भएन !

●

अविच्छिन्न प्रवाह

तिमीसँगको कुरा- कानी;
टुङ्गिदैन– टुङ्गिदैन, टुङ्गिदैन;
अर्को कुरो– के कुरो ?
जुन दर्शन सृष्टिको !
कहाँ पाएँ र ?
कहाँ देखें र
फेरि कसरी देखिनँ र !
लय भएको कहाँ देखें र !
फेरि कहाँ- देखिनँ र !

म सँगै त छु नि !
म कहाँ छु र विभो !
बुझिनँ कि बुझें– त्यो त्यत्तिकै रह्यो-
के रह्यो ? खै के रह्यो !!
तिमीवाट नै के रह्यो !
म के जानौं
जनायौ र- ठनायौ र
मनायौ र– वनायौ र
के र· · · ए· · · हे· · ·
किन– मिलिक् मिलिक्
चोरिदाऊले हेर्छौं– हे- चोर- चकोर-
तिमी लूटार त हौन ? हे भण्डार !
टुङ्गिदैनन् हे टुङ्गिदैनन्–
टुङ्गिदैनन् हे टुङ्गिदैनन्
तिमीसँगको कुराकानी टुङ्गिदैनन्

गुरु !

तिमी लेख– लेख ए गुरु– मेरो जीवनी !
मेरा मूर्खताहरू– तिमी लेख– लेख ! !
तिमीलाई– अरू थप ज्ञान हुनेछ
तिमी लेख– लेख ! !
म नाङ्गो उदाङ्गो होइदिनेछु,
तिमी हेर हेर– ए गुरु– यी मेरा उपद्रवहरू !
तिमीसित भएको– लालचा- धन पनि मलाई नै देऊ
म मोटाउँ– यो माटामा :
यो मूर्खताको मालामा म उनियूँ– गनियूँ-

तिमीमा खाली ज्ञान मात्र होस्
बेहोसमा तिमीसित प्रेम– मात्र होस्
तिमीमा खालि- साहस– धीरता मात्र होस्
ए गुरु मलाई थपिदेऊ !
द्रव्य- धन- जन- मान- भुक्तमान
रीस- राग- मद· · ·
म अरू मूर्खतामा दरिन सकूँ !
तिमीलाई पनि हप्काउन सकौं

मेरा कुरा सुन- तिमीमा विचार- शक्ति बढ्ने छ
म तिम्रा कुरा सुन्दिनें; मेरो अज्ञान हल्लिने छ;
तिमी जाऊ- जाऊ- तिमीले ताकेको प्रदेशमा !
मलाई यहीं भासिन देऊ !
मलाई यहीं निसासिन देऊ ! !

तिमी लेख लेख ए गुरु !
तिमी माथि गएर- हेर हेर- हे गुरु ! !

●

सिद्ध हुन्थ्यो !

तिमी रिसाए पनि केही मतलव छैन;
किन भन त तिमीसित– रीस छ भने, त–
रिसाउँछौ, छैन भने के गर्छौ ?
रीस जति त मलाई नै दिएका छौ !
मेरा टाउकामा खन्याइदिएका छौ ! !
तब तिमी कसरी रिसाउँछौ ?
तिमी कसरी रिसाउँछौ र– मैले डराउनु
तिमी त करुणेश भएका छौ
तिमी प्रेमी परमात्मा ! निर्विकार ! !
तिमी रिसाएर मलाई के गर्छौ;
मेरो जीवन नै- तिम्रो हातमा छ :
तब म के हुँ र रिसाउँछौ ?
मलाई– जस्तो बोली दियौ; उस्तै बोलिदिएँ !
तिमीले दिएको– तिमीले नै लियौ !
अरू को लिन्छ त अरू को दिन्छ त ?
मलाई– थपिदेऊ अरु कष्ट– दुःख थपिदेऊ !
म पागल हुँ- व्याकुल हुँ– मूर्ख हुँ ! ! !
तिमीसित सधैं वाझिरहने !, तिमीसित सधैं वाझिरहने ! !
तिमी रिसाए पनि- मलाई केही मतलव छैन !
कहिले आयौ त- प्रेम सिकाउन
कहिले आयौ त हात समातेर नृत्य गराउन
कहिले आयौ त मधुर वाणी सुनाउन
यो मेरो- प्यास- बुझन !
ए विभो- म यिनै कुरामा बेरिदैछु
यी कुरा तिमी- सुन्दै त सुन्दैनौ– कता रिसाउँछौ !

●

प्रशासनिक शक्ति !

हे प्राणनाथ ! त्यो विभागीय विधानले गर्दा
यहाँ दुःखको सीमा रहेन नि !
शिवजीले कति दुःख पाउनुपऱ्यो– हकी !
कैयौं वर्ष- चीसा- हिमालमा हिउँ खादै
चीसा सर्पको माला- भिरेर; डर लाग्दा–
भाँग– धतुरो– संसारका तुच्छ र–
रुखो बस्तु, वस्तुको सेवन !
रंगिलोपन हेर्दा आँखा टट्टाएर– हेर्न नसकेर
चिम्लेका- चिम्ल्यै– युगौं युग बिते ?
तिमी यो विधानमा ! तिम्रो यो संसारमा !!
यहाँ- अनन्त महापुरुषहरू
यस संसारदेखि हारेका छन्, कति विचारक जन्मे–
कसैले यसलाई राम्रो भन्न सकेनन्
सबैले दुःखको अनुभव बताएका छन्
बाहिर गुलियो- भित्र तीतो–
यो तिम्रो विभागीय विधानको !
कुनै महापुरुषहरू रुखमा टाङ्गिए, कुनै महापुरुषहरू गोलीमा डामिए
ब्रह्माजीले कति दुःख पाउनुपऱ्यो
यो विभागीय- दर्शन बुझ्न जान्न !
विष्णुले समुद्रमा डुब्नुपऱ्यो, अनन्त अवतारको झमेलो !
हे प्राण ! यो संसारको बोझ कहिल्यै हटेन
यो सच्याउदा पनि कहिल्यै सच्चिएन !
आखिर प्रलय भएरै छाड्छ अरे !
तिम्रै सूचनाविभागमा लेखिएका अक्षर !
यी अक्षर !! ए प्रशासनिक शक्ति !

●

म अन्तै जान्छु !

हा, घृणा तँ कति प्यारो छस्
यस जगत्मा; मान्छेको मनमा
हे घृणा तँ– मलाई समाउन–कुद्दैछस्
मनलाई कुतकुत्याउँदै- लोम्याउँदै
हे घृणा तँ रोकिई– यता नआ न !

तेरो- छाया- ममा नपरोस्
हे ! छत्रछाया- माया नलगा- घृणा जन्माउन
घृणाको वोझ वोकाउन :
घृणा लुटेर- मेरो जीवन- घृणित बनाउन

लाखौं– करोडौं– आत्माले चढाएको घृणा--
बटुलिएर- म घृणाको भण्डारमा-
छलिएर– मलाई नराख– हे घृणा !!

म अघाउन– पाएको छु मैले छोड्न पाएकै छु
तेरो यातना मैले– बुझिसकेको छु
ए घृणा तँ कति प्यारो छस्· · ·
यी– असंख्य– मन- मनमा· · ·
तेरो विकास- मलाई- चाहिएन
ए फसाद् !
मेरो मार्गमा नआइज
मतिर नआइज- ए फसाद् !!
म अन्तै जान्छु· · ·
म अन्तै जान्छु· · ·

●

अन्तर्रव !

जति पौष्ट- पोषण ग्रहण गरे पनि
त्यो वनस्पतिलाई- सदा- बहार
सधैं तन्किने- सधैं बढिरहने पारिदियौ
तर मलाई- निश्चितताको घेरामा :
शरीर- उभ्याएर- पौष्ट- पोषण-
लिए बापत- क्षय गर्ने- ठाउँ- राखिदियौ
जति नै पनि- शक्ति लिए पनि
मेरो शरीर- फुटेन :
हा : प्रविधि- तिम्रो- यौवनको यौन
जीवन- त्यसबाट- नयाँ- नवीन

मेरो– शक्ति क्षय हुँदा- त्यो- मेरो- आनन्दको आँगन
मेरो ऋन्कार ?
तिमीलाई कहिलेकहीं; गाली गर्न मन लाग्छ
फेरि हाँसो उठ्छ· · ·

हे महाकवि यी कुरा लेख !
हे– विश्वकवि यी कुरा देख ! !
ऋट्ट– विभोको दर्शन !
यो देखिरहेको रञ्जन ! !
ए कवि तिमी चूप लाग;
नखोतल– सत्य; नखोतल !

ए कवि– तिमी मौन भएर– यता हेर ! !
अहो– यो– अन्तर्दृश्य ! !
अन्तर्रव· · ·

●

वहन–परिवहन !

तिमीले दिएको शक्तिलाई
म ठीकसँग– कसरी वहन गरूँ ?
तिमीले दिएका– तत्त्वलाई म
सबैतिर– कसरी सिञ्चित गरौं ??
मेरो परिवहन देखाऊ !
त्यसको परिमार्जन रूप देखाऊ ! !
तिमीले– दिएर– मात्र हुन्छ ?

त्यो राख्न– सक्ने नपोखिने–
नटुङ्गिने नकुँडिने पात्र खोई ?
त्यो तिमीले दिएको अनमोल अमृत !

मेरो हिलो हात भासिएको शरीर
शिरमा बोझा, घाँटी अररिएको
हेर यो– प्रकृति– प्रकोप !
मेरो– शिथिल– शरीर !

म यसको- कसरी वहन गरूँ ?
म यसको कसरी रक्षा गरूँ ??
किन- दिएका- ए विभो- भनन !
मेरो लागि मात्र- दिएका- कि–
सबैको लागि– दिएका

मेरो लागि हो भने हात मुख थापें
यो अरूकै लागि हो· · · !
सुवर्ण पात्रमा देऊ !

म त्यही रूपमा– जनसमक्ष–
टक्याउन सकूँ– टक्याउन सकूँ

●

सल्लाह

तिमीसित, एउटा सल्लाह गर्न मन लाग्छ;
पार्थिव- र अपार्थिव- भन्ने सुन्छु--
मर- र अमर- भन्ने सुन्छु;
तिमीसित भेट गर्नु- कसरी- मैले- कैले?

तिमीसित- तिम्रो देशमा :
यो नश्वर देह लिएर; आउनु हुँदैन अरे;
तिमीले पनि तिम्रो त्यो अमरताको, रङ्ग जडेको
देह लिएर · · आउनु हुँदैन अरे- हो विभो !

ओहो– क्या गजबको
तिम्रो र मेरो दूरी यत्रो !
न त्यहाँको म देख्न- छाम्न सक्ने
न यहाँको तिमी भेट्न- भोग्न सक्ने !
विभो ! अब सल्लाह गरौं ल !
मलाई– यही- शरीर- लिएर आउन देऊ ल !!
तिमी पनि- त्यही देशको भेष लिएर
यहाँ आऊ ल !!!
आँखामा आँखा जुधाएर हेरौं !
के हेर्न नपाउनु र त्यस्तो ?
यहाँ हेर्न नपाइने के छ र त्यस्तो ?
छाम्न नपाइने– चाख्न-
खान नपाइने–
के छ र त्यस्तो !
गोप्य र गुह्य कुरा पनि· · · ! अनि
ओहो– तिमी उत्री त हेर !
यहाँ आएर छामी त हेर !!
म पनि छामिहेरौं त ?
तिम्रो रङ्ग– ढङ्गको दिव्य शरीर !
मेरो दिनै– मरिरहेको– क्षीनो शरीर
विभो ! तिम्रो देशको ओजन कस्तो छ ?
अलिकति चाखिहेर हाम्रो देशको भोजन कस्तो छ ?
हे ! यो कुरो जच्यो ? यो सल्लाह कस्तो
यो सल्लाह कस्तो भो ??

ओहो !

ओहो- म अऊँ नबुझदो
मेरो मगजमा : रोशनी आएर
लागेर- ढाकिएर- देखिदा पनि, म अऊँ प्रश्न गरिरहँदो
म उद्‌गम– यो कुण्ड–, कहाँबाट भरिएको
म अऊँ नबुझदो–, ओहो ! म अऊँ प्रश्न गरिरहँदो !
अविरल वहिरहने, रिक्ततामा नटुङ्गिने;
द्रौपदीको साडी- दुःशासनको तनाई कैं
वालीको देखिदा आधा शक्ति खिचिए कैं,
कृष्णको बाँसुरीको ध्वनि !
गोपीनीको प्रेमको लहर; यो मेरो भाव कुण्ड
ताराको चमक कैं; धिप्‌धिप् कुण्ड–
भएर– देखिएर– घुर्दा पनि–
ओहो- म अऊँ नबुझदो
आहा ! म अऊँ प्रश्न गर्दो ! !
ममा– आकार र साकारका, सुन्दर सजीव- महलका मूर्तिहरू !
मडारिदै- लहरिदै- मेरो दृष्टिमा–, देखिन आउँछन्
टेलिभिजनमा चित्र उत्रिए कैं
भिडियोका- दर्शक एकत्रित भए कैं
नजोडिएर पनि जोडिए कैं
विभो- जोडिएर पनि नजोडिए कैं
ओहो– आज प्रत्यक्ष प्रमाण भो !
मेरो मगजमा रोशनी आएर–
लागेर– ठोकिएर- देखिदा पनि;
ओहो- म अऊँ वरालिदो !
ओहो म अऊँ- नबुझदो ! !

●

जीवन–गाथा !

एकातिर मलाई, यो संसारको विधान
र नीतिले; च्वास्स– च्वास्स; सियाले छेडे जसरी
घोचिरहेको हुन्छ; घोचिरहेको हुन्छ :
अर्कातिर यसो हेर्छु– संसार
प्रकृति– सुन्दर– फूल– नीला वृक्ष
सागर वालगला- चरा- गान : लाली– हरियाली–
यसले मलाई ऋट्ट तान्दै ध्वनिमा
म निद्रावाट– हुर्दुराएर- ब्यूँझन्छु :
प्रफुल्लित भएर, म यस अनायासको पर्दामा !
दिनै मर्दै– गएको : धस्सिदै गएको;
खिइदै गएको : सुक्तै गएको–, झर्दै गएको : वग्दै गएकोले–
मलाई कहिले कहिले, मूर्छा वनाएर विवश तुल्याएर
विभो ! तिम्रो वाटो– मुख ताक्दो !
निराश भएर ढल्किदो;
फेरि निद्रामा पर्दा– नौला नौला
जगत् छाम्दा : सपनामा रमाउँछु
के के समाउँछु : संसार भुल्दै– भुल्दै · · ·
आज उठेर दुःखलाई चपाएर
सुखलाई समाएर, मलाई गीत गाउन
जल तरङ्ग झैं तरङ्गिन, यहाँकी लाली सुन्दरासित · ·
मुस्कुराउन कतै सुभाषिदै– चुम्वन गर्न
अहो मेरो आँखामा; प्रेमको रास– झिल्ल झिल्ल
उत्कण्ठा ? व्यञ्जनाको सितार !
अहो मलाई एकातिर त्यस्तो · ·
अर्कातिर कस्तो कस्तो · · ?

●

भुलिसकेको छु

तिम्रो त्यो पूर्ण– धामको सुख–
भुलिसकेछु– विभो !···
यहाँको दुःख दारुण्यले पेल्दै !
यहाँको पीर र प्रहारले– पेल्दै !!
मेरो चेत अर्कै भैसकेको छ
मेरो– वानी बेहोरा अर्कै भैसकेको छ
विभो ! तिमीले त जानेकै रहेछौ नि !
यो अज्ञानको प्रभाव !

अब म के भनौं र :
न म भनी नै सक्छु; यहाँका विषाद कथा !
भोगे जति देखे जति :
न तिमी सुनी नै सक्छौ– गुजमुजिएका–

गज्याँङगुजुँङ- मुर्मुरिएका-
गिर्खा परेका– वृत्तान्त व्यथा !

त्यताको- त्यो- प्रकाशको
आभास ! मेरो सबै हराएर
म यतै– कतै विलाएर– विभो यो फीकापनको

बयान म के गरूँ ?
म के भनूँ–
यो जडताको जडानमा !

तैपनि मलाई उही- वस्तुको छाया-
त्यसैको कल्पना गर्दै; नक्कल गर्दै
भित्र खोज गर्छ;

बेला- बेला कुट्ट कुल्का आँखा· · · पर्छ
त्यसै दिव्य- पूर्ण- प्रकाशको !

सौन्दर्यमा कल्पनामा- दृष्टिमा
इच्छामा- अनुभूतिमा !

अक्षर ब्रह्मको बालपनमा कुँ
त्यो कस्तो स्वादको छ

एक पल्ट मेरा जिब्रमा
मनमा : तनमा : स्पर्श गर्न पाऊँ !
अरूलाई पनि चखाउन पाऊँ ! !

तिम्रो त्यो चिदाकाशको प्रकाश
तिम्रो त्यो रसैरसको प्रसाद ! !

मैले त्यो भुलिसकेको छु !
मैले· · · भुलिसकेको छु ! !

उज्यालोसँग लाग्छ

लाग्छ; तिम्रो उज्यालोसँग
अपरिचित भए पनि
तिम्रो उज्यालोबाट को विमुख–
भएको होला ?
तिम्रा कर- कमलबाट खटाएर;
भाग विभागबाट खुट्याएर; छुट्याएर;
जडता र अज्ञानको पोको
भए जति जम्मै यतै थपिदियो;
तब– मान्छे– कसरी जडवादी नबनून् ?
हे महामति ! यो राम्ररी विचार गर त !

यहाँ सोह्रै आना यिनको मात्र भूल जस्तो लागेन;
विभो यो कुरो जँचेन !
कठैवरा- विचरा- सधैं दुःखको शूलमा !

शरीर- यहाँ लिएर जिउनुपर्दैछ;
शरीर नै- सर्वस्व ठानेर जीवन मानिदैछ;

यस हिसावले कसरी नपत्याऊन्
जो तिनी भोगिरहेका छन्

जो म देखिरहेको छु !

तिम्रो नीतिलाई सच्याए
पूरै पुगिहाल्ने थियो, पूरै ठीक हुने थियो ! !

हे महामति ! यो मेरो कुमति- भण्डारमा
इन्द्रिय वश नगरी; यो दुनियाँ नविर्सी
तिमी देखिदैनौ अरे !

अहो ! तिमी कति नगीच नबुझिने !
कसरी सकून् मान्छेले;

यो जटिल र महान् कार्य !

तिमीले सहजको विधान बनाएका छौ,

लौ हैन भन त !···
मोह ममता- प्रकृति रस !

तिमीलाई कसरी प्राप्त गर्ने ?

हे महाविभो !

लाग्छ; कतै- कतै- कुतकुती
तिम्रो··· उज्यालोसँग !

●

उत्तरदायित्व !

म त जे गर्नुपरे पनि– तिमी नै सित
म त जे गर्नुपरे पनि– तिमी नै सित !
यहाँका दुःखी मानिससित
मैले के लिनु– उनले के दिनु;
विभो ! मैले बुझन नपाउनु ?
मैले फेंद समाउन नपाउनु ?
मैले सत्य हेर्न नपाउनु ?
अहो ! सत्य र रहस्य– मेरो जीवनमा !
यो जलपदार पर्दामा !···
मोह– ममताले पूर्ण भरिएको
अरूलाई दिइए ऊँ उही ढङ्गको
विभो म केमा विशेष !···
नदेखाऊ सत्य : म ढिपी गर्न चाहन्न
मैले मात्र हेरेर के गर्नु ?
हत्तेरी···कस्तो देखाइहालेका ?
स्वात्त– पर्दा खोलेर···ओहो ?
···सिरिङ्ग पारेर झस्काउन ?
अर्कातिर हेर्छु···देख्छु···तिम्रो सत्य
तिम्रो छेउमा जान आँट आउँदैन
मेरा मागले त्यति तीव्रता ल्याएको छैन
मलाई- तिम्रो- परिणामको- प्राङ्गणमा–
उपस्थित हुन त्यति···के·के···के·के···पुगेको छैन
किन पुगेको छैन ? त्यति मलाई पनि थाहा छैन !
लाग्छ; यस्तो !- कस्तो- कस्तो ए विभो !
यो समग्र उत्तरदायित्व के हो !!

●

पूर्ण मौका !

यो रात सुनसान–
आकाशमा ताराहरू– ढकमक्क मतिर हेरिरहेका
समुद्र नीलो बनेर देखिन्छ
सेता वादल यसमा शयन गर्दैछ
यो सुनसान रातमा !
मेरा गीत संगीत खुल्ला छन्
यो- निर्जन आकाशमा !···
फैलिन्छन्, मेरा आवाज
यो आकाशमा ठोकिंदै ताराहरू सुन्दै–
यहाँ कतै कल्याङकुलुङ छैन :
यहाँ कतै- सजीव- जागृत छैन :
हे मन- कति गाउँछस्- नीरव रातमा
यो स्वतन्त्र आकाशभरि !
त्यो पराकाश- भरि !! हे मन···
यो वादलमा सुषुप्त- आत्मा छन् :
यो समुद्रमा- प्राणी छन्
गा- न- गा जति गाउन सक्छस्;
यही हो– गाउने- भज्ने- ठाउँ !
धीत मर्ने गरी···
यहाँ चन्द्रमा पनि छैनन्
हावा पनि निस्तब्धमा थुप्रिएका छन्
यो सुनसान- टापुमा वसेर !
कति गाउँछस् यो मौकामा
यो सुनसान रातमा–

●

अदृश्य पखेटा !

विभो ! तिमीले दिएका पखेटा
मलाई फुकाउन धक लाग्छ; कता– कता शक लाग्छ;
मलाई मेरै पखेटाको रहर लाग्छ
तिमीले दिएको त मेरै भयो
फेरि म मेरा पखेटाको कल्पना गर्दो !
न तिम्रा पखेटा; तिमीलाई दिन सकें;
न मेरा पखेटा- यहाँ लिन नै सकें !!
मेरो कस्तो स्थिति !
मेरो कस्तो गति– कस्तो मति ? हे संगति···!

यो के-को प्रभाव हो :
न कसैले– तिम्रो पखेटा चिन्न सक्दो;
न कोही पखेटा विना नै उड्न सक्दो;
यो बुझे र पनि म अझै पङ्ख खोल्दिनँ
पखेटा- म खोल्दिनँ म खोल्न···
तिम्रो चङ्चाई– मैले कहाँ बुझन सकें र ?
अहो– उद्भिद्- कीट- पतङ्ग- जूनकीरी
उड्ने चरा चिरिबिरी !
म उड्न- पखेटा खोल्न सकिनँ
अहो कट्टू– स्फुरण भयो !
म यहाँ उड्न सके- मेरो मन यति वेगवान्
हुने थिएन- हुने थिएन- यो मेरो मन :
मेरो आत्मामा- तिम्रो छाप देखिनँ !
महा-मण्डल : चिदाकाश प्रकाश-
कहाँ हुन्थ्यो र कहाँ पुग्थ्यो र ?
विभो ! यी मेरा अदृश्य पखेटा !

●

कसरी

म कसरी चूप लागेर
सन्तोष- मानेर- बस्न सकौं
सम्भावना- के हुन्छ ? विभो !
यसमा जवाफ के छ ?
यो चकाचुली र क्षणभङ्गुर-
मायावी- दुनियाँमा
क्षण- क्षणमा बदलिने लीलामा ;
म खुस्किदै फुरेपछि ;
म कसरी नभक्कानियूँ ?
यो विषमा चुर्लुम्म डुबेपछि ;
चहन्याउँदा- छट्पटी हुँदा- कसरी म
सहन सकूँ- लू भन ? म कसरी सन्तोष

तिमीले जे अह्रायौ- म त्यही गर्दैछु :
अह्राएका थिएनौ : मैले बिराएँ !

यहाँ मलाई सन्तोष मानेर
बस्ने ठाउँ रहेन !
यो- स्वीकार गर- या- तिमी- जेसुकै गर
नहान मलाई सन्तोषको बाण नहान !

जहाँको त्यहीं थेचार्न ! जहाँको त्यहीं थेग्रिन
असन्तोष जन्माउन

अहो- मलाई- अघि-
आएर- सन्तोषी- जीवनमा;
घच्घच्याए- छौ म विच्किसकेछु;
म बिथोलिई- सकेछु;

टुङ्गामा नपुगे पनि !
अनि- तिम्रा बिथोलिने-
वाणी- सुन्दै · · ·

म कुन् · · · अर्घ · · · पागल कुँ · · ·
म कुन् · · · असन्तोषी हुँदै · · · भोको हुँदै-
तिम्रो- वाणी पिएँ !
म आज- तिमीलाई हेर्दैछु !

यहाँ- कता- कता सास फेर्दैछु !
ए विभो ! मेरो असन्तोषको
आगो- सल्किसक्यो ?
म कसरी चूप लागेर बस्न सकूं-
बस्न सकूं !!-

●

उही रूपमा !

यहाँ– आफ्ना– आफ्नै संसारमा
म दर्शकको– रूपमा उभिएको छु··· म दर्शक
तिम्रो जलपदार; मर संसारै भए पनि
जीवित– अनन्त जातको यो संसार
म हेर्दै– यहाँ– बसिरहेको छु– !
यहाँ गोड्दै··· दर्शकको रूपमा··· म···
मलाई भुल्याउन फुक्याउन नै हो कि ?
के हो– यहाँ– हरेक– प्रजातिले
आ- आफ्नो– संसार सह्यारेको ?
तिम्रो– मिलन– सुरक्षित– सुललित ।
सु–सज्जित– बान्की– ढाँचा– रङ्ग–
सबैलाई कायम गरेर···अहो !···
तिम्रो– विभागीय अङ्गको रोमाञ्चकारी– प्रभावकारी
रोचक- हास्य- संसार- चलिरहेको– ए विभो !
यहाँ हेर्दा हेर्दै व्यंग्य जन्मिदो हरेक संसारको आफ्नो–आफ्नो
लक्ष्य– चिन्तन– जन्म– जीवको ः
न यो मेरो– अध्ययनको विषय भो ?
मैले छोडी सकें यो; भण्डार- संसार !!
म दर्शकको रूपमा मात्र···
उपस्थित भएर– त्यतातिर हेरिरहेको छु;
कति व्यंग्य छ यो हार ? कति विरोधी– यो संसार ?
अस्तित्वमा; अनि के के मा··· अनि ?
अहो यी सबै निचोडमा···?
अन्त्यमा– यो संसारमा ऊ भण्डारमा !
विभो ! म जेसुकै भने पनि म उही रूपमा–उही रूपमा···!

●

प्राणको सन्देश

म कसैका कुरा सुनेर
तिमीसित– कुरा गर्न, घुर्की लाउन; आएको हैन;
म किन आएको हुँ; धाएको हुँ !
न त तिमी– मूर्ख र- कठोर नै छौ-
मैले तिमीसित- अज्ञातहरूलाई
सुनाए ऊँ; दुःख विसाऊँ किन ?
हे मेरा- विभो ! मैले मौन रहन बेस हो ?
म त्यसै आएको हैन, म त्यसै आएको हैन;
कहाली लाग्छ तिम्रो- कहलिएको ईश्वरवादमा
तिम्रा भाग- विभागीय वादमा-
प्राणमा भय छ :

आत्मामा रोग छ; भोगको लठारामा
लठारिंदै- मलाई- मास्छ ?
मलाई मास्छ ??

हे ! म अगाध मायामा हुर्किएँ !
मलाई माया दिने- घेरै- घेरै थिए !!
मलाई माया खन्याएर, तिमीतिर-
वा- कतैतिर– गए- गए· · ·
अहिले मैले माया दिनुपर्दैछ
क्रमश : माया विलाए· ·

म एकलै- ऊर्ध्व मायामा, ठुण्डिएर बसेको छु· · ·
कम से कम तिमी कहिले- कहीं आएर
मेरो भयलाई चिन्नु पर्थ्यो !

विशाल- जालले जेलिएर- पेलिएर
मेरो शरीर के भो-
यो मेरो मनको आभामा
प्राणको सन्देश-
तिम्रै विभागद्वारा– तिमीतिरै–
पठाइरहेको छु; पठाइरहेको छु
विभो ! यो कसैका कुरा सुनेर–
यो सुनाउन भन्न सिकेको हैन :
यो कसैका कुरा सुनेर–
कसैलाई सिकाउन
यो ध्वनि निस्किएको हैन !
ध्वनि निकिलएको हैन !!

●

लोभले खायो !

म कति लोभी छु : सबैं लोभको–
विर्काले ढाकिएर वस्न रुचाउँछु;
म ढाकिएर वस्न– रुचाउँछु
भरसक : मेरो शरीर पनि कसैले–
नदेखोस् नदेखोस् !!
म कति लोभी छु; संसार कति लोभी छ :
त्यस- मध्ये म कुन् लोभी छु;
म किञ्चित् पनि चिमोटेर, कसैलाई दिन सक्तिनँ
म कत्ति पनि भाव ओकलेर
कसैलाई दिन सक्तिनँ
म सक्तै सक्तिनँ · · ·
म संसारको भाव- धन तानेर
रङ्ग रूप चोरेर, मेरो आँखामा अटाउँछु;
संसारको तत्त्व जति मेरै शरीरमा--
लुकाउँदै- पेवा बनाउन खोज्ने
म कति लोभी !
संसारमा प्राप्त ज्ञान, मेरै मगजको भण्डारमा
सञ्चित गरेर त्यसै कुहाएर
वरु त्यसै खेर जान दिन्छु;
तर म प्रकाशन- दान- परिवहन रुचाउँदिनँ
रुचाउँदिनँ- म लोभी ! लोभी !!
मलाई किन– हन- यसको लालसाले
खायो ! सतायो !! सतायो– समायो !!!
ए विभो ! यो किन आयो ?
ए विभो यो किन आयो ??

●

ए ! म- व्यापकतामा ?

आराम चाहन्न म आराम चाहन्न, कहिलेकहीं- हिंड्दाहिंड्दै–
गोडा- गलेर- खत्रक्क- हुन्छन्
शरीर- खाइएर– मुर्मुरिएर भूईंमा लपेटिन्छ
मलाई- त्यति बोध हुँदैन···
मलाई के हुँदैछ– यो- विराममा···
तल छङ्गाछूर- चूर- चूर- विछ्याइएका :
मलाई– छेड्न– माथि– शूलहरू- वर्षिरहेका :
मेरो– शरीर- चल्दैन , मेरो शरीर चल्दैन केही चल्दैन
विभो ? यो शर– शरीरमा बिऊन दिऊँ ?
तिम्रै –आदेश हो– थकित देह जिम्मा दिऊँ ??
यो- आत्मा पनि– तिमीलाई जिम्मा दिऊँ ?
मन– बुद्धि– हरू कसलाई जिम्मा दिऊँ ??
यही- दाता– प्रमाता– विधातालाई दिऊँ !
हेर्दैछु- शूल आयो त्रिशूल भयो···
तल धरती चिरिन थाल्यो हा छङ्गाछूर !
तल समुद्रमा श्वेत : बादल !
समुद्र हल्लिदैछन् हाँस्तैछन् मुखभरि
फिज लिएर यो नीरव रात···
यो महाप्रलय यो सबै आकाश :
निराकार : ए यो फेरि···
आकार र साकारतिर ?
उज्यालो चिदाकाशतिर ! ए···हो···
सबै खुल्ला नीला टुक्राकार द्वार !
हा : यी अङ्ग रङ्ग कता हराए ! कता गए ??
के भयो- यो पृथ्वी ! म कहाँ आएँ ??

●

आज उष्णताले

आज उष्णताले मेरो शरीर
लप्लपी भिजेको छ मेरो शरीर !
मेरा शरीरका प्वालबाट जलधारा
बहिरहेको छ; आज उष्णताले···

मेरो शरीर नरम भएको छ आज उष्णताले···
यो विधान कस्तो कस्तो
जति- चीसो चीसो हुँदो
उति– कड़ा र फुस्रो ! मेरो शरीर···
कठिने कड़ा र फुस्रो हुने···

यो उल्टा विधानले मलाई
पानी पानी बनाएर बगायो ए विभो···!
बाफ बारियो : यस जगत्मा
अरे··· आत्मालाई पनि तताय़ो

मेरो- आत्मा- छिड़बाट- छिरेर जाने भयो
अब जाने भयो ! रोकिएर नबसी :

यो- आकाशमा : तातेर घुमेका
असंख्य– म जस्तै- घुम्दैछन्···
यो उल्टा विधानको चक्रमा
यो उल्टा– परिधानको वक्रमा

यसलाई काट्न सक्ने; ममा शक्ति दिनुपर्‍यो
मेरो शरीरबाट बग्दैछ : भाग्दैछ
यो उष्णताले– उँभो– उँभोतिर···
हे डेरा··· हे घेरा !!
आज उष्णताले मेरो शरीर !

●

होनहार ! हार !!

मलाई- तिमी भए ठाउँ ल्याउने–
एउटा- तत्त्व छ- जो तिमीले जानेकै छ :
त्यसले- मेरो लागि- ठूलो काम गरेको छ :
होनहार गरेको छ :
तिमीलाई चिह्नाउनमा मद्दत पुऱ्याएको छ
सांसारिक- सुख- भोग विलासवाट वञ्चित
मुक्त गराएको छ· · ·
मेरो- मनलाई हृदयलाई झकाझोर पारेर
के भनौं र– विचलित- व्यथित वनाएर
मलाई यहाँ– फीका तुल्याएर, तिमीतिर खेदाएको छ,· · ·
विभो ! यो मेरो मगज- सेतो· · · कागज जस्तो भो !
पहिला म यसमा– साह्रै - दुःखी थिएँ
यो- शरीरले- कष्ट- पीर सहँदा–
उदास– र निराशमा- डुवेको थिएँ
यो शरीरले यातना- पाउँदा-
अहिले- ठक्कर- चोट- प्रहारवाट
हार- भएर- विभो ! म एक्लै तिमीतिर
मनोरम विहार गर्न पुगें !
अव मलाई- फेरि- वासनाका- ज्वालाले-
पिल्स्याउन नसकोस् !
कामनाका ऊंकारले पछार्न नसकोस्
म तिमीसित- अनुरोध गर्छु !
यो- हात जोड्छु
त्यसको सुखले भन्दा
तिम्रै सुखले प्रभाव पारोस् !! मलाई

●

उडान र प्राप्ति !

म उडें– आज– यो धरतीवाट
म उडें उँभो- उँभो यो धरतीवाट
सबैका मुख हेर्दै- हेर्दै· · ·
कति सजिलै उचालियो- यो यान !
कति सजिलै बहँदो यो– यान ! !
हेर्दैछु- यो पृथ्वी यो वन वगान
आत्मा– जीव सबै हेर्दै– हेर्दै· · ·
हो- त हो- नयाँ नयाँ गगनहरू; देखिन थाले
ग्रह· · · तारा· · · नक्षत्र– नीला– रेखा
देखापर्न थाले– हो· · · त· · हो· · आज· · उडें !
ए- कस्ता– कस्ता गोलाकार
कतै– निराकार उस्तै– दुरुस्तै- हुरुरुर्र हो त हो· · ·
ए- यो अर्कै रङ्गको आकाश ?
धप्प– दिव्य कतै– कतै प्रकाश !
कतै– कतै आवरणका घेरा काट्तै
उचालियो यो यान !
कतै– कतै– आत्माहरू देखिन थाले–
हो त हो म देख्न थालें– आज- के- ले-
विभो ! म- अस्तिनैदेखि यही– आशा गरिरहेको थिएँ
आज पुग्नगो अहो !
आऊ यहाँ ढोका खुल्ला छ मलाई देखायो !
ढोका– नीला- बहुरत्नका !
रङ्ग- स्पष्ट हुन सकेन, म पस्न आटें !
भित्र– म जस्तै– सुकोमल समूह रहेछन्
ईशारा- म बुझ्दै· · · पस्न खोजें !
विभो; ध्वनि थियो !

त्यहाँबाट– ध्वनित भयो–
खै– तिम्रा– अङ्गसँग- साथी !
ऋट्ट– सम्झें– फेरि– पस्न सकिनँ ?
चन्द्रमणि– चेतनाका ध्वनि- धनी तिमी !
रोशनीको अक्षरवाट स्पष्ट !
अक्षरातीत हुँदै– विलायो···
त्यो– नीलो गगनमा···
····
घुमें यो मगनमा ?
तारतम्यको तार लिएर
जो थियो– त्यो लिएर–
ए विभो ! त्यो ब्रह्माण्ड नै
चिन्न नसकिने !
अहो ! अहो ! त्यो धरतीमा टेकिन !
अहो !··· त्यो धरतीमा टेकिन;

समाप्त

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

"प्रस्तुत कविता–सङ्गालोका
पता हुनुहुन्छ गौरादह निवासी
चन्द्रमणि प्रसाईंज्यू । झण्डै
र्ष पूर्व श्री ५ महाराजाधिराज
रको पूर्वाञ्चल विकास
सवारी भएको सुवर्ण
टामा आयोजित
भागीको रूपमा
एक भद्र र
पनि गएका
नाम चन्द्रमणि
रुचि कविता
ो चाल पाएको
परन्तु संयोग-
उक्त गौरवमय
वता सुनाउने
लाई मिलेन ।
नि वित्तानवित्तै
ति प्रदान गर्न
र्थी चन्द्रमणि
काव्य 'विभो'
धेरै सफल हुन
ही स्रष्टालाई
लो चुचुरामा
ग्नेछैन भनी
सजिलै अनुमान गर्न सकिन्छ ।

–प्रा० बालकृष्ण पोखरेल

Aco. No 17064
Class No 891.491 Book No PRA
Author प्रसाइ॰ चन्द्रमणि
Title विभो

Due on	Borrower's Name	Returned on

891.2491
PRA
17064

महेन्द्र संस्कृत विश्वविद्यालय
बाल्मीकि विद्यापीठ
पुस्तकालय

लेखक

प्रकाशित कृति– युग-ज्योति ! ख

अप्रकाशित कृति– प्रिय–प्राण! आत्म

चिन्तन र आत्मश

चिन्तनको संगाल

आत्मोत्सर्ग– खण्ड काव्य

तथा

संदेश–लघुकाव्य

...जति जति म कविता पढ्छु त्यति त्यति भावुकताको आढ्यता पाउँछु ! रसका मनोरम सिर्काहरू अमृत झैं चुहिएको पाउँछु । बौद्धिक कसरत पनि भेट्टाउँछु, प्राकृतिक कोमलता पनि स्पष्टिएको देख्छु ! मलाई लाग्छ –प्रसाईंजीमा साहित्यको बटबृक्ष झांगिने बीज सहजरूपमा प्रतिभासित रहेछ ! कविताको क्षेत्रमा तिमी कवि अथवा महाकवि हौ भनेर प्रमाणपत्र कसैले दिने गरेको मलाई थाहा छैन । तर पाठक तथा समालोचकले मने आफ्नो प्रिय कवि रुचिअनुसार चयन गर्दछ । प्रसाईंजी नयाँ प्रतिभा हुन् र यिनको सामाजिकता तथा आस्तिकता यस संग्रहमा प्रकट भएको छ । "युवा भनिने पुस्ताको प्रसाईंजी एउटा साहित्यिक प्रेणेता हुनेछन् जस्तो संभावना हेर्छु !".....

कविवर–सोमराज 'अक्षय'

आवरण पृष्ठ मुद्रक जोरगणेश प्रेस प्रा. लि. बालाजु, काठमाडौं